साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३० ✪ अङ्क ५० ✪ १७ पुस २०८०, मङ्गलबार ✪ 2 Jan., 2024, Tuesday ✪ मूल्य रू. १०।-

## खानेपानी शुद्ध भए रोगब्याधी कम हुने

भक्तपुर । लाकिला खोनपानी तथा सरसफाइ उपभोक्ता समितिको शनिबार दसौँ वार्षिक साधारणसभा सम्पन्न भयो ।

उक्त सभामा नेमकिपाका सचिव एवं सांसद प्रेम सुवालले शुद्ध खानेपानीको व्यवस्था गर्नु सरकारको दायित्व भएको उल्लेख गर्नुभयो ।

पानीकै कारण धेरै रोग लाग्ने हुँदा उपभोक्ता समितिले शुद्ध खानेपानीको व्यवस्था गर्नुपर्नेमा जोड दिँदै सांसद सुवालले घर आँगन, टोल सफा राख्न लगाउन जनतालाई शिक्षित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

शुद्ध खानेपानी र सरसफाइको महत्त्वबारे विद्यालय शिक्षादेखि बताउनुपर्ने आवश्यकता औँल्याउँदै सांसद सुवालले घरपरिवारको असमझदारी, झगडा र विवाद हुँदा बालबच्चाको मस्तिष्कमा नकारात्मक असर पर्ने उल्लेख गर्नुभयो ।

जाँड, रक्सी, चुरोटको खर्च केटाकेटीको स्वास्थ्य र शिक्षाको लागि पुग्नेतर्फ सबै अभिभावकहरू सचेत हुनुपर्ने चर्चा गर्दै सांसद सुवालले नयाँ पुस्ता लागुपदार्थमा नफस्ने बनाउन सरकारले आवश्यक कानुनी व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो ।

एक दुई जना स्रोत साधन सम्पन्न र धनी हुँदैमा समाज राम्रो नहुने उल्लेख गर्दै सांसद सुवालले सरकारको नेतृत्व बरोबर गर्ने तर देश र जनताको हितमा काम नगर्ने प्रधानमन्त्रीहरूको पछाडि नेपाली जनता लाग्न हुने स्पष्ट गर्नुभयो ।

प्रधानमन्त्री पुष्पकमल दाहालले पहिलो कार्यकालमा अनुभव लिएको, दोस्रो कार्यकालमा केही गर्न खोज्दा गर्न नदिएको आरोप लगाइयो तेस्रो कार्यकालमा काम गरी देखाउने भन्नुभएको एक वर्ष भयो, यो अवस्थामा देशको अर्थतन्त्र ध्वस्त भयो, सांसद सुवालले उल्लेख गर्नुभयो ।

सांसद सुवालले शिक्षा, स्वास्थ्य र रोजगारीको जिम्मेवारी नलिने प्रधानमन्त्रीहरूको औचित्य नहुने स्पष्ट गर्नुभयो ।

सांसद सुवालले एमसीसी सम्झौताको कारण नेपालमा पनि प्यालेस्टिन र युक्रेनमा जस्तो फासीवादी र साम्राज्यवादीहरूको युद्ध सामना गर्नुपर्ने खतरा बढेको उल्लेख गर्नुभयो ।

नेमकिपा चाँगु नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले स्वास्थ्य शिक्षा शिविर, पाठेघर र स्तन क्यान्सरसम्बन्धी शिविर सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउँदै सरसफाइ कार्यक्रम सञ्चालन गर्नुपर्छ भन्नुभयो । सभामा समितिका कोषाध्यक्ष कृष्णराम सुलुले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

सभा समितिका अध्यक्ष प्रेमबहादुर सुलुको सभापतित्वमा भएको थियो ।

## कम्युनिस्ट सिद्धान्तअनुसार काम नगरे पुँजीवादी नै हुने



कीर्तिपुर । "कम्युनिस्ट पार्टीको सरकारले कामदारवर्गको सेवा गर्छ; उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण गर्छ; योग्यताअनुसार काम र कामअनुसारको ज्याला देशभित्रै बन्दोबस्त गर्छ ।"

उक्त विचार नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले मङ्गलबार कीर्तिपुरमा आयोजित दसौँ नेपालभाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

उक्त सम्मेलनमा सचिव सुवालले पार्टीको नाउँ कम्युनिस्ट भए पनि कम्युनिस्टको सिद्धान्त र विचारअनुसार काम नगर्ने पार्टी पुँजीवादी पार्टी हुने विचार व्यक्त गर्दै उहाँले कम्युनिस्ट सरकारले शोषणको अन्त्य गर्ने बताउनुभयो ।

भ्रष्टाचारको नाउँमा सार्वजनिक संस्थान निजीकरण गर्ने या समर्थन गर्ने दल कम्युनिस्ट नहुने उल्लेख गर्दै उहाँले भन्नुभयो,"कम्युनिस्टले भ्रष्टाचारीहरूलाई जेलमा कोचेको हुन्छ । अत: भ्रष्टाचारीहरूले कम्युनिस्टको विरोध गर्छन् ।"

जनताका लेखक, कलाकार, साहित्यकारहरू जनतालाई शिक्षित गरी आमूल परिवर्तनको निम्ति अघि बढ्ने विश्वास व्यक्त गर्दै सांसद सुवालले भन्नुभयो, "इजरायली फासीवादले प्यालेस्टिनका लेखक, कवि, कलाकार, साहित्यकार, सङ्गीतकारलाई मार्दै छ, नेपालका लेखक, कवि, कलाकारले त्यसको विरोध गर्नु जरुरी छ ।"

सांसद सुवालले भन्नुभयो, "प्यालेस्टिनमा अस्पताल, स्कुल, कलेजको भवनमुनि हमासले सुरुङ बनायो भनेर इजरायली सरकारले बमबारी गर्नु जातीय नरसंहारकै सिलसिला हो । शत्रु अस्पतालभित्र पसे पनि बमबारी गर्न नपाउने अन्तर्राष्ट्रिय कानुनी व्यवस्था हो ।"

देशका प्रधानमन्त्री र मन्त्रीहरूसँग देश र जनताको सेवा गर्ने खाका नै नभएको स्पष्ट पार्दै सचिव सुवालले जनताले चुनावमा प्रम र मन्त्री बनेका पार्टीसँग पैसा र सामान लिने होइन, भोज खाने होइन, देश विकासको खाका सोध्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पटक पटक सिंहदरबारमा गएर देश र जनतालाई दु:ख दिने सत्तासीन दललाई जनताले विश्वास गर्न नहुने उल्लेख गर्दै उहाँले नेपालका नदीनाला र बिजुली भारतलाई दिएर सिंहदरबार कब्जा गर्ने दललाई नेपाली जनताले उदाङ्ग्याउनुपर्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "नेपालको ऋण २३ खर्बभन्दा बढी पुर्‍याउने र वर्षको ३ खर्बभन्दा बढी ब्याज तिर्नुपर्ने स्थिति ल्याएको सरकारलाई अब जनताले विश्वास गर्नु हुँदैन ।"

नेमकिपाका केन्द्रीय सदस्य एवं भनपाका प्रमुख सुनिल प्रजापतिले संविधानले समाजवादउन्मुख राज्यको कल्पना गरे पनि शासक दलहरूले पुँजीवादी विचारअनुसार काम गरिरहेको बताउनुभयो ।

शिक्षा र स्वास्थ्योपचार निजी क्षेत्रलाई जिम्मेवारी दिँदा सामुदादिक क्षेत्र कमजोर हुँदै गएको उल्लेख गर्दै उहाँले शिक्षा र स्वास्थ्य व्यापारीकरण भएकोले विद्यार्थीहरू विदेश पलायन भइरहेको बताउनुभयो ।

रोजगारीको अभावमा वर्षको लाखौँ युवाहरू बिदेसिनुमा शासक दलहरूले कलकारखाना निजीकरण गर्दाको परिणाम भएको चर्चा गर्दै उहाँले भन्नुभयो, "कृषिप्रधान देशमा कृषिजन्य वस्तु वर्षको खर्बौं रुपैयाँको आयात गर्ने परिस्थिति आउनु सरकारमा जाने दलहरूको असफलता हो ।"

उहाँले भन्नुभयो, "हाम्रो भाषा र संस्कृति हाम्रो पहिचान हो; यसको संरक्षण गर्नुपर्छ ।"

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले साहित्यले बहुमत जनताको सेवा गर्नुपर्ने चर्चा गर्दै जनताका साहित्यकारहरूले देशको समसामयिक विषयमा कथा, कविता लेखेर जनतालाई सुसूचित पार्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

स्थानीय ज्येष्ठ नागरिक एवम् समाजसेवी बेखालाल महर्जनले उद्घाटन गर्नुभएको सो सम्मेलनमा प्रा.डा. धर्मराज डंगोल, प्रा.डा. रामकृष्ण महर्जन, प्रा.डा. चन्द्रमान बज्राचार्य, प्रा. मदनगोपाल प्रधान, सम्पदाविद् कर्ण महर्जन, लोककवि राजभाइ नकर्मी, ख्वप अस्पतालका

***बाँकी पृष्ठ १२ मा***

## मार्क्सवाद, लेनिनवाद र माओ विचारधाराबाट प्रशिक्षित हुनु जरुरी



भक्तपुर । नेपाल क्रान्तिकारी किसान सङ्घ नगर समिति भक्तपुरको आयोजनामा शुक्रबार स्तालिन र माओ त्सेतुङको जन्मदिवस मनाइयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले नेमकिपा आफैँ एउटा विश्वविद्यालयजस्तै भएको धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, पार्टी कार्यकर्ताहरूले विश्वका क्रान्तिकारीहरूको जीवनी र मजदुर तथा कम्युनिस्ट आन्दोलनको इतिहास अध्ययन गरेर आफूलाई मार्क्सवादी-लेनिनवादी सिद्धान्तबाट प्रशिक्षित गर्नु जरुरी छ ।"

स्तालिन र माओ त्सेतुङ संसारका मजदुर, किसान र कामदारवर्गको गुरु भएको उल्लेख गर्दै उहाँले विद्यालय र विश्वविद्यालयका गुरुहरूसँग विद्यार्थीहरूले सिकेजस्तै कम्युनिस्ट पार्टीका कार्यकर्ताहरूले स्तालिन र माओबाट सिक्नु जरुरी भएको बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "चीनमा सन् १८५१ मा ताइपिङ किसान विद्रोह भयो; नेपालमा २००८-२००९ सालतिर किसान आन्दोलन भयो । चीनमा भन्दा नेपालमा एकसय वर्ष पछि किसान आन्दोलन भएको देखिन्छ । चीनमा सन् १९४९ को क्रान्तिले जमिनदारी प्रथा समाप्त भयो । नेपालमा बहुदल र गणतन्त्र आएको ३४ वर्ष भयो । तर, सामन्त र जमिनदारहरू शासक दलको संरक्षणमा छन् ।"

माओ त्सेतुङले विदेशी पुँजीका दलाल, सामन्त र जमिनदारहरू क्रान्तिको शत्रु हुने र मजदुर, किसान र कामदारवर्ग क्रान्तिको मित्र हुने वर्ग

***बाँकी पृष्ठ १२ मा***

## देशमा क्रान्तिकारी भूमिसुधार लागु नभएसम्म गरिब किसानका छोराछोरीहरू बिदेसिन बाध्य

बाँके । नेमकिपा बाँकेद्वारा १३० औँ माओ जयन्ती 'किसान सङ्घर्ष' प्रकाशनबारे एक अन्तरक्रिया कार्यक्रम गरी मनाइयो ।

बाँकेको कोहलपुरमा सम्पन्न भएको उक्त कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले काङ्ग्रेस, एमाले र माओवादीहरूले सैद्धान्तिक सङ्घर्षभन्दा पनि लोभलालच, डर र धम्की देखाएर जनतालाई प्रभाव पार्न खोज्ने भएकाले तिनका कार्यकर्ताहरूमा झन्झन् पुँजीवादी चिन्तन हाबी हुँदै गएको बताउनुभयो ।

उहाँले देशमा क्रान्तिकारी भूमिसुधार लागु नभएसम्म गरिब किसानका छोराछोरीहरू बिदेसिनुपर्ने बाध्यता नहट्ने भएकोले क्रान्तिकारी भूमिसुधार लागु गरी नेपालको परम्परागत कृषि प्रणालीमा परिवर्तन गर्नुपर्नेमा जोड दिनुभयो । किसानलाई मल, बीउबिजन, सिँचाइ, ढुवानी, बजार व्यवस्थापन र उत्पादनको उचित मूल्य निर्धारण गरिनुपर्ने विचार व्यक्त गर्दै उहाँले अन्नभण्डारको रूपमा परिचित तराई क्षेत्रमा शीतभण्डारहरू निर्माण गरी सिमानाका किसानलाई भारतको भर पर्नुपर्ने अवस्था अन्त्य गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेमकिपा बाँके जिल्ला समिति अध्यक्ष बखत थापाको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा उहाँले नेपालको किसान आन्दोलनमा पार्टीले खेलेको भूमिका, किसान हकहितको निम्ति पार्टीले गरेको सङ्घर्ष, किसान कार्यकर्ताको एकता र राजनीतिक शिक्षाको विषयमा प्रकाश पार्नुभएको थियो ।

पार्टी जिल्ला समिति उपाध्यक्ष गौरीकान्त आचार्य, नेमकिपा जुम्ला जिल्ला समिति सचिव राजेश्वर देवकोटा, पार्टी कोषाध्यक्ष डिल्ली पुन, सहसचिव सूर्जा थापालगायतले किसान सङ्घर्ष बुलेटिनबारे आआफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा पार्टी जिल्ला समिति सचिव नवीन शाही, पार्टी जिल्ला समिति सदस्य अन्जिरबहादुर शाही, हीराबहादुर शाही तथा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ बाँकेका संयोजक वीरबहादुर चौधरीलगायतले 'किसान सङ्घर्ष' बुलेटिनबारे आआफ्नो धारणा राख्नुभएको थियो ।

## बौद्ध बिहार चिनाउन भनपाद्वारा पदयात्रा

भक्तपुर । भक्तपुर नगरपालिकाको आयोजनामा भएको 'बहा बही चिनौँ, सम्पदा संरक्षण गरौँ' भन्ने नारासहित योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रा शनिबार भव्य कार्यक्रमबीच सम्पन्न भयो । भक्तपुर नपाले योमरी पुन्हीको अवसर पारेर नगरका विभिन्न क्षेत्रमा रहेका बहाबहीहरू अवलोकन गराउने उद्देश्यले योमरी उत्सव र सम्पदा पदयात्राको आयोजना गरेको हो ।

पदयात्रा सम्पन्न भएपछि गोल्मढीमा आयोजित समापन समारोहमा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले भक्तपुर नपाले नेपालभाषाबाट प्रकाशित गरेको 'प्रगतिशील भजन म्ये मुना' नामक पुस्तक विमोचन गर्नुभयो ।

उहाँले भन्नुभयो, "बेलायती यात्री ई.ए. पावेलले भक्तपुर नघुमेको यात्रीले विश्वको आधा भाग नघुमेजस्तै हुने बताएका थिए । यो भनाइले भक्तपुरको सांस्कृतिक सम्पदाको महत्त्व पुस्टि गरेको छ । पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति नयाँ पुस्ताको साझा सम्पत्ति हो ।"

सांसद सुवालले नेपाल मजदुर किसान पार्टीका अध्यक्षले २०५८ सालमा सांस्कृतिक नगर घोषणासम्बन्धी संसद्मा विधेयक दर्ता गराउनुभएको थियो; २२ वर्ष भयो, सरकारहरूले विधेयक पारित गरेनन्; सांस्कृतिक सम्पदा संरक्षण भए पर्यटन उद्योगसमेत प्रवर्द्धन गर्न मद्दत पुग्ने थियो भन्नुभयो ।

उहाँले भन्नुभयो, "ख्वप विश्वविद्यालयको विधेयक संसद्मा पुगेको ८ वर्ष भयो तर सरकारहरूले पारित गरेनन् । राणा शासनले जनतालाई नपढाई १०४ वर्षसम्म अन्धकार युगमा राखेको थियो । गणतन्त्रमा पनि त्यही भइरहेको छ ।"

"प्रधानमन्त्रीहरूसँग देश विकासको खाका नै छैन । प्रधानमन्त्रीहरूले आफ्ना छोराछोरीलाई हेर्ने होइन, देशभरिका जनताका छोराछोरीलाई हेर्नु जरुरी छ । जनताका छोराछोरीलाई राम्रोसँग नपढाई विदेशीसँग पैसा लिनको निम्ति पास गराउनु सरकारले जनतालाई धोका दिनु हो ।" सांसद सुवालले भन्नुभयो ।

"जनताका छोराछोरीलाई वैदेशिक रोजगारीमा पठाएर प्राप्त विप्रेषण रकमबाट भारतसँग दाल, चामल, तरकारी किन्नु सरकार जिम्मेवार नहुनु हो । सरकारले देशको सन्तुलित विकास गरी कृषिमा आत्मनिर्भर बनाउनु आवश्यक छ ।" उहाँले भन्नुभयो ।

उहाँले सबै भाषा र संस्कृतिका जनता मिलेर युद्धको विरोध गर्नु जरुरी छ; संसारमा इजरायल र अमेरिकाले प्यालेस्टिनमा गरेको जातीय नरसंहारको विरोध भइरहेको छ; नेपाल मजदुर किसान पार्टीले काठमाडौँ, काभ्रे, जुम्ला, दैलेख, कालीकोट, बाँके, कैलाली, भक्तपुर, ललितपुरलगायतका विभिन्न ठाउँ जुलुस र सभा गरी युद्धको विरोध गरेको छ भन्नुभयो ।

उहाँले संसारका धेरै बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देशमा सबै

***बाँकी पृष्ठ १२ मा***



*संसारमा साँच्चै नै विचार गरिने कुरा सद्‌विवेक हो र कम्युनिस्टहरू सद्‌विवेकी हुने कुरामा सबैभन्दा बढ्ता ध्यान दिन्छन् ।*

–माओ त्सेतुङ

## सम्पादकीय

# समाचार शीर्षकहरू र सरकार

हुन त संसदीय व्यवस्थामा सञ्चार माध्यमबाट सरकार र शासक दलहरूले जानकारी पाएपछि तत्काल सम्बन्धित हरेक विषयमा सम्बोधन गर्दै आएको गम्भीर पाठकहरूलाई थाहा छ । तर, नेपालमा सत्तापक्ष र प्रमुख प्रतिपक्षको यस प्रकारको संसदीय व्यवस्थाको मर्यादाबाट बेखबर छन् । संसद् चल्ने बेला सांसदहरूले उठाएका जनतासँग सरोकार राख्ने हरेक विषयमा सरकारले तत्काल सम्बोधन गर्ने प्रणाली महत्त्वपूर्ण कार्यशैली हो । निरङ्कुश र तानाशाही व्यवस्थामा जनतासँग सरोकारको विषयलाई ध्यान दिइँदैन । किनभने, तिनीहरू जनताका दमनकारी संस्था वा व्यक्तिहरू हुन्छन् भन्ने अर्थ लाग्छ ।

संसद्‌मा सत्ता पक्षका सांसदहरूले प्रतिपक्षका समर्थक र आफ्नै सरकारको आलोचना भइरहँदा बहुमतको त्यस विषय र प्रस्तावको पक्षमा मत देखियो भने प्रधानमन्त्रीले स्वेच्छाले राजीनामा दिनुपर्ने हुन्छ वा प्रतिपक्षले मतदानको माग गर्दा सभामुखले मतदानको घोषणा गरेमा मत परिणामअनुसार कारबाही अगाडि बढ्छ ।

हालैका समाचार पत्रहरूमा शासक दल 'नेपाली काङ्ग्रेस बैठकमा मन्त्रीहरूको चर्को आलोचना' भयो । *(नयाँ पत्रिका - १६ पुस, २०८०)*

अर्को समाचारमा लेखियो, 'काङ्ग्रेस केन्द्रीय समितिको निष्कर्ष सरकारले अपेक्षित परिणाम दिन सकेन' । *('नेपाल समाचारपत्र' - १६ पुस, २०८०)*

**सरकारको कार्यक्षमताबारे**

के स्वाभाविक विषय हो भने राजधानी हेरेर देशको योग्यताको पहिचान हुन्छ । राज्यमा भोलि के हुन्छ भन्ने अनुमान राजधानीका प्रचार संयन्त्रहरूबाट देशले थाहा पाउँछ । त्यस्तै, देशको स्वास्थ्य व्यवस्थाको नापो वीर अस्पतालले दिन्छ तर 'वीर अस्पतालको बेहाल' भन्दै राजधानीमा सरकारको उपस्थितिमै शङ्का लाग्ने समाचार छाप्यो । *('नागरिक' दैनिक, १३ पुस, २०८०)*

हुन त प्रजातन्त्रको पुन:स्थापनापछि वीर अस्पताल एउटा निश्चित शासक दलकै चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीहरूको प्रभाव छ । निश्चित दलको प्रभाव हुनुमा आश्चर्य छैन । तर, ती दलका समर्थकहरू इमानदारीपूर्वक स्वयंसेवकहरूले जस्तै काम गरेर देखाउनु आवश्यक छ । त्यसो नगरी आफ्नै मानिसहरूलाई मात्रै उपचार सेवा दिने र त्यही परम्परा चालु राख्ने हो भने अर्थात् पञ्चायती शैलीमै प्रजातन्त्रवादी र समाजवादीहरू चल्ने हो भने गणतन्त्र किन चाहियो भन्ने प्रश्न उठ्छ । यसमा सरकार मात्र दोषी होइन बरु प्रमुख प्रतिपक्ष दलले पनि आफ्नो कर्तव्य पूरा नगरेको ठहर्नेछ ।

'सेती अस्पतालमा सेवाग्राहीको चाप थेगिनसक्नु जनशक्ति बढेन' र '१२५ बेड स्वीकृत भए पनि बिरामीको चाप बढेपछि ३२० बेडमा विस्तार गरी उपचार सेवा' । *('नयाँ पत्रिका' - १६ पुस, २०८०)*

राम्रो समाचारसँगै बोकेको समाचारमा भन्छ, 'एक वर्षमा ३५८ बालबालिका र महिला बेपत्ता' के यस्ता विषयमा प्रदेश सरकार मूकदर्शक भएर बस्ने हो भन्ने प्रश्न उठ्दैन ?

'कुवेतमा २५ नेपाली अलपत्र, दूतावास भन्छ' र 'ध्यानाकर्षण भएको छ' । *('राजधानी' - १३ पुस, २०८०)*

सरकारले सम्झौताअनुसार नगर्ने म्यानपावर कम्पनीहरूलाई तत्काल कडाभन्दा कडा कारबाही गरी युवाहरूलाई क्षतिपूर्तिसमेत भराई कम्पनी दर्ता खारेज गरेमा मात्र नेपाली युवाहरूले दु:ख पाउने छैनन् ।

**पुन: सहकारीबाट जनता पीडित**

सहकारी संस्थाको मर्म नबुझ्ने र दु:ख नभोगेका माथिल्ला कर्मचारीहरू र सहकारी मन्त्रीहरूको संवेदनशीलता गैँडाको छाला जस्तो भएको हुनाले 'सहकारी सञ्चालकहरू' 'ठगी ऋणीहरू' ले गरिब जनताको रकम लिएर भाग्न सफल भएका छन् । सहकारीहरूमा केही करोड जम्मा हुनासाथ कृषिलाई सहयोगका साथै सहकारीमार्फत नै कुटीर व्यवसाय गर्ने र घरेलु उद्योगको बन्दोबस्त गर्ने प्रावधान सहकारीमा २० वर्षअगाडि नै राख्नुपर्नेमा सिंहदरबार मौन बस्दा हरेक दिन र हरेक हप्तामा सहकारीबाट जनता ठगिएको र उठेको अरबौं रकम विदेश पलायन भएको सरकार किन देख्दैनन् ।

सूर्यदर्शन सहकारी 'ठगी प्रकरण' मा '१९ हजार बचतकर्ता बिचल्ली' भन्ने शीर्षकमा जनताले दिएको विवरण छ । *('राजधानी' - १६ पुस, २०८०)*

# सरकारका प्रमहरूसँग देश विकासको खाका नै छैन

✍ **प्रेम सुवाल**

कम्युनिस्ट पार्टीको सरकारले कामदारवर्गको सेवा गर्छ; उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण गर्छ; योग्यताअनुसार काम र कामअनुसारको ज्याला देशभित्रै बन्दोबस्त गर्छ. शोषण गर्न नपाउने कानुन बनाउँछ ।

पार्टीको नाउँ कम्युनिस्ट भए पनि सरकारमा गएर कम्युनिस्टको सिद्धान्त र विचारअनुसार काम नगर्नेहरू पुँजीवादी पार्टी नै हुन् । भ्रष्टाचार भएको दाबी गरी सार्वजनिक संस्थान निजीकरण गर्ने या निजीकरणको समर्थन गर्ने दल कम्युनिस्ट हुनेछैन । कम्युनिस्टले भ्रष्टाचारीहरूलाई जेलमा कोचेको हुन्छ । यसकारण, पनि भ्रष्टाचारीहरूले कम्युनिस्टको विरोध गर्छन् । नेपालमा अहिले यही भइरहेको छ ।

साहित्यले अन्यायको विरुद्ध उठ्न जनतालाई सचेत बनाउँछ । जनताका लेखक, कलाकार, शिक्षक र साहित्यकारहरू जनतालाई शिक्षित गरी आमूल परिवर्तनको निम्ति अघि बढ्नु जरुरी छ । इजरायली फासीवादले प्यालेस्टिनका लेखक, कवि, कलाकार, साहित्यकार, सङ्गीतकारलाई मार्दै छ । नेपालका लेखक, कवि, कलाकारले प्यालेस्टिनीहरूको जातीय नरसंहार र कब्जाको विरोध गर्नु जरुरी छ ।

प्यालेस्टिनका अस्पताल, स्कूल, कलेजको भवनमुनि हमासले सुरुङ बनाएको आरोप लगाई इजरायली सरकारले गाजामा बमबारी गरेको भूमि कब्जा र जातीय नरसंहार नै हो । अस्पतालभित्र शत्रु पसे पनि बमबारी गर्न नपाउने अन्तर्राष्ट्रिय कानुनी व्यवस्था हो ।

नेपालका प्रधानमन्त्री र मन्त्रीहरूसँग देश र जनताको सेवा गर्ने खाका नै छैन । जनताले चुनावमा प्रम र मन्त्री बनेका पार्टीसँग पद, पैसा र सामान लिने होइन, देश विकासको खाका लिने हो । सरकारमा गएर विश्वासघात गरेका प्रम र मन्त्रीहरूको झूटा आश्वासनमा जनता पटक-पटक फस्नु हुँदैन ।

पटक पटक सिंहदरबारमा गएर देश र जनतालाई दु:ख दिने शासक दलका नेताहरूलाई जनताले विश्वास गर्नु हुँदैन । नेपालका नदीनाला र बिजुली भारतलाई दिएर सिंहदरबार कब्जा गर्ने शासक दललाई नेपाली जनताले उदाङ्ग्याउनु जरुरी छ ।

नेपालको ऋण २३ खर्बभन्दा बढी पुऱ्याउने र वर्षको ३ खर्बभन्दा बढी ब्याज तिर्नुपर्ने अवस्था आजसम्मका सरकारहरूले ल्याएका हुन् । जनताले यी शासक नेताहरूलाई विश्वास गर्नु हुँदैन ।

*(नेपाल भाषा साहित्य त:मुंज्या कीर्तिपुरको दशौँ सम्मेलन २०८० पौष १० गतेको कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले राख्नु भएको मन्तव्यको सार-सं)*




**राणा शासन गणतन्त्रमा पनि दोहोरिँदैछ किन ?**

संसारमा बहुभाषिक र बहुसांस्कृतिक देशहरू धेरै छन् । अधिकांश देशमा सबै भाषा र संस्कृतिका जनता एकआपसमा मिलेर बसेका छन् । नेपाल पनि सबै भाषा र संस्कृतिका जनता मिलेर बसेका छन् । फासीवादीहरूले नेपाली जनताबिच भाषा, संस्कृति, क्षेत्रबिच झगडा लगाउनेतर्फ सबै सचेत हुनु जरुरी छ ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्षज्यूले २०५८ सालमा सांस्कृतिक नगर घोषणासम्बन्धी विधेयक दर्ता गराउनुभएको थियो । २२ वर्ष भयो, सरकारहरूले यो विधेयक पारित गरेनन् । यो विधेयक पारित भएको भए सांस्कृतिक सम्पदा संरक्षण गर्न र पर्यटन उद्योग प्रवर्द्धन गर्न मद्दत पुग्ने थियो ।

ख्वप विश्वविद्यालयको विधेयक संसद्‌मा पुगेको पनि ८ वर्ष भयो तर त्यसयताका सरकारहरूले यो विधेयक पनि पारित गरेनन् । राणा शासनले जनतालाई पढ्न नदिई १०४ वर्षसम्म अन्धकार युगमा राखेको थियो । अहिले गणतन्त्रमा पनि त्यही दोहोरिरहेको छ ।

नेपालका प्रधानमन्त्रीहरूसँग देश विकासको खाका नभएको देखायो । प्रधानमन्त्रीहरूले आफ्ना छोराछोरीलाई हेर्ने होइन, देशभरिका जनताका छोराछोरीलाई हेर्नु जरुरी छ । जनताका छोराछोरीलाई राम्रोसँग पढ्न नदिने र विदेशीसँग पैसा लिनको निम्ति परीक्षामा अयोग्यलाई पनि पास गराउने सरकारले जनतालाई धोका दिएको हो ।

जनताका छोराछोरीलाई वैदेशिक रोजगारीमा पठाएर प्राप्त विप्रेषण रकमबाट भारतसँग दाल, चामल, तरकारी किन्नु सरकारहरूको अर्को देशघाती काम हो । सरकारले देशको सन्तुलित विकास गर्ने र कृषिमा आत्मनिर्भर बनाउने योजना बनाउनु जरुरी छ ।

बेलायती यात्री ई.ए. पावेलले भक्तपुर नघुमे विश्वको आधा भाग छुटाएजस्तै हुने बताएका थिए । यो भनाइले भक्तपुरको सांस्कृतिक सम्पदाको महत्त्व थप पुस्टि गरेको छ । पुर्खाले सिर्जेको हाम्रो कला र संस्कृति नयाँ पुस्ताको साझा सम्पत्ति हो । अहिले नेपालको सांस्कृतिक राजधानीको रूपमा भक्तपुर रहेको छ ।

सिङ्गापुरको सहर अवलोकनको बेला त्यहाँका पथप्रदर्शकले बुद्ध भारतमा जन्मेको बताए । हामीले बुद्ध नेपालको लुम्बिनीमा जन्मेको जानकारी गरायौँ । पथप्रदर्शकले नेपाल सरकारले सिङ्गापुर सरकारलाई भनेर त्यहाँको पथप्रदर्शक पुस्तकमा बुद्ध नेपालमा जन्मेको उल्लेख गर्न लगाउनुपर्ने बताए । हामीले नेपाल सरकारलाई उक्त व्यहोरा लेखेर जानकारी गरायौँ । तर, आजसम्मका सरकारहरूले सिङ्गापुरको पथप्रदर्शक पुस्तकमा बुद्ध नेपालमा जन्मेको लेखाउन सकेनन् । यस्ता सरकारहरूको औचित्य कसरी पुष्टि हुन्छ ?

पहिलो विश्व युद्ध र दोस्रो विश्व युद्धमा संसारका धेरै सम्पदाहरू ध्वस्त पारियो । बेलायतले भारतलाई २१० वर्ष उपनिवेश बनाउँदा पनि त्यहाँका धेरै सम्पदा विनाश गऱ्यो । अमेरिकाले कोरिया युद्ध र भियतनाम युद्धमा पनि त्यहाँका सम्पदाहरू नष्ट पाऱ्यो । कम्बोडियामा आक्रमण भएको बेला त्यहाँका धेरै बौद्ध सम्पदाहरू ध्वस्त पारिएको थियो । अफगानिस्तान, इराक, लिबियामा अमेरिकी आक्रमणको बेला पनि धेरै सम्पदाहरू विनाश गरियो ।

इजरायलले अमेरिकासँग हतियार लिएर प्यालेस्टाइनमा आक्रमण गरिरहेको छ । आक्रमणमा गाजापट्टीका धेरै मस्जिद, विद्यालय, कलेज, अस्पताल ध्वस्त भइरहेका छन् । अहिलेसम्म गाजाका २१,५०० प्यालेस्टिनी जनताले ज्यान गुमाउनुपऱ्यो भने ५५ हजारभन्दा बढी जनता घाइते भए । गाजाका ५० हजारभन्दा बढी गर्भवती महिलाहरू अहिले विचल्ली अवस्थामा छन् । त्यहाँ बिजुली, पानी, औषधी, खाद्यान्न केही छैन ।

इजरायल र अमेरिकाले प्यालेस्टिनमा गरेको जातीय नरसंहारको संसारभरि विरोध भइरहेको छ । नेपाल मजदुर किसान पार्टीले काठमाडौँ, काभ्रे, जुम्ला, दैलेख, कालीकोट, बाँके, कैलाली, भक्तपुर, ललितपुरलगायत जिल्लामा जुलुस र सभा गरी प्यालेस्टिनमा इजरायली फासीवादको जातीय नरसंहार र युद्धको विरोध गर्दै छ । सबै भाषा र संस्कृतिका जनता मिलेर युद्धको विरोध गर्नु जरुरी छ । अमेरिकी सरकारले चाहेमा इजरायलले प्यालेस्टाइनमा तत्काल आक्रमण रोक्ने छ ।

*(नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले २०८० पुस १४ गते भक्तपुर नगरपालिकाद्वारा आयोजित 'योमरी उत्सव र सम्पदा पदयात्रा'को समापन समारोह गोल्मढीमा राख्नुभएको मन्तव्यको सार-सं)*

# राजनीतिमा ठगहरूको प्रवेश बढेको त होइन ?




शुक्र

सरकारहरूले सहकारी संस्थालाई बैङ्कजस्तै चलाउन दिएको हुँदा बचतकर्ताको रकम ठगी बढेको हो । 'कान्तिपुर' दैनिकले सहकारी घोटालामा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवम् सांसद रवि लामिछानेको पनि प्रत्यक्ष संलग्नता भएको समाचार प्रकाशित गऱ्यो । ग्यालेक्सी टीभीका अध्यक्ष जीबी राई ठगका नाइके उल्लेख भयो ।

पोखराको सूर्यदर्शन सहकारीले १८ हजार ७ सय सर्वसाधारणको १ अर्ब ३५ करोड ५३ लाख रुपियाँ हिनामिना गरेको छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ । उक्त प्रतिवेदनअनुसार पोखरा महानगरपालिकाले दोषीलाई कारबाही गरेन । सो सहकारीको सदस्य नै नभएका रास्वपाका सभापति लामिछानेको नाममा १ करोड पेश्की दिइएको उल्लेख छ । सदस्य नै नभएको लामिछानेलाई सहकारीले के कामको लागि कसरी पेश्की दियो महानगरपालिकाले किन सोधखोज गरेन ? कृत्रिम खाता खडा गरी पेश्की फछ्र्यौट गरिएको भनियो तर सहकारीमा रकम जम्मा भएको देखिएन !

सहकारीका संस्थापक अध्यक्ष जीबी राईले ग्यालेक्सी टीभी चलाउन गोर्खा मिडिया नेटवर्कका नाममा पेश्की र ऋणसहित १० करोड लिएको समाचारमा उल्लेख छ । सहकारीले २०७९ साउनदेखि नै बचतकर्ताको सानो-तिनो बचत फिर्ता नगरेको र भदौदेखि नै सञ्चालक सम्पर्कविहिन भएको पनि बताइन्छ ।

बुटवलको सुप्रिम सहकारीको रकम पनि गोर्खा मिडिया नेटवर्कको खातामा सिधै रकम ट्रान्सफर भएको देखियो । ग्यालेक्सी टीभीमा कुनै लगानी नभएको भनिए पनि रास्वपाका सांसद लामिछानेले शेयर खरिदका लागि १ करोड रुपियाँ सुप्रिम सहकारीको खाताबबाट ग्लोबल आइएमई बैङ्कमा रहेको गोर्खा मिडिया नेटवर्कको खातामा ट्रान्सफर गरेको भेटियो । ग्यालेक्सी टीभीमा राईको ८५ प्रतिशत र लामिछानेको १५ प्रतिशत शेयर भएको बताइन्छ । समाचारअनुसार राई समूहले सहकारीको १ अर्ब १५ करोड रुपियाँ हिनामिना गरेको समाचार छ ।

राई र लामिछानेले चितवनको सहारा सहकारीको पनि ८४ करोड ९१ लाख १६ हजार ९ सय २२ रुपियाँ हिनामिना गरेको समाचारमा उल्लेख छ । सहारा सहकारीले गोर्खा मिडिया नेटवर्कको नाममा बिनाधितो ११ करोड ७१ लाख रुपियाँ लगानी गरेको बताइन्छ । सहकारीको यो ठगी काण्डसँगै राजनीतिमा ठगहरूको प्रवेश बढेको त होइन भन्ने प्रश्न उठ्यो ।

राई समूहले वीरगन्जमा सानो पाइला सहकारी, नेपालगञ्जमा समानता सहकारी, काठमाडौँमा स्वर्णलक्ष्मी सहकारी खोलेर हजारौँ बचतकर्ताको अर्बौं रुपियाँ ठगी गरेको बताइन्छ । ठगी धन्दा चलाएका राई समूहले सानो पाइला सहकारीबाट ८ सय बचतकर्ताको १ अर्ब ३५ करोड रुपियाँ हिनामिना गरेको र समानता सहकारीको डेढ करोड रुपियाँ हिनामिना गरेको तथा स्वर्णलक्ष्मी सहकारीको ३ अर्ब रुपियाँ हिनामिना गरेको समाचार छ ।

बुटवलस्थित सुप्रिम सहकारीका हालका अध्यक्षले सहकारीको खाताबाट विभिन्न कम्पनी र व्यक्तिका नाममा ट्रान्सफर भएको खाता रोक्का गर्न निवेदन दिँदासमेत प्रशासन र बैङ्कहरूबाट कुनै सुनुवाइ नभएको समाचार छ ।

सहकारी संस्था सरकारी निकायमा दर्ता गरेर सञ्चालन हुने भएकोले नियामक निकायमा नियमितरूपमा आर्थिक र अन्य विवरण बुझाउनुपर्दछ । प्रतिवेदनमा कुनै शङ्का लागेमा छानबिन गर्ने अधिकार नियामक निकायको हो । यो ठगीमा सहकारीका सञ्चालक र कर्मचारी, प्रशासनको मिलिमतो भएको र शासक दलका नेताहरूको संरक्षण भएको चर्चा छ ।

# प्रधानमन्त्रीको सम्बोधन : असफलताको स्वीकारोक्ति

✍ विवेक

प्रधानमन्त्री प्रचण्डले पुस १० गते नागरिकको नाउँमा सम्बोधन गर्दै घुमाउरो पाराले आफ्नो १ वर्षको कार्यकाल असफल भएको स्वीकारे । सरकारको नेतृत्व गरेको एक वर्ष पुगेको अवसरमा गरेको सम्बोधनमा उनले भने–'देशवासी सामु स्वीकार गर्दछु कि सरकार असफल त भएन, तर मेरो हुटहुटीअनुसारको परिणाम पनि आएन ।'

प्रचण्डले आफ्नो सम्बोधनमार्फत सरकारले अब विश्वविद्यालयमा राजनैतिक भागबण्डा नगर्ने, देशभित्र उत्पादन र रोजगारी बढाउने, शान्ति प्रक्रियाको बाँकी काम टुङ्ग्याउने, वैदेशिक रोजगारीमा जाने नागरिकलाई व्यवस्थित र मर्यादित बनाउने र अझ सजिलो बनाउनेलगायतका प्रतिबद्धता व्यक्त गरे ।

प्रचण्ड प्रधानमन्त्री भएको यो तेस्रो पटक हो । पहिलोपटक २०६५ सालमा र दोस्रो पटक २०७४ सालमा प्रधानमन्त्री हुँदा दुवै पटक उनले १ वर्ष कार्य गर्न पाएनन् । उनलाई बिचमै प्रधानमन्त्री पद छाड्नुपरेको पीडा थियो । यो पटक १ वर्ष पूरा गर्न पाएकोमा उनी निकै खुसी देखिन्थे । उनले आफ्नो १ वर्ष शासन कालको लामो फेहरिष्ट पेश गरे । तर उनको कुरा उनकै पछाडि बसेर ताली बजाउने आफ्नै लम्पट कार्यकर्ताले बाहेक अरूले पत्याउने अवस्था छैन । संसदमा ३२ सिट हासिल गरेर तेस्रो स्थानमा रहेको पार्टीले ठूला दलहरूलाई खेलाएर १ वर्ष सरकार टिकाउन भने उनलाई सफलता मिलेको छ ।

प्रचण्ड अझै केही समय सरकारमा टिकिरहने सङ्केत पनि देखिन्छ । नेकाभित्र सरकारको नेतृत्व परिवर्तनको कुरा जोडका साथ उठिरहेको छ । देउवा इतर पक्षले सरकारको नेतृत्व परिवर्तनको कुरा उठाए पनि पहिले भएको सहमति विपरीत जान देउवालाई त्यति सजिलो छैन । प्रचण्डले आफूले पद छोड्नु परे जुनसुकै कदम चाल्न सक्ने डर देउवालाई नहुने कुरा भएन । यसअघि प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा गठबन्धनबाट चुनाव लडेर पनि प्रधानमन्त्री प्रचण्डलाई नबनाउने नेकाको अडानपछि प्रचण्ड तत्काल ओलीकोमा गएर प्रधानमन्त्री बनेको कुरा देउवाले कहाँ बिर्सेका होलान् ? पदको लागि प्रचण्ड विचार र सिद्धान्त त्यागेर पनि जो सुकैलाई धोखा, बेइमानी, राजनैतिक अनैतिकता प्रदर्शन गर्न पछि नपर्ने एक चरम अवसरवादी भएको उनको व्यवहारले पुष्टि गरिसकेको छ । नत्र आफ्नो पार्टीलाई संसद्‌को तेस्रो दल बनाउन सहयोग गर्ने गठबन्धन दलहरूलाई धोका दिएर सरकार बनाउन एमालेको साथ लिने र सरकार गठनपछि तत्काल पुन: एमालेको साथ छोडेर नेकासहितको गठबन्धनमा सामेल हुने अनैतिकता उनले प्रदर्शन गर्ने थिएनन् ।

उनको १ वर्षको कार्यकालमा कुनै किसिमको आशालाग्दो काम हुन सकेन । केही विषयहरूको चर्चा गरौँ ।

**युवा बिदेसिने क्रम बढ्दो :**

गत आ.व. २०७९/८० मा सबभन्दा बढी युवाहरू रोजगारीको निम्ति विदेशिए । सरकारको अनुमति लिएर ८ लाख १० हजार युवाहरू बिदेसिएको तथ्याङ्क छ । ती युवाहरूमध्ये ८० प्रतिशत युवाहरू आफ्नो घरखेत बन्धक राखेर ऋण लिएर विदेसिएका हुन् । युवा जनशक्ति विदेश गएको कारण तराई र पहाडका जग्गा जमिन बाँझा छन् । के गाउँ के सहर अहिले युवाविहीन हुँदै छ । गाउँमा लास बोक्न युवाहरू नभएर महिलाले बोल्नुपर्ने अवस्था आएका समाचारहरू सार्वजनिक हुँदै छन् ।

रोजगारीको निम्ति विदेश गएका युवाहरू रुसी सेनामा भर्ना भएको र ७ जनाको मृत्यु भएको तथा अन्य केही युक्रेनी सेनाले बन्धक बनाएको कुराले नेपालीहरूको शिर निहुरिएको छ । प्रचण्ड स्वयंले २०० भन्दा बढी नेपाली युवा रुसी सेनामा भएको स्विकारेका छन् । के यो प्रचण्डको कार्यकालमा भएको होइन र ?

आफ्नो देशमा रोजगारी नपाएर विदेश जान हिँडेका २ युवालाई प्रधानमन्त्रीको सम्बोधनको २ दिनपछि नै हत्या गरियो । आफ्नो देशमा त रोजगारी दिन सकेन सकेन तर परिवार पाल्न विदेश जान खोज्दा पनि गोलीको सिकार हुनुपरेको घटना ताजै छ । प्रचण्डले सम्बोधनमार्फत वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउँदै अझ सजिलो बनाउने भनी गरेको प्रतिबद्धता दुई दिनमै झुटो सावित भयो ।

त्यसो त उनले सम्बोधनमार्फत पूर्वनिर्धारित कार्यक्रमबाहेक नजाने घोषणा गरेको भोलिपल्टै हेलिकप्टरबाट गोरखामा नातिनी भेट्न गएकोलाई लिएर पनि उनको निकै आलोचना भएको छ ।

**शिक्षा क्षेत्र धराशायी :**

गत आ.व. २०७९/८० मा स्नातक वा स्नातकोत्तर अध्ययनको लागि १ लाख १० हजार

*१२ कक्षासम्म नेपालमा पढ्ने त्यसपछि विदेश जाने लहर चलेको छ । अहिले प्रतिमहिना १० हजारभन्दा बढी विद्यार्थीहरूले नो अब्जेक्सन लेटर लिएर विद्यार्थीहरू बिदेसिएको शिक्षा मन्त्रालयले जनाएको छ । ती विदेशीने विद्यार्थीहरूको कारण वर्षको १ खर्बभन्दा बढी रकम बाहिरिने गरेको बताइन्छ । त्यसको मुख्य कारण यहाँ राम्रो पढाइ नहुनु, समयमा परीक्षा नलिनु, बन्द, हड्ताल, तोडफोड र आगजनी गरी समयमा परीक्षाफल प्रकाशित नगर्नु हो र पढाइ सकेपछि रोजगारीको सुनिश्चितता नहुनु अर्को मुख्य कारण हो । स्वास्थ्यसम्बन्धी शिक्षण संस्था सञ्चालन गर्न १०० शैय्याको आफ्नै अस्पताल हुनुपर्ने कानुनी व्यवस्थाले यो वर्ष २२८ वटा स्वास्थ्य शिक्षण संस्था बन्द हुने र विद्यार्थी अभावमा ५०० वटाभन्दा बढी कलेजहरू बन्द हुने अवस्था आएको छ । यसको जिम्मेवारी प्रचण्ड सरकारले लिने कि नलिने ?*

विद्यार्थीहरू बिदेसिएको रेकर्ड छ । यो अहिलेसम्मकै उच्च रहेको बताइन्छ । नेपालको शिक्षाप्रति विद्यार्थीको विश्वास जगाउन नसक्नु नै यसको मुख्य कारण हो ।

१२ कक्षासम्म नेपालमा पढ्ने त्यसपछि विदेश जाने लहर चलेको छ । अहिले प्रतिमहिना १० हजारभन्दा बढी विद्यार्थीहरूले नो अब्जेक्सन लेटर लिएर विद्यार्थीहरू बिदेसिएको शिक्षा मन्त्रालयले जनाएको छ । ती विदेशीने विद्यार्थीहरूको कारण वर्षको १ खर्बभन्दा बढी रकम बाहिरिने गरेको बताइन्छ । त्यसको मुख्य कारण यहाँ राम्रो पढाइ नहुनु, समयमा परीक्षा नलिनु, बन्द, हड्ताल, तोडफोड र आगजनी गरी समयमा परीक्षाफल प्रकाशित नगर्नु हो र पढाइ सकेपछि रोजगारीको सुनिश्चितता नहुनु अर्को मुख्य कारण हो । स्वास्थ्यसम्बन्धी शिक्षण संस्था सञ्चालन गर्न १०० शैय्याको आफ्नै अस्पताल हुनुपर्ने कानुनी व्यवस्थाले यो वर्ष २२८ वटा स्वास्थ्य शिक्षण संस्था बन्द हुने र विद्यार्थी अभावमा ५०० वटाभन्दा बढी कलेजहरू बन्द हुने अवस्था आएको छ । यसको जिम्मेवारी प्रचण्ड सरकारले लिने कि नलिने ?

**कृषि जन्य वस्तुमा बढ्दो परनिर्भरता :**

नेपाल कृषि प्रधान देश भएर पनि अन्न, तरकारी, मासु, फलफूलजस्ता कृषि जन्य पदार्थमा परनिर्भर हुँदै गएको छ । वार्षिक खरबौं रुपैयाँको कृषिजन्य पदार्थ आयात गर्नुपर्ने अवस्था आउनु निश्चय पनि बिडम्बनापूर्ण छ । २०३९/४० सालसम्म नेपाल अन्न, सरकारी निर्यात गर्ने देश थियो । आज गणतन्त्र स्थापनापछि दाल, चामल, तरकारी, माछामासु समेतमा देश परनिर्भर हुँदै गएको छ । भारतले चामल, चिनी, गहुँ, प्याज नपठाउँदा नेपालीहरू भोकै पर्ने अवस्था आएको छ । । नेपालको तरकारी, दूध नबिकेर सडकमा फाल्नुपर्ने अवस्था कसरी आयो ? यो अवस्था आउनुमा के प्रचण्ड सरकार जिम्मेवार छैन ?

**वैदेशिक ऋणको भार थपिँदै जानु :**

एउटा शिशु जन्मिने बित्तिकै ६०/७० हजारको ऋण बोक्नुपर्ने अवस्थामा देशलाई कसले पुऱ्यायो ? १७ खर्ब वार्षिक बजेट भएको देशको वैदेशिक ऋण २३ खर्ब नाघिसकेको छ । हरेक वर्ष ३ खर्ब साँवा ब्याज बुझाउनुपर्ने बाध्यता सरकारसँग छ । नेपालमा राजश्व उठेको चालू पुँजीलाई पनि नपुग्ने अवस्था छ । नेपाल विश्व बैङ्क, एसियाली विकास बैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषको ऋण पासोमा फस्दै गएको छ । त्यसबाट उम्कन सक्ने सम्भावना पनि देखिँदैन । रेमिट्यान्स नै देशको अर्थतन्त्रको आधार बनेको छ । त्यो कुनै पनि बेला रेमिट्यान्स बन्द भयो भने नेपालीहरू भोकभोकै मर्नुपर्ने दिन नआउला भन्न सकिन्न । अर्थतन्त्रको अर्को आधार पर्यटन पनि राम्रो फस्टाउन सकेको छैन । विभिन्न देशमा हुने युद्धले पर्यटनमा पनि असर पर्न सक्ने भएको हुँदा वैदेशिक ऋण घट्ने देखिँदैन । देशको अर्थतन्त्र टाट पल्टिने दिशामा अघि बढ्दै छ । कुनै पनि बेला श्रीलङ्काको स्थिति आएमा आश्चर्य मान्नुपर्ने छैन ।

**विद्युत विकासबारे :**

प्रचण्डले आफ्नो सम्बोधनमा विद्युत् विकासको अति धेरै बढाइचढाइ गरेका छन् । उनले आजभन्दा १६ वर्षअघि आफ्नो पार्टीले जारी गरेको प्रतिबद्धतापत्रमा ३ वर्षमा लोडसेडिङ मुक्त गर्ने, १० वर्षमा १० हजार मेघावाट बिजुली निकाल्ने र १० वर्षमा सबै गाउँ बस्तीमा बिजुली पुर्याउने उल्लेख छ *(प्रतिबद्धतापत्र पेज ३६)*।

यस अवधिमा माओवादी नेतृत्वमा ४ वटा सरकार गठन भयो भने सबैभन्दा बढी सरकार चलाउने पार्टी पनि माओवादी नै हो । अझै धेरै गाउँहरूमा बिजुली पुगेको छैन । यसरी जनतालाई झुटो आश्वासन दिँदै सरकारमा बसिरहनु त लाज लाग्नुपर्ने हो । नाङ्गो नाचे हजार दाउका ठेकेदारहरूलाई कहिल्यै लाजले छुँदैन ।

**भूकम्प पीडितहरूको बिचल्ली :**

२०८० कार्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु भई गएको भूकम्पले धेरै जनधनको क्षति भयो । प्रधानमन्त्री प्रचण्ड सोही दिन भूकम्पग्रस्त क्षेत्रमा गएर तदारुकता देखाए । तर, अहिलेसम्म अस्थायी टहरासम्म बनाउन नसक्दा भूकम्पमा बाँचेका ३ दर्जनभन्दा बढी नागरिकले चिसोको कारण ज्यान गुमाउनुपर्यो । अझै पुन:निर्माणको काम हुन सकेको छैन । भूकम्प पीडितहरूको अवस्था हेर्न धेरै उच्च पदाधिकारीहरू त्यहाँ पुगे । पीडितहरूको दु:खमा मलमपत्ती लगाउने कोही नआएको पीडितहरूको गुनासो छ । प्रधानमन्त्री प्रचण्डको शासकीय सुधारमा प्रतिबद्धता खोक्रो नारा सावित हुने धेरैको अनुमान छ । तीन तीन पटक प्रधानमन्त्री भएर केही गर्न नसक्ने असफल प्रमाणित भएका प्रधानमन्त्रीबाट प्रतिबद्धता पूरा होला र देशको विकासले फड्को मार्ला भन्ने विश्वास गर्नु आफूलाई आफैले धोका दिनुबाहेक केही हुनेछैन ।

यस अर्थमा प्रचण्ड सरकारमा १ वर्ष टिकिरहनुबाहेक उनको कार्यकालमा देश सर्वत्र असफल भएको छ । उनले देशलाई कुनै किसिमको आशालाग्दो काम गरेर जनताको विश्वास जित्न सकेनन् । उनको एक वर्ष महँगी, भ्रष्टाचार, अभाव, नातवाद, कृपावादमा बित्यो । उनको प्रधानमन्त्री पद कहिले खोसिन्छ अनिश्चित छ । त्यस्तो सरकारले ठूल्ठूला आश्वासन दिनु र पूरा होला भन्ने विश्वास गर्नु त हुटिट्याउँले आकाश थाम्ने कुरालाई विश्वास गर्नु जस्तै मात्र हुने छ । उनका कार्यकर्ताहरूलाई थामथुम पार्नुबाहेक प्रधानमन्त्रीको सम्बोधनमा न जनताको ध्यान गएको छ न विश्वास जाग्न सक्ने अवस्था नै छ । प्रमको निराशाजनक सम्बोधन जनताको लागि कागलाई बेल पाक्यो हर्ष न बिस्मात भनेजस्तै मात्र भएको छ ।

# बालकुमारी घटना : सरकारकै नीतिको परिणाम हो

✍ रामरतन चौधरी

कोरिया जानको लागि आवश्यक रोजगारी अनुमति प्रणाली (ईपीएस) परीक्षाको विषयलाई लिएर पुस १३ गते शुक्रबार ललितपुरको बालकुमारी क्षेत्र तनावग्रस्त बन्यो । देशमा रोजगार नपाएर विदेश हिँड्न खोजेका युवाहरूले सरकारविरुद्ध प्रदर्शन गरे । प्रहरीले भिड नियन्त्रण गर्ने नाममा प्रदर्शनमा उत्रिएका युवाहरूमाथि गोली चलायो । प्रहरीको गोलीले अछामको चौरपाटी गाउँपालिका १ सिउँडीका २२ वर्षीय वीरेन्द्र शाह र दैलेखका २३ वर्षीय सुजन रावतको निधन भयो । अस्पताल स्रोतका अनुसार शाहलाई दुई गोली लागेको थियो भने रावतको शरीरमा नीलडाम छ । प्रहरीको दमनबाट २ जना युवाको मृत्यु भएपछि आक्रोशित युवाहरूले भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाको बा २ भ ५८६१ नम्बरको गाडीमा आगजनी समेत गरे । प्रत्यक्षदर्शीअनुसार प्रहरीले स्थिति नियन्त्रणमा लिने नाममा वैकल्पिक उपाय नअपनाई गोली प्रहार गर्‍यो र अन्धाधुन्ध बल प्रयोग गर्‍यो ।

प्रहरी र गृह प्रशासनले प्रदर्शनकारीहरू सरकारी, सार्वजनिक र निजी सवारीसाधन तोडफोड र आगजनी र सडक अवरुद्धमा लागेपछि बल प्रयोग गर्नु परेको स्पष्टीकरण दिए । काठमाडौं उपत्यका प्रहरी कार्यालयका एआईजी दीपक थापाले अवस्था अनियन्त्रित भएपछि १५ राउन्ड गोली र २ दर्जन अश्रुग्यास प्रहार गरिएको बताए । जिल्ला प्रहरी परिसर ललितपुरले २५ सयदेखि ३ हजार जनाले इट्टुङ्गीमा खटिएका प्रहरीमाथि ढुङ्गा प्रहार गरी मन्त्रीको गाडी समेत जलाएको हुँदा स्थिति नियन्त्रणमा लिन बल प्रयोग गर्नुपरेको प्रस्टीकरण दिए । ललितपुर जिल्लाका प्रहरी एसपी नवराज कार्कीले १३ गते शुक्रबार साँझ स्थिति नियन्त्रण गरी थप क्षति हुनबाट रोक्न सिलसिलेवार बल प्रयोग गर्दा रावत र शाह घाइते भई उपचारका क्रममा उनीहरूको निधन भएको उल्लेख गरी विज्ञप्ति प्रकाशित गरे । सो घटनामा संलग्न ७३ जनालाई नियन्त्रणमा लिइएको समाचार छ ।

गृह मन्त्रालयले उक्त घटनाको छानबिन गर्न काठमाडौँ उपत्यका प्रहरी कार्यालयका डीआईजी लालमणि आचार्यको संयोजकत्वमा ललितपुरका सहायक प्रमुख जिल्ला अधिकारी अमरदीप सुनुवार र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक बासु सिग्देल सम्मिलित एउटा छानबिन समिति गठन गर्‍यो । सो समितिलाई सात दिनको म्याद दिइएको छ ।

सरकारले प्रदर्शनका क्रममा राज्य पक्षबाट कमजोरी भएको स्वीकार गर्‍यो । सरकारले अनावश्यक बल प्रयोग गरेको भन्दै ललितपुरका प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डित, जिल्ला प्रहरी परिसर, ललितपुरका प्रमुख एसएसपी सिद्धिविक्रम शाह र ईपीएस कोरिया शाखाका निर्देशक गुरुदत्त सुवेदीलाई जिम्मेवारीबाट हटाउने निर्णय पनि गर्‍यो । ललितपुर प्रहरीबाट फिल्डमा खटिएका डीएसपी उमेशराज लम्साल र भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाका निजी सुरक्षा अधिकृत (पीएसओ) बोधराज दनुवारलाई समेत निलम्बन गर्ने निर्णय गर्‍यो । तर, मन्त्री ज्वालासँग स्पष्टिकरण लिएको छैन । आन्दोलन भइरहेकै बाटोमा मन्त्री ज्वाला किन पुगे ?

मन्त्रिपरिषद्‌को पुस १४ गते शनिबार बसेको बैठकले बालकुमारी घटनामा मारिएका दैलेखका सुजन रावत र अछामका वीरेन्द्र शाहको परिवारलाई १०-१० लाख रुपैयाँ क्षतिपूर्ति दिने र मृतकका परिवारलाई उनीहरूले भनेकै स्थानमा अन्तिम संस्कारका लागि शव उपलब्ध गराउने निर्णय गरेको उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले जानकारी दिए । मन्त्रिपरिषद बैठकले घाइतेहरूको उपचार खर्च ब्यहोर्ने निर्णय पनि गरेको सञ्चार तथा सूचना प्रविधि मन्त्री तथा सरकारकी प्रवक्ता रेखा शर्माले जानकारी दिइन् । तर, जनता प्रश्न गर्दै छन् -सरकारले गोली ठोकेर मान्छे मरेपछि लासको मूल्य रु. दस तिर्ने लाख हो र ?

कोरियाले सन् २००७ देखि उत्पादनमूलक र कृषि क्षेत्रको भनी कामदार लगिरहेको छ । सन् २०२३ देखि जहाज निर्माण क्षेत्रमा पनि कामदार लैजान थालेको हो । तीनवटै क्षेत्रका लागि कोरियाले अलग-अलग भाषा परीक्षा र सीप परीक्षण लिँदै आएको छ । अनलाइनबाट भर्ने फारामका लागि परीक्षा शुल्क २८ डलर तोकिएको थियो भने परीक्षामा १८ देखि ३९ वर्षभित्रकाले मात्रै आवेदन दिन पाउने व्यवस्था गरिएको छ ।

ईपीएसअन्तर्गत कोरियाले विश्वभरबाट सन् २०२४ मा १ लाख ६५ हजार विदेशी श्रमिक माग गर्ने जनाएको छ । नेपालबाट १५ हजार ८ सय ४८ श्रमिक लैजाने भएको छ । यसअघि गत साउन ७ मा कोरियाले ईपीएसको भाषा परीक्षा रोकिए नेपालीले अवसर गुमाउने चेतावनीसमेत दिएको थियो । कोरियाबाट फर्केर परीक्षामा उत्तीर्ण भएकाहरूले आफूहरूलाई छनोट नगरे भाषा परीक्षा हुन नदिने धम्की दिएपछि कोरिया सरकारले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई लिखित जानकारी पठाई चेतावनी दिएको थियो ।

ईपीएस लागू भएयता सबैभन्दा बढी गत आर्थिक वर्ष २१ हजार ८ सय ७० नेपाली कोरिया गएका थिए, जुन नेपालबाट वैदेशिक रोजगारीमा जाने सङ्ख्याको ४.४२ प्रतिशत हो । सन् २०२२ का लागि उत्पादन क्षेत्र र कृषि तथा पशुपालन क्षेत्रमा ४४ हजार ८ सय ३३ जनाले परीक्षा दिएका थिए । त्यसमध्ये १८ हजार ८ सय ४४ जना उत्तीर्ण भए । कोरियाका रोजगारदाताले कम्तीमा १० वर्ष जति लगातार काम गर्न सक्ने श्रमिक लिन चाहन्छन् ।

श्रम मन्त्रालयअन्तर्गतको ईपीएस शाखाले साउन २० गतेदेखि कोरियाको पानीजहाज निर्माण क्षेत्रमा काम गर्न जान चाहने श्रमिकका लागि भाषा परीक्षाको आवेदन खुलाएको थियो । जसमा ३३ हजार दुई सय एक जना पुरुष र दुई हजार दुई सय ७७ जना महिला समेत ३५ हजार चार सय ७८ जना युवाहरूको आवेदन पर्‍यो ।

कोरियाको वैदेशिक रोजगार विभागले सन् २०२४ का लागि उत्पादनमूलक क्षेत्रमा काम गर्नको लागि १५ हजार ८ सय ४८ जना उम्मेदवारको रोस्टर (सूची) छनोट गर्न भन्दै २०८० मङ्सिर १९ गते भाषा परीक्षाको आवेदन माग गरेको थियो । तर, साउनमा भाषा परीक्षा दिई बसेकाहरूलाई उत्पादनमूलक क्षेत्रका लागि सहभागी हुन रोकेपछि युवाहरूले ललितपुरको बालकुमारीस्थित वैदेशिक रोजगार विभागको ईपीएस शाखामा मङ्सिर १९ गतेदेखि नै धर्ना दिँदै आएका थिए । ईपीएस शाखाले भने नेपाल र कोरियाको श्रम सम्झदारीअनुसार नै भाषा परीक्षा हुने भन्दै धर्ना बसेका युवाहरूको मागलाई बेवास्ता गर्‍यो ।

भाषा परीक्षा उत्तीर्ण गरेका नेपाली युवाको नाम रोस्टरमा राखिने र कोरियन रोजगारदाताले रोस्टरमा राखेको नामबाट आफूलाई मन पर्ने श्रमिक छनोट गरेर श्रम सम्झौता गर्छ, त्यसपछि मात्र भिसा पठाउँछ । कोरिया जाने श्रमिकको एक कार्यकालको अवधि चार वर्ष १० महिना हुन्छ । कोरिया जाने श्रमिकको रोस्टरमा हाल नौ हजार नेपाली युवा सूचीकृत छन् । जसमध्ये ६ हजार उत्पादन क्षेत्रका छन् भने तीन हजार कृषि क्षेत्रका छन् । सूचीकृतमध्ये तीन हजार पुराना श्रमिक छन् । कोरिया जाने श्रमिकको एक कार्यकालको अवधि चार वर्ष १० महिना हुन्छ ।

सरकारको गलत नीतिको कारण नेपाली युवा वैदेशिक रोजगारीको नाममा बिदेसिन बाध्य छन् । बालकुमारी घटना सरकारको नालायकीपनको प्रतिनिधि घटना मात्रै हो । नेपाली युवाको दिमागमा नेपालमा भविष्य छैन भन्ने परेको छ । यसको शासक दलहरूको विदेशभक्ति नै हो । यही रफ्तारमा नेपाली युवा बिदेसिरहने हो भने केही दशकमै नेपालमा विकराल आर्थिक समस्या आउने सम्भावना छ । यसकारण नेपाली युवालाई स्वदेशमै रोकेर नेपालको बाँझो भूमि हराभरा बनाउनुको विकल्प छैन ।

*२०८० पुस १६ गते*

# अफ्रिकी मुक्ति सङ्घर्षका एक अग्रणी – क्वामे एनक्रुमा


✍ समा

अफ्रिकी महादेशले साम्राज्यवादी देशहरूबाट शताब्दी लामो उपनिवेश भोग्नुपर्‍यो । १९ औँ शताब्दीको मध्यतिर त उपनिवेशवादी देशहरूको अफ्रिकामाथि बर्बरताको पराकाष्ठा नै नाघ्यो । अफ्रिकी देशहरूको प्राकृतिक स्रोतसाधनमाथिको लुट र सार्वभौमिकतामाथिको हमला, राजनीति र सामाजिक संरचनामा हस्तक्षेपसँगै अफ्रिकी जनतालाई उपनिवेशवादी देशहरूको दास बनाउने र युरोप–अमेरिकामा दास व्यापारको ज्यादती शताब्दी शताब्दीसम्म रोकिएन । अफ्रिकी देशहरूमाथि कहिले पोर्चुगल, कहिले बेल्जियम, कहिले फ्रान्स त कहिले बेलायतले उपनिवेश कायम राख्यो । दोस्रो विश्वयुद्धपछि संरा अमेरिकाले अफ्रिकामा फरक ढङ्गले औपनिवेशिक शोषण जारी राख्दै छ । तसर्थ सिङ्गो यूरोप र संरा अमेरिकाको समृद्ध अर्थतन्त्र अफ्रिकी महादेशको बर्बादीको मूल्यमा प्राप्त भएको हो भन्दा फरक नपर्ला ।

उपनिवेशवादी लुटतन्त्र र बर्बरताविरुद्ध अफ्रिकामा स्वतन्त्रता आन्दोलनहरू उठे । आन्दोलनका अगुवा, योद्धा र विचारकहरूको योगदान र जनसङ्घर्षबाट सन् १९६० को दशकको सुरुआततिरै अधिकांश अफ्रिकी देशहरू स्वतन्त्र भइसकेका थिए । घाना अफ्रिकी महादेशकै सबैभन्दा पहिला उपनिवेशबाट मुक्त हुने देश हो । घाना प्राकृतिक खनिजसँगै हिरा र सुन उत्पादनमा अग्रणी देश मानिन्छ । कृषिमा अत्यन्त सम्भावना भएको घानालाई सन् १४७१ तिरै पोर्चुगलले आफ्नो उपनिवेश बनायो । पोर्चुगालीहरूले घानाको सुन र हिरामात्र लुटेनन् घानाका जनतालाई पशुसरी सिक्रीले बाँधेर, सन्दुकमा राखेर युरोप र अमेरिकाको बजारमा दास-व्यापार गरेको इतिहास पढ्न पनि निकै पीडादायी छ । सत्रौँ शताब्दीमा डचहरूले घानामा पोर्चुगालीलाई खेदेर ठूलो दास व्यापार सुरु गरे र १९ औं शताब्दीमा घानालाई बेलायती उपनिवेशवादीहरूले आफ्नो कब्जामा लिए ।

गोल्ड कोष्ट अर्थात् सुनको किनाराको रूपमा चिनिने घानामा उपनिवेशवादी र साम्राज्यवादीहरूले शताब्दीयौँसम्म लुट मच्चाए । त्यो अत्याचारविरुद्ध धेरै-धेरै स्वतन्त्रता सेनानीहरूले लडे । अफ्रिकी महादेशको मुक्ति युद्धको इतिहासमा केही व्यक्तित्वहरूको महत्त्वपूर्ण भूमिका रह्यो । समाज परिवर्तन र युद्धहरूमा एक क्रान्तिकारी व्यक्तिको विचार र भूमिकालाई सर्वहारावर्गका गुरु मार्क्सले पनि स्विकारेका छन् । नेता लेनिनले पनि सक्रिय व्यक्तित्वहरूको कामले समाजको विकासमा मद्दत पुग्ने तर्क गरेका छन् । अफ्रिकी महादेशको स्वतन्त्रता आन्दोलनमा पनि त्यस्ता थुप्रै व्यक्तित्वहरूको जन्म भयो । तीमध्ये एक चर्चित र प्रतिष्ठित नाम क्वामे एनक्रुमा (Kwame Nkrumah) हो । आज चर्चा गर्न खोजिएको यूरी स्मेरटिनको पुस्तक 'Kwame NKRUMAH' ले उनको जीवन, व्यक्तित्व र योगदानबारे चर्चा गर्छ । घानाको सर्वसाधारण नागरिकदेखि राष्ट्रपतिसम्मको यात्रा कस्तो थियो ? घानाको मुक्ति युद्ध उनले कसरी लडे ? उनको जन्म, परिवार, अध्ययन, राजनीतिक जीवनदेखि उनको समाधिसम्मको कथा पुस्तकभित्र छ । उनको जीवनका विविध आयामबारे यथार्थ बुझ्न यो पुस्तक नपढी हुन्न ।

अध्ययनले भन्छ - एनक्रुमा सबैभन्दा पहिला उपनिवेशवादविरोधी र साम्राज्यवादविरोधी नेता हुन् । पुँजीवादी व्यवस्थाले घानाको भलो नगर्ने हुँदा समाजवादी बन्दोबस्त आवश्यक छ भन्ने निचोडमा पुगेका एनक्रुमा पुँजीपतिहरूको आँखाको कसिङ्गर समान थिए । उनी मार्क्सवाद र लेनिनवादी विचारबाट प्रभावित थिए । अफ्रिकाको स्वतन्त्रता उनको पहिलो प्राथमिकता थियो भने विश्व जातिभेद र रङ्गभेदविरोधी अभियन्ता थिए । घानाको राजनीति, अर्थतन्त्र र समाजव्यवस्थामा बेलायत र युरोपको प्रभाव जरैदेखि उखेल्न उनले निकै सङ्घर्ष गरे । त्यतिबेला एसियामा भारत बेलायतको उपनिवेशविरुद्ध लड्दै थियो । महात्मा गान्धी र उनको शैलीबाट एनक्रुमा प्रभावित थिए । उनी सोभियत रुसको व्यवस्थाबाट निकै प्रभावित थिए । घानाको प्रधानमन्त्री बनिसकेपछि समाजवादी व्यवस्थाको मूल विशेषता राज्यको सम्पत्तिमाथि राज्यको स्वामित्व लागु गर्न उनले कोसिस गरेको इतिहास पढ्न पाइन्छ । उनले घानालाई पुँजीवादविरुद्धको मार्गमा भने पक्कै डोर्‍याए । एनक्रुमा इतिहास दर्शन, संस्कृति र अर्थशास्त्रका अध्येता थिए । सूर्यास्त मन नपराउने उनी प्रकृतिप्रेमी थिए । उनी घानामात्र होइन सम्पूर्ण अफ्रिकी महादेशको स्वतन्त्रताका लागि प्रतिबद्ध र समर्पित व्यक्तित्व थिए ।




एनक्रुमाको जन्म सन् १९०९ सेप्टेम्बर महिनामा घानाको दक्षिण-पश्चिम भागको एनक्रोफूल भन्ने ठाउँमा भएको हो जहाँ वन्य जातिको बसोबास थियो । त्यो जाति शिशु जन्मलाई निकै हर्षोल्लासका साथ मनाउने जाति हो । शनिबार जन्मेकाले उनको नाम क्वामे रहन गएको हो । उनका बुबा सुनको गरगहना बनाउने कालीगढ थिए । त्यस समुदायमा बहुपत्नी विवाह प्रथा थियो । उनको बुबाका थुप्रै श्रीमती थिए । उनको आमापट्टीका उनी एकमात्र सन्तान थिए । त्यसकारण आमासँग एनक्रुमाको विशेष र निकै गहिरो भावनात्मक लगाव थियो । उनका लागि आमा ऊर्जाको अर्को नाम थियो । आमा खेतिपाती सम्हाल्ने र उत्पादित बस्तु बजारमा बेच्ने काम गर्थिन् । महिलाहरूले बजारमा लगेको सामान बिक्रीबापत प्राप्त आम्दानी आफै राख्न पाउने एकखाले आर्थिक सुविधा त्यो समाजमा थियो । आफू पढ्न लेख्न नजान्ने भएकै कारण छोरालाई पढाउन चाहन्थिन् ।

एनक्रुमा युरोपलीहरूले स्थापना गरेको क्याथोलिक मिसनरी विद्यालयमा भर्ना गरिए । त्यहाँ अङ्ग्रेजी, गणित र भूगोलसँगै धर्मलाई मुख्य विषयको रूपमा अध्यापन गराइन्थ्यो । उनी ८ वर्षको उमेरमा एक अब्बल दर्जाको विद्यार्थी बन्न सफल भए । अध्ययनप्रतिको लगावका कारण उनी घानाको राजधानी आक्राको प्रशिक्षण कलेजमा भर्ना भए । उनी आफ्नो पढाइमा निकै अब्बल भएको कारण १८ वर्षकै उमेरमा शिक्षक बने । उनकी आमा एनक्रुमा राम्रो शिक्षक बनोस् भन्ने चाहन्थिन् । सन् १९२७ मा उनको बुबाको मृत्यु भयो । जीवनमा आर्थिक अभाव थप चुलियो ।

त्यो समय एनक्रुमाको शिक्षक कुइग्रीर आग्रीइ थिए । उनी संरा अमेरिकाको एक महाविद्यालयमा विद्यावारिधि गर्दै थिए । उनी एनक्रुमालाई बेलायतको इतिहास, ऐनकानुन र गीत सङ्गीत पढाउँथे । एनक्रुमा सानैदेखि बेलायती उपनिवेश र कब्जा मनपराउँदैनथे । आग्रीइ भन्थे- “एकदिन युवा अफ्रिका जाग्नेछ र आफ्नो अस्तित्वको इतिहास लेख्नेछ । उद्देश्य प्राप्तिका लागि गोरा र कालाबीच भ्रातृत्व र सहिष्णुता जरुरी छ ।” अमेरिका गएर पढ्न एनक्रुमा उनीबाट प्रभावित भए । त्यतिबेला घानामा बेलायती औपनिवेशिक शिक्षा दिइन्थ्यो । बेलायत र पुँजीवादी बन्दोबस्तको पूजा गर्न सिकाउने शिक्षा एनक्रुमालाई पटक्कै मन पर्दैनथ्यो । उनले सन् १९३१ तिर एनजिमा साहित्यिक समाजको एक सङ्गठनमा सामेल भए । त्यहीँ उनले सामुअल आर ऊड भेटे । उनको जीवनमा पहिलो राजनीतिक व्यक्तिसँगको भेट त्यही थियो । पश्चिमी अफ्रिकामा चलिरहेको स्वतन्त्रता आन्दोलन अर्थात बेलायतसँग स्वराज माग्ने आन्दोलनबारे विशेष रूचिपूर्वक छलफल गरेका थिए त्यो भेटमा ।



सन् १९३० तिर विश्वले ठूलो आर्थिक मन्दी व्यहोर्‍यो । पश्चिम यूरोप र अन्य देशमात्र होइन उपनिवेश देशहरू समेतले ठूलो आर्थिक सङ्कट सामना गर्न पर्‍यो । घानामा काकाओ बीउ निर्यात निकै घट्यो । काकाओ बीउको निर्यातले करिब ७० प्रतिशत ग्रार्हस्थ उत्पादन हुन्थ्यो । उद्योगधन्दा सुक्यो, बेरोजगारी चुलियो । भोकमरी र रोगव्याधी बढेपछि सिङ्गो अफ्रिकी जनता काम र मामका लागि सडकमा उत्रे, आन्दोलनमा जुटे । जनतामा राजनीतिक चेतना बढ्दै गयो । एनक्रुमाका लागि उपनिवेशवादविरुद्धको बलियो जग त्यही बन्यो ।

उनी अध्ययनका लागि संरा अमेरिका गए । संरा अमेरिकाको संविधानमा गोरा र कालाको समानताको कुरा लेखिएको हुँदा एनक्रुमा मात्र होइन सारा अफ्रिकी जनता संरा अमेरिकामा विभेद छैन भन्ने विश्वास गर्थे । तर उनी प्रत्यक्ष त्यहाँ पुग्दा गोरा र कालाबिचको फराकिलो खाडल देखे । काला जातिमाथिको अत्याचार अनुभव गरे । कालाहरूलाई बाँच्नसमेत निकै तल्लोस्तरको काम गर्न पर्ने, फोहर ठाउँमा बस्नुपर्ने बाध्यता महसुस गरे । त्यहाँ उनले अफ्रिकी मूलका अमेरिकीहरूको जनजीविका र रहनसहन, संस्कृतिको अध्ययन गरे । आधुनिक जीवन बाँचिरहेका अफ्रिकी अमेरिकीहरू आफ्नो जमिन र धरातलसँग जोडिएका छन् या छैनन् भनी अध्ययन गरे । उनले पत्ता लगाए- अमेरिका समानताको फलाकोबाजी गर्दै कालाहरूलाई शोषण गर्ने देश हो । अमेरिकामा कालाहरू सबैभन्दा बढी बेरोजगार हुन्थे । काम नपाएकै कारण अपराधमा संलग्न हुन बाध्य कालाहरू देखे । मार्टिन लुथर किङ जुनियरले एकताका भनेका थिए - “अमेरिकामा नेग्रो अर्थात हब्सी हुनु भनेको आशाविरुद्धको आशा हो । अमेरिका वास्तवमै प्रचूरताको समुद्रमा गरिबीको टापु हो हब्सीहरूका लागि ।”

एनक्रुमाले लिङ्कन विश्वविद्यालयमा अध्ययन गरे । उनले अमेरिकामा दुई काला नेताहरू विलियम डुबोइस र मार्कस गर्भिइसँग भेटे । तिनको ‘क्राइसिस अर्थात् सङ्कट’ नामको पत्रिका प्रगतिशील थियो । त्यसमा काला अमेरिकीहरूको कथा व्यथा छापिन्थ्यो । डु बोइस कम्युनिस्ट थिए । संरा अमेरिकामा जातिवाद र रङ्गभेदलाई भौतिकवादी दृष्टिकोणले विश्लेषण गर्थे । त्यतिमात्र होइन विश्व पुँजीवादी व्यवस्थालाई मार्क्सवादी आँखाले हेर्ने नेता थिए, डु बोइस । उनी १९६१ मा संरा अमेरिकाको कम्युनिस्ट पार्टी सदस्य बने । एनक्रुमालाई उनको व्यक्तित्वले निकै प्रभावित बनायो ।

१९ औँ शताब्दीको अन्त्यतिर संरा अमेरिकामै पहिलो पटक अफ्रिकी एकता भन्ने विचार अर्थात् Pan-Africanism भन्ने राजनीतिक आन्दोलन सुरु भएको हो । “सम्पूर्ण अफ्रिकीहरू एक हौँ । जातिवाद र रङ्गभेदविरुद्ध लडौँ ।” भन्ने नारा सहित त्यो आन्दोलन अघि बढ्यो । एनक्रुमा त्यो आन्दोलनमा सहभागी बने । दोस्रो - विश्वयुद्धको अन्त्यसम्ममा अमेरिका त्यो अफ्रिकी अभियानको ठुलो रङ्गमञ्च बनिसकेको थियो । नेता गार्भेइसँग एनक्रुमाले कहिल्यै भेट्ने अवसर पाएनन् तर उनको ‘काला जातिको स्वच्छता’ भन्ने सिद्धान्तबाट एनक्रुमा प्रभावित थिए । एनक्रुमाले थाहा पाइसकेका थिए कि पुँजीवादी व्यवस्थामा साँचो प्रजातन्त्र र समानता सम्भव छैन । स्वतन्त्रताको कुरा त आकाशको फल नै हो ।

एनक्रुमा विस्तारै मार्क्सवाद-लेनिनवादप्रति आकर्षित भए । साम्राज्यवाद, उपनिवेशवाद र जातिवादविरुद्ध लड्न समाजवादी विचारको आवश्यकताबोध उनले गरे । उनी पुस्तकालयमा घण्टौं मार्क्सवादी साहित्य अध्ययन गर्थे । भाषणकलामा अब्बल थिए उनी । लिंकन विश्वविद्यालयमा छात्रवृत्तिमा पढेका उनी पत्रकारिता अध्ययनका लागि कोलम्बिया विश्वविद्यालय जान चाहन्थे तर आर्थिक समस्याका कारण जान पाएनन् । अर्थशास्त्र, दर्शनशास्त्रमा स्नातक र शिक्षाशास्त्रमा आचार्य उपाधिसँगै पछि विद्यावारिधिसमेत गरे । अध्ययनको लागि खर्च जुटाउन उनले जहाज बनाउने ज्यासलदेखि निकै तल्लो स्तरको काम पनि गरे । यद्यपि, जति कमाउँथे आफ्नो पुस्तकको निम्ति खर्चन्थे ।

अध्ययनसँगै एनक्रुमा अमेरिका र क्यानडाका अफ्रिकी सङ्गठनहरूको सम्पर्कमा जान्थे । दोस्रो विश्वयुद्धसँगै संरा अमेरिकाले अन्य देशहरूमाथि हमला सुरु गर्‍यो । सोभियत सङ्घ विश्व साम्राज्यवादसँग लड्दै विश्व कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाइरहेको देश थियो । जर्मनी र इटाली आफ्नो फासीवादी हमला जारी राख्दै थिए । अन्तर्राष्ट्रिय राजनीतिबारे एनक्रुमा गम्भीर बन्दै गए । उनले सन् १९४५ अक्टोबर १५ मा आयोजना गरिएको पाँचौं अफ्रिकी एकता महाधिवेशनमा (Fifth Pan-African Congress) भाग लिए । सम्मेलनको अध्यक्षता कम्युनिस्ट नेता विलियम डु बोइसले गरेका थिए । त्यो सम्मेलनले जातीय र रङ्गभेदविरुद्ध आवाज उठायो । बेलायती, फ्रान्सेली, बेल्जिमेली र अन्य युरोपेली साम्राज्यवादी देशहरूले अफ्रिकी देशहरूमा गरेको दमन र दासत्वप्रति खेद प्रकट गर्‍यो । सम्मेलनले सम्पूर्ण अफ्रिकी जनतालाई साम्राज्यवादविरुद्ध एकताबद्ध हुन आह्वान गर्‍यो । एनक्रुमाले त्यो सम्मेलनको घोषणापत्र खेस्रा गरेका थिए जसमा लेखिएको थियो -“सम्पूर्ण उपनिवेश देशहरूले आफ्नो भाग्यको निर्णय आफै लिनेछन् । अफ्रिकी देशहरू राजनीतिक, आर्थिक रूपमा स्वतन्त्र हुनेछन् । विदेशी कब्जाबाट मुक्त हुनेछन् ।” उपनिवेशका जनताले आफ्नो सरकार चुन्ने अधिकारका लागि सङ्घर्ष गर्न सम्मेलनले आह्वान गर्‍यो । साम्राज्यवादी देशहरूको उद्देश्य नै शोषण र लुटपाट हो । त्यसकारण मजदुरहरूको अधिकारका लागि सङ्घर्षको विकल्प छैन भन्ने सन्देश दियो ।

उनी लन्डन गए । बेलायतमा बसेर त्यहाँको निर्वाचन प्रणाली प्रत्यक्ष हेरे । बेलायतका दुई पार्टी श्रमिक दल र रुढीवादी पार्टीबिच कुनै भिन्नता नभएको पत्ता लगाए । उनले मार्च १९४६ मा ‘नयाँ अफ्रिका’ नामक पत्रिका प्रकाशित गरे । उपनिवेशवादविरुद्धको बेजोड आवाज थियो ‘नयाँ पत्रिका’ । तर आर्थिक अभावका कारण बन्द भयो । बेलायतमा एनक्रुमाले निकै साधारण र कष्टसाध्य जीवन गुजारे । डेरामा बस्थे र आर्थिक समस्याका कारण उतारचढाव खेपे । त्यतिकैमा उनलाई घानाबाट बोलाइयो । घानामा संयुक्त गोल्ड कोष्ट सम्मेलन नामको एउटा सङ्गठन थियो जसको उद्देश्य आफ्नो स्वराज फर्काउने थियो । एनक्रुमाले अमेरिका र बेलायतमा देखाएको आफ्नो राजनीतिक सक्रियताका कारण त्यो सङ्गठनले महिनाको १०० पाउन्ड दिने र महासचिव बनाउने भनी घाना बोलायो । एनक्रुमालाई घानामा बेलायती गतिविधिको सम्पूर्ण ज्ञान थिएन । एनक्रुमालाई बोलाउने सङ्गठनमा धनाढ्य, बुद्धिजीवी र माथिल्लो वर्गको हित चाहने मात्र थिए । उनी त्यस सङ्गठनको भित्री कुरा बुझ्रेर नयाँ सङ्गठन निर्माणमा जुटे । युवा, मजदुर, किसान, माझीबिच पुगेर सङ्गठनमात्र गरेनन् राजनीतिक कक्षा सञ्चालन गरे । देशैभरि सङ्गठन विस्तार गरे । साल्टपोन्ड भन्ने दुर्गम ठाउँमा केन्द्रीय कार्यालय बनाई पहाड, जङ्गल र गाउँ–गाउँ पुगी सङ्गठन गरे ।

सन् १९४८ मा बेलायतका लागि लडेका ६५ हजार भूपू सैनिकहरूले रोजगारीका निम्ति हडताल गरे,

बाँकी पृष्ठ ११ मा

# माओ र स्तालिनको जन्म जयन्ती मनाइँदै

**दैलेख**

नेपाल मजदुर किसान पार्टी ठाँटीकाँध गाउँपालिका समितिको आयोजनामा विश्व सर्वहारा वर्गका नेता एवं चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओ त्सेतुङको जन्मदिवसको अवसरमा कार्यकर्ता भेला भयो। बिहीबार भएको उक्त भेलामा नेमकिपा दैलेख जिल्ला समितिका खड्कबहादुर कठायतले अध्यक्ष माओको योगदान र चिनियाँ जनक्रान्तिबारे उल्लेख गर्नुभयो। आयोजक समितिका अध्यक्ष मनराजा थापाको अध्यक्षतामा भएको उक्त कार्यक्रममा नवीन थापा, हरि रोकाया, जयबहादुर थापा, झलकबहादुर कठाय, भीमराज कठायत, हर्क विकलगायतले बोल्नुभएको थियो।



दैलेख

त्यसैगरी नेपाल मजदुर किसान पार्टी आठविस नगर समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरु माओ त्सेतुङको १३० औं जन्म दिवस कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति दैलेखका सदस्य शेरबहादुर विकले विश्व सर्वहारावर्गका महान् गुरु माओ त्सेतुङको नेतृत्वमा चीनमा कामदारवर्गको मुक्ति भएको बताउनुभयो। चिनियाँ कामदार जनतालाई सचेत र सङ्गठित गराई माओले शोषणको अन्त्यका लागि क्रान्ति सम्पन्न गर्नुभएको बताउँदै उहाँको योगदानबाट सीको नेपालमा पनि कामदारवर्गलाई सचेत गराई मुक्ति दिलाउनु नेमकिपाका कार्यकर्ताहरू कर्तव्य हो भन्नुभयो।


कैलाली

कार्यक्रममा नेमकिपा आठविस नगर समितिका अध्यक्ष जयबहादुर बडुवालले माओको सङ्घर्षशील भावनाबाट चिनियाँ जनताको मुक्ति भयो। उहाँले नेपालमा समाजवादी क्रान्तिलाई सम्पन्न गर्न नेमकिपाका कार्यकर्ताहरू निरन्तर सङ्घर्ष गर्नुपर्छ भन्नुभयो। कार्यक्रममा आठविस नगरपालिका वडा नं. ८ का पार्टी वडाध्यक्ष रामबहादुर बडुवाल, वडा नं. ७ का पार्टी वडाध्यक्ष रणबहादुर काठायत र नरबहादुर सिजापतिले बोल्नुभएको थियो।

साथै नेपाल क्रान्तिकारी महिला सङ्घ महाबु गाउँ समितिको आयोजनामा विश्व सर्वहारा वर्गका महान् गुरु माओ त्सेतुङको १३० औं जन्मदिवस कार्यक्रम मङ्गलबार सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति दैलेखका अध्यक्ष जगत वलीले विश्व सर्वहारा वर्गका महान् गुरु माओ त्सेतुङले शोषितपीडित चिनियाँ जनतालाई मुक्त गराउन सङ्घर्ष गरेकै कारणले आज चीन समृद्धिको बाटोमा पुगेको चर्चा गर्नुभयो। उहाँले नेमकिपाका कार्यकर्ताहरूमा माओ त्सेतुङको विचारलाई अनुसरण गरी देश र जनताको सेवामा लाग्नुपर्ने बताउँदै सचेत र सङ्गठित भई समाजवाद स्थापनाको निम्ति अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा नेमकिपा दैलेख जिल्ला समितिका सल्लाहकार सदस्य बमबहादुर सिंह, नेमकिपा जिल्ला समितिका लक्ष्मी सिंह, नेक्रामसङ्घ गाउँ समितिका उपाध्यक्ष गीता थापा र झुमा थापाले पनि बोल्नुभएको थियो।

**कीर्तिपुर**

नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा विश्व कम्युनिस्ट नेता स्तालिनको १४५ औं र माओ त्सेतुङको १३० औं जन्मदिवसको अवसरमा बुधबार प्रशिक्षण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सनकमान महर्जनले विश्व कम्युनिस्ट नेता स्तालिन र माओ त्सेतुङ विचारधाराबाट शिक्षा लिई समाजवादी आन्दोलनलाई अगाडि बढाउनुपर्ने बताउनुभयो।

स्तालिन र माओ दुवै नेताहरू लडाकु, तीक्ष्ण बुद्धिमता सम्पन्न, परिश्रमी, दूरदर्शी नेता हुनुहुन्थ्यो भन्दै उहाँले उहाँहरूबाट शिक्षा लिई हामीले पनि देशको परिस्थितिअनुसार जनतालाई सचेत पार्ने सङ्गठित गर्ने कामलाई सबै साथीहरू अगाडि बढ्नुपर्ने बताउनुभयो।

उहाँले देशका शासकहरू कम्युनिस्ट भए पनि काम पुँजीवादी रहेको बताउँदै पुँजीवादी दुर्गुणाबारे सचेत पार्नुपर्ने बताउनुभयो।

कार्यक्रममा नेमकिपा कीर्तिपुरका वाशुमान महर्जनले श्रमिक र मजदुर दैनिक अध्ययनलाई गहिरिएर ज्ञान लिनपर्ने बताउँदै त:मुंज्या नगाउँको कार्यक्रमबारे जानकारी दिनुभयो।

रामगोपाल महर्जनको सभापतित्वमा भएको कार्यक्रममा अशोक डंगोलले पनि बोल्नुभएको थियो।

**सुर्खेत**

नेपाल क्रान्तिकारी किसान सङ्घ सुर्खेतको आयोजनामा माओ त्सेतुङको १३० औं जन्म दिवस मनाइयो।

आयोजक समितिका अध्यक्ष पुष्पराज रानाको सभापतित्वमा भएको कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नर्मा गुरुङले चीनमा चिनियाँ क्रान्ति सम्पन्न गर्न माओले गाउँ गाउँ र बस्ती बस्ती पुगेर किसानहरूबिच सङ्गठन विस्तार गर्दै जनसेनाको निर्माण गर्नुभएको बताउनुभयो। गरिब, मजदुर, किसान र शोषित पीडित चिनियाँ जनताको हितमा माओले क्रान्ति अगाडि बढाउनुभएको स्मरण गर्दै उहाँले माओको सङ्घर्षमय जीवनीबारे बताउनुभयो।

नेपाल मजदुर किसान पार्टी सुर्खेतका अध्यक्ष हरिबहादुर बोहोराले माओले झैं हामीले पनि सङ्घर्ष गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा नेमकिपा सुर्खेतका सदस्य चेतन पौड्याल, नेमकिपा वीरेन्द्रनगर नगर समितिका अध्यक्ष शेरबहादुर शाही, नेक्रायुसङ्घ केन्द्रीय समितिका उपाध्यक्ष लालबहादुर थापा, नेपाल क्रान्तिकारी महिला सङ्घ सुर्खेतका अध्यक्ष तुल्सी खड्का, देवीराम सिजापती, गंगानाथ योगीलगायतले बोल्नुभएको थियो।

**चितवन**

सर्वहारावर्गका महान् नेताहरू स्तालिनको १४५ औं र माओको १३० औं जन्म दिवसको अवसरमा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति चितवनको आयोजनामा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेमकिपा चितवन जिल्ला अध्यक्ष हरिप्रसाद दुवालले सर्वहारावर्गको निम्ति स्तालिन र माओ त्सेतुङले आफ्नो जीवन अर्पण गर्नुभएको बताउनुभयो। उहाँले नेताहरूको जीवन सङ्घर्षबाट पाठ सिकेर कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउनु हरेक कार्यकर्ताको कर्तव्य हो भन्नुभयो। नेमकिपा नेपाली माटो सुहाउँदो समाजवादी राज्य व्यवस्था स्थापना गर्नको निम्ति निरन्तर राजनीतिक र सैद्धान्तिक सङ्घर्ष गर्दै आएको उहाँले बताउनुभयो।



चितवन

नेमकिपाका मोहन प्रजाले अध्ययनबिना व्यक्ति अपाङ्ग हुने बताउनुभयो। नयाँ कुरा सिक्न र अरूलाई बताउनको लागि आफूमा धेरै ज्ञान हुनुपर्दछ, उहाँले भन्नुभयो।

उहाँले निरन्तर अध्ययनमार्फत स्तालिन र माओ विश्वका महान् क्रान्तिकारी नेताहरू बन्न सफल भएको हो भन्नुभयो।

कार्यक्रममा नेक्रायुसङ्घ चितवनका जिल्ला अध्यक्ष ज्ञानेन्द्र प्रजाले असल कम्युनिस्टहरू आर्थिक समानतासहितको आर्थिक समृद्धि र विकासको निम्ति सङ्घर्ष गर्छन् भन्नुभयो। उत्पादनका मुख्यमुख्य साधनहरू सामाजिकीकरण, व्यक्तित्व विकासमा समान अवसर, योग्यताअनुसारको काम, कामअनुसारको ज्यालाको बन्दोबस्त गराउन कम्युनिस्टहरू सङ्घर्षशील हुने उहाँले बताउनुभयो।

कार्यक्रममा नेक्रामसङ्घका राजकुमार श्रेष्ठ, विद्यार्थी कृष्ण तामाङ, महिला सङ्घका लक्ष्मी चेपाङले पनि बोल्नुभएको थियो।

**भक्तपुर**

नेपाल मजदुर किसान पार्टी चाँगु २ वडा एकाइ समितिको आयोजनामा चाँगुनारायण नगरपालिका वडा नं. २ दुवाकोट, भौखेल पिपलबोट गेटमा शनिबार स्तालिनको १४५ औं र माओ त्सेतुङको १३० औं जन्मदिवस मनाइयो। कार्यक्रममा नेमकिपा चाँगुनारायण नगर समितिका अध्यक्ष एवं जिल्ला उपाध्यक्ष न्हुछेभक्त फोजुले रुसमा स्तालिन र माओले गरेको योगदानबारे जानकारी दिँदै हुनान किसान आन्दोलनको महत्त्वबारे चर्चा गर्नुभयो।

स्थानीय गणेशराम सुवालले चीनमा मञ्चु सरकारले जनतामाथि गरेको अन्याय अत्याचारको विरोधमा माओले समाजवादी गणतन्त्र स्थापनाको निम्ति गरेको आन्दोलनको चर्चा गर्नुभयो।

गोविन्दराम सुवालको सभापतित्वमा भएको उक्त सभामा किसान सङ्घका नेत्रबहादुर थापा, पर्शुराम गिरी, युवा सङ्घका रोजित मुलेपतिलगायतले बोल्नुभएको थियो। भेलाले गोविन्दराम सुवालको अध्यक्षतामा नेपाल क्रान्तिकारी किसान सङ्घ चाँगु २ वडा एकाइ गठन गर्‍यो।

**कालीकोट**

नेपाल मजदुर किसान पार्टी शुभकालिका गाउँपालिका वडा नं. ३ को आयोजनामा वडा समितिका अध्यक्ष प्रकाशबहादुर शाहीको अध्यक्षतामा १३० औं माओ त्सेतुङको जन्म दिवस सम्पन्न भयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले माओ त्सेतुङ विचारधारा संसारका कामदार जनताको मुक्तिको मार्ग भएको बताउनुभयो। उहाँले आफूलाई कम्युनिस्ट दाबी गर्ने केही शासक दलहरू जनता झुक्याएर आफू सत्तामा जान मात्र माओको तस्बिर झुन्ड्याएको बताउनुभयो।

उहाँले इजरायली प्रम नेतन्याहुले संयुक्त राष्ट्रसङ्घको महासभामा प्यालेस्टिन नरहने गरी नक्सा सार्वजनिक गरेकै कारण प्यालेस्टिनी जनता र हमासले प्रतिरोध गरेको बताउनुभयो। उहाँले देशका शासक दलहरू अमेरिकी साम्राज्यवादकै दलाल भएका कारण प्यालेस्टिनमाथिको नरसंहारको विरुद्ध आवाज उठाउन नसकेको तर नेपाल मजदुर किसान पार्टीले इजरायली फासीवादको बर्बरताको विरुद्ध आवाज उठाएर आफ्नो अन्तर्राष्ट्रिय कर्तव्य पूरा गरेको बताउनुभयो।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय उपाध्यक्ष नरदीप शाहीले माओ त्सेतुङको जीवनीको चर्चा गर्दै माओ एक अध्ययनशील, उच्च मनोबल सरल स्वभाव र आधुनिक चीन निर्माणको आधारशिला भएको बताउनुभयो। उहाँले भन्नुभयो, "कम्युनिस्टहरूले उत्पादनका मुख्यमुख्य साधन र सेवाहरू सामाजिकीकरण गर्ने गर्छन्। देशभित्र योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त गर्छन्; शोषणको अन्त्य गर्छन्।"

कार्यक्रममा पार्टी जिल्ला समितिका अध्यक्ष खड्गराज शाही, जिल्ला समिति सदस्य सूर्यबहादुर शाही, नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य जयसरा रोकामगर, शिक्षक तुलाराम धितालगायतले बोल्नुभएको थियो। सभा सुरु हुनुअगाडि बाजागाजासहित जुलुसले गोठीमुला हुँदै बाचौरसम्म परिक्रमा गरेको थियो।

**कैलाली**

नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति कैलालीको आयोजनामा विश्व सर्वहारा वर्गका नेता एवं चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओ त्सेतुङको जन्म दिवसको अवसरमा लम्किचुहामा कार्यकर्ता प्रशिक्षण कार्यक्रम बुधबार सम्पन्न भयो।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले अध्यक्ष माओको योगदानबार जानकारी दिँदै चीन विश्व महाशक्ति बन्न सक्नुमा अध्यक्ष माओको नेतृत्वको महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो।

चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा चिनियाँ जनक्रान्ति सफलतापूर्वक सम्पन्न भएको स्पष्ट पार्दै उहाँले मार्क्सवादलाई चिनियाँ भूमिमा सफलतापूर्वक सम्पन्न गरी माओ विचाराधारा स्थापित भएको बताउनुभयो।

हमासलाई आक्रमण गर्ने निहुमा इजरायलले सर्वसाधारण प्यालेस्टिनी जनताका हत्या गरिरहेकोले विश्वभरका न्यायप्रेमी जनताले इजरायलको विरोध गरिरहेका छन्, उहाँले भन्नुभयो।

नेमकिपा कैलालीका अध्यक्ष रमेश कुमार रावलले माओ त्सेतुङकै नेतृत्वमा चीनले जापानी साम्राज्यवादलाई परास्त गर्न सकेको बताउनुभयो।

माओको विभिन्न रचनाहरू अध्ययन गरी कार्यकर्ताहरूले व्यवहारिक र सांस्कृतिकस्तर उकास्नुपर्नेमा जिल्ला अध्यक्ष रावलले जोड दिनुभयो।

नेक्राशिसङ्घ कैलालीका अध्यक्ष गुप्तबहादुर शाहीले माओको जीवनी र जीवन सङ्घर्षबारे प्रकाश पार्नुभयो।

कार्यक्रममा नेक्रामहिला सङ्घ कैलाली अध्यक्ष लक्ष्मी पुन, गगनबहादुर थापामगर, ज्योति बडुवाल, धनबहादुर थापा, भक्तिप्रसाद न्यौपाने, गजबहादुर दर्लामी, जानकी शाही, प्रेम बडुवाललगायतले बोल्नुभएको थियो।

त्यस्तै नेमकिपा कैलालीको आयोजनामा पुस ७ गते जोसेफ स्तालिनको जन्म दिवसको अवसरमा लम्किचुहामा कार्यकर्ता प्रशिक्षण सम्पन्न भयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाही, नेमकिपा कैलाली अध्यक्ष रमेशकुमार रावल, लक्ष्मी पुन, गगनबहादुर थापामगर, ज्योति बडुवाल, गुप्तबहादुर शाही, प्रेम बडुवाल, हिक्मत भण्डारीलगायतले बोल्नुभएको थियो।

# "हामी सबै प्यालेस्टिनी बन्दै छौं"

✍ जेरेमी कुजमारोभ

विश्वभरिका जनताको असन्तोष बढ्दै जाँदा पुँजीवादी सम्भ्रान्तहरू प्यालेस्टिनी जनतालाई थामथुम पार्ने इजरायली काइदा लागु गर्न जोड दिँदै छन् ।

सारा संसारले गाजाका जनतामाथि इजरायली सैन्य हमलाको ताण्डव नाच हेर्दै छ । इजरायललाई रोक्न विश्वका नेताहरूले किन सिन्को नभाँचेका होलान् ? इजरायललाई किन नरसंहार गर्न खुला छोडेका होलान् ? विश्वभरिका जनता प्रश्न गर्दै छन् ।

इजरायली मूलका अमेरिकी मानवशास्त्री जेफ हाल्परसँग यी प्रश्नको स्पष्ट उत्तर छ । इजरायली इतिहासबारे उनका धेरै कृतिहरू प्रकाशित छन् ।

उनको विचारअनुसार मुठ्ठीभर पुँजीवादी सम्भ्रान्तहरूको हातमा धन सोहोरिँदै जाँदा संसारभरिका नेताहरू असुरक्षित महसुस गर्दै छन् । सम्भ्रान्तहरूको हातमा धन थुप्रिँदै जाँदा विश्वभरि जनअसन्तोष छाएको छ र यसले विद्रोहको 'खतरा' बढेको छ । नेताहरूले असुरक्षित महसुस गर्नुको कारण यो हो ।

प्यालेस्टिनी जनताविरुद्ध जनसङ्ख्या नियन्त्रण विधिमा इजरायलले महारत हासिल गरेको छ । विश्वका धेरै नेताहरू यसरी नै आफ्नो देशभित्रका विरोधी वा अल्पसङ्ख्यकको वृद्धि रोक्न चाहन्छन् ।

हाल्परको विचारमा इजरायलको तुरुप पत्ती उसको बलशाली हतियार उद्योग हो । यही उद्योगको बलमा उसले विश्वका विभिन्न देशलाई जनसङ्ख्या नियन्त्रण गर्ने असरदार र उन्नत हतियार आपूर्ति गर्ने गर्छ ।

निगरानी भूउपग्रह, हतियारबन्द निगरानी ड्रोन, कृत्रिम बौद्धिकतासहितको पहिचान प्रणाली, गुप्तचरी उपकरणहरू तथा भिड नियन्त्रण र साइबर युद्धकला प्रविधिको विकासमा इजरायल धेरै अगाडि छ । उसले विश्वभरि नै यी उपकरण वा हतियार बेच्दै आएको छ ।

इजरायलले प्रहरी र सेनालाई तालिम दिन्छ र भाडाका छापामारहरूलाई चाहिने सामग्री पनि आपूर्ति गर्छ । उसले तालिम दिएका मानिसहरू संसारका विभिन्न राष्ट्रपतिहरूको सुरक्षा गार्डदेखि लिएर लागूऔषध कारोबारीहरूको सुरक्षापङ्क्तिसम्म भेटिन्छन् ।

इजरायली सैन्य सहयोगमा निर्भर हुनाले केही हदसम्म इजरायलको आलोचना गरेजस्तो देखिए पनि धेरै देशले हात बाँधिराखेका हुन् । इजरायली सैन्य सहयोगकै कारण तिनीहरूले इजरायलमाथि आर्थिक प्रतिबन्ध वा नाकाबन्दी वा विश्व व्यापारबाट उसको नाल काट्न मानिरहेका छैनन् ।

युद्ध उद्योग प्रतिकार सञ्जाल तथा म्यासाच्युसेट्स शान्ति पहल नामक संस्थाहरूको आयोजनामा डिसेम्बर ६ मा सम्पन्न वेबिनारमा हाल्परले आफ्नो विचार राखेका थिए । उनको प्रस्तुतिमा एउटा नक्सा देखाइएको थियो । नक्सामा विश्वका धेरै देशले इजरायलबाट हतियार किन्ने गरेको देखियो ।

ती देशहरूमध्ये केहीमा तानाशाही व्यवस्था छ । अमेरिकाले समेत तिनलाई हतियार बेच्दैन । इक्वेटोरियल गिनी र म्यानमार यसका उदाहरण हुन् ।

इजरायल चीनलाई हतियार बेच्ने आपूर्तिकर्तामा दोस्रो नम्बरमा आउँछ । भारतको हकमा इजरायल पहिलो नम्बरको हतियार आपूर्तिकर्ता हो । प्रतिवर्ष इजरायलबाट भारतले १ अर्ब डलरभन्दा बढी रकमको हतियार खरिद गर्दै आएको छ ।

इजरायलले दक्षिण कोरिया, ब्राजिल, रुस, इथियोपिया, नाइजेरिया, युगान्डा, टर्की र अजरबैजानलाई पनि हतियार आपूर्ति गर्छ । अजरबैजानले आफ्ना अल्पसङ्ख्यक आर्मेनियालीहरूविरुद्ध इजरायली हतियारको प्रयोग गरेको थियो ।

हाल्पर इजरायललाई विश्वभरि पुँजीवादी व्यवस्था लागु पर्ने प्रमुख खेलाडीमध्ये एक मान्छन् । ८ वर्षअघि ऊसँग हतियार खरिद गर्ने देशको सङ्ख्या १३० मात्र थियो । अहिले उसको हतियार व्यापार संसारका १९१ देशमा फैलिएको छ ।

प्यालेस्टिनको अतिक्रमित भूमि नयाँ इजरायली हतियार र विद्रोह नियन्त्रण विधिको प्रयोगशाला बन्दै आएको छ । यसमा उसले अमेरिकी सेनासँग नजिक रहेर काम गर्छ । प्यालेस्टिनी भूमिमै अमेरिकाले बनाउने नयाँ हतियारको परीक्षण पनि हुने गरेको छ ।

अमेरिकी नेताहरू इजरायलको प्रेमपासोमा छन् । उनीहरू इजरायलको नक्कल गर्न खोज्छन् । प्यालेस्टिनी जनताविरुद्ध जबर्जस्त युद्धमा इजरायलले प्राप्त गर्दै आएको सफलताबाट उनीहरू कायल छन् । भियतनाम, अफगानिस्तान, इराक र सिरियाको युद्धमा अमेरिकी नेताहरूले त्यस्तो 'सफलता' हात पार्न सकेनन् ।

गाजावरिपरि इजरायलले सेन्सरयुक्त पर्खाल लगाएको छ । अमेरिकी नेताहरू अमेरिका-मेक्सिको सिमानामा पनि यस्तै पर्खाल निर्माण गर्न चाहन्छन् ।




हाल्परले सचेत पार्दै "हामी सबैलाई प्यालेस्टिनीकरण गरिने" खतरा छ भने ।

यी सबै विश्वभरिका पुँजीवादी सम्भ्रान्त तथा तिनलाई प्रतिनिधित्व गर्ने राजनीतिक नेतृत्वका खेल हुन् । उनीहरू आफ्नो धन र शक्ति जोगाउन हरसम्भव दमनकारी उपाय अपनाउँदै छन् ।

**आफूमाथि हमला गर्न खर्च दिने नेतन्याहु**

इजरायलले गाजामा आत्मरक्षाका लागि लडिरहेको दाबी गर्दै छ । तर हमासलाई माथि ल्याउन इजरायलले नै खर्च उठाएको नयाँ विवरणहरू बाहिर आएका छन् ।

डिसेम्बर १० मा 'द न्युयोर्क टाइम्स' समाचारपत्रमा एउटा लेख छापियो । शीर्षक थियो -रोकथाम विधि : हमास उकास्ने इजरायली योजनाको भित्री रहस्य । । लेखक थिए - मार्क माजेट्टी र रोनेन बर्गमन ।

लेख भन्छ, "वर्षौंसम्म कतारी सरकारले गाजापट्टीमा महिनैपिच्छे लाखौं डलर पठाउँदै आएको थियो । त्यही रकमले हमास सरकारलाई मलजल गर्न सघाउ पुग्यो । इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतन्याहुले त्यो सहयोग हेरेर मात्र बसेनन् बरु त्यस्तो सहयोगलाई उत्साहित पनि गरे ।" यसप्रकारको सहयोग संरा अमेरिकाका तीन राष्ट्रपतिहरू बाराक ओबामा, डोनाल्ड ट्रम्प र जो बाइडेनले पनि गरेका थिए ।

'टाइम्स' को उक्त लेख अनुसार यस्तो सहयोगलाई कतारी अधिकारीहरूले सुटकेसमा लगेर हमासलाई दिन्थे । कतारका ती सरकारी अधिकारीहरू इजरायली गुप्तचर संस्था मोस्सादको सुरक्षाघेरामा बसी गाजा जान्थे । यसरी बुझ्ने रकममध्ये केही रकम हमासले आफ्नो सैन्य कारबाहीमा खर्च गर्थ्यो । यी सैन्य कारबाहीमा इजरायललाई नै निसानामा राखिन्थ्यो । अक्टोबर ७ को हमलामा हमासले प्रयोग गरेको हतियार पनि इजरायली सहयोगबाटै खरिद गरिएको थियो ।

प्रधानमन्त्री बेन्यामिन नेतन्याहुले इजरायली अर्बपति वर्गको प्रतिनिधित्व गर्छन् । सरकारमा बसिरहनका लागि उनले आफ्नो देशलाई नियोजित रूपमै स्थायी युद्धको स्थितिमा राखेको विषयमा धेरै अनुसन्धानपूर्ण लेखहरू बाहिर आइसकेका छन् ।

अर्बपतिहरूले युद्ध र इजरायली युद्ध उद्योगबाट अकूत नाफा कमाउँदै आएका छन् । हामीलाई आतङ्कवादको खतरा छ भन्दै उनीहरूले फैलिँदो इजरायली सैन्य कारबाहीहरूलाई कानुनी जामा लगाउँदै आएका छन् । यी कारबाहीहरू प्यालेस्टिनी जनताको सफायातिर लक्षित हुन्छन् । यी कारबाहीमार्फत इजरायल 'ग्रेटर इजरायल' स्थापना गर्न लागि परेको छ ।

इजरायल-गाजा युद्धको मुखमा इजरायलमा ठूला विरोधप्रदर्शन हुँदै थिए । बढ्दो चरम असमानता एवम् न्यायपालिकालाई कार्यपालिकाको मुठ्ठीमा लग्ने प्रयासविरुद्ध इजरायली जनता सडकमा उत्रेका थिए । प्रम नेतन्याहुमाथि ठूला घोटालाहरू गरेको आरोप थियो ।

युद्ध सुरु भएलगत्तै विरोध प्रदर्शनहरू बन्द भए । नेतन्याहु इजरायलका सम्पूर्ण तह र तप्कालाई विदेशी शत्रुविरुद्ध एकढिक्का बनाउने उही पुरानो भूमिकामा फर्के । जब कि यो 'विदेशी शत्रु' (हमास) लाई उनी सम्मिलित शासक तप्काले शक्तिशाली बन्न सघाएको थियो ।

'द न्युयोर्क टाइम्स' को अक्टोबर ३१ को अङ्कमा एउटा लेख छापियो । शीर्षक थियो - तिनीहरूले काम गर्न मानेनन् : अहिले तिनैले इजरायली युद्धप्रयासको पक्ष लिएका छन् । यो लेखमा नेतन्याहुविरुद्ध सडक सङ्घर्षमा उत्रिने पूर्व आन्दोलनकारी अगुवाहरूको चर्चा छ । तिनीहरूले कुनै बेला इजरायली सेनामा नजाने किरिया खाएका थिए । तर, अहिले तिनैले इजरायली युद्धप्रयासको पक्ष लिएका छन् । नोभा हत्याकाण्डको प्रतिक्रियामा उनीहरूको विचार १८० डिग्री घुमेको छ । गाजा युद्धका लागि सैनिक उपकरण तथा लत्ताकपडा आपूर्ति गर्न तिनीहरू जोडतोडले लागेका छन् ।

हमासको हमलाबारे पूर्व जानकारी भएर पनि नेतन्याहु सरकारले बेवास्ता गर्नुमा आश्चर्य मान्नुपर्ने कुनै कारण छैन !

डिसेम्बर २० मा 'टाइम्स' मा अर्को लेख छापियो । शीर्षक थियो - अक्टोबर ७ पछि इजरायलीहरू राजनीतिक रूपमा अझ बढी पुरातनपन्थी बनेका छन् । लेखिका थिइन् - शेरा फ्रेङ्कल ।

लेखमा तीन तथ्यमा जोड दिइएको छ । एक, अक्टोबर ७ को हमलापछि इजरायलमा भइरहेका शान्तिपूर्ण धर्ना कार्यक्रमहरू बन्द भएका छन् । दुई, इजरायलमा वामपन्थी शब्द अहिले सबैभन्दा घिनलाग्दो बन्दै छ । तीन, धेरै मुद्दाहरूमा इजरायलीहरू दक्षिणपन्थी बनिरहेका छन् । तिनीहरूले पश्चिम किनाराका इजरायली बसोबासीहरूको ज्यादतीलाई समर्थन गर्दै छन्, अति दक्षिणपन्थी नेताहरूको पक्ष लिँदै छन् र गाजामा सैनिक कब्जा पुन:स्थापित गर्नुपर्ने विचार राख्दै छन् ।

टाइ स्नाइडर 'टाइम्स अफ इजरायल' पत्रिकाका स्तम्भकार हुन् । उनले भने, "अक्टोबर ७ को रनाहाले इजरायली समाजलाई उलटपुलट पारेको छ । तिनीहरू आफ्नो घरमा सुरक्षित छु कि छैन भन्ने आधारभूत प्रश्न गर्दै छन् । तिनीहरू अझ बढी सेना, अझ बढी सुरक्षा, अझ कडा नीतिहरू भन्दै छन् ।" यी दृश्यहरू सन् २००१ सेप्टेम्बर ११ को हमलापछि संरा अमेरिकामा देखिएका दृश्यसँग मिल्दाजुल्दा छन् ।

डिसेम्बर १० मा 'द टाइम्स' पत्रिकामा हमासलाई आर्थिक सहयोग गर्नुपछाडि नेतन्याहुको स्वार्थबारे चर्चा गरिएको छ । सो लेखअनुसार इजरायलले पश्चिम किनारामा शासन गर्ने प्यालेस्टिनी प्राधिकरणलाई टक्कर दिनका लागि नेतन्याहुले योजनाबद्ध रूपमा हमासलाई आर्थिक सहयोग गरेको तथ्यमा जोड दिइएको छ ।

सन् २०१२ मा नेतन्याहुले इजरायली पत्रकार डान मार्गलितसँग कुराकानी गरेका थिए । उनले स्पष्ट शब्दमा हमासले इजरायली वैधानिकतालाई अस्वीकार गर्ने र एकैचोटि दुईटा शत्रु राख्दा प्यालेस्टिनी राज्यको माग पूरा गर्नुपर्ने आफूमाथि दबाब घट्न जाने बताएका थिए ।

श्लोमो ब्रोम अवकाशप्राप्त जर्नेल हुन् । उनी कुनै बेला इजरायली राष्ट्रिय सुरक्षा सल्लाहकारका सहायक थिए । उनले भने, "दुई राज्य समाधानतर्फ जान नदिनका लागि गाजापट्टी र पश्चिम किनाराबीच फुट ल्याउनुपर्छ । यो नै सबैभन्दा भरपर्दो उपाय हो ।" उनले भनेजस्तो फुटबाट नेतन्याहुले शान्तिवार्तामा नजाने निहुँ पाउने भए र उनले भन्ने भए, "वार्ता गर्नुपर्ने पक्ष नै छैन ।" बेजालेल स्मोत्रिक चरम दक्षिणपन्थी नेता हुन् । अहिले उनी नेतन्याहुका वित्तमन्त्री छन् । सन् २०१५ मा उनले इजरायली नीतिबारे प्रस्ट भाषामा भनेका थिए, "प्यालेस्टिनी प्राधिकरण बोझ हो । हमास हाम्रो सम्पत्ति हो ।"

इजरायली सरकारको नियत दुष्ट छ । यसबाट इजरायलीहरूको सुरक्षा गर्न सैन्य कारबाही गरेको हुँ भन्ने नेतन्याहुको दाबी झूटो हो भनी पुष्टि हुन्छ । किनभने उनले जोतिर ताकिरहेका छन्, त्यो शत्रुलाई उनी आफैले खर्च दिएर हुर्काएका हुन् ।

**अराजकताका दलालहरू**

आमी आयलन नेतन्याहुका आलोचक हुन् । उनी पहिले इजरायलको घरेलु गुप्तचर निकाय शिनबेत प्रमुख थिए । उनले भनेका थिए - इजरायल ...अराजकताका दलालहरूको नियन्त्रणमा छ र तिनीहरूको उद्देश्य गाजामा 'मानव विपत्ति' पैदा गर्नु हो किनभने 'अराजकताबाट फेरि पुरानै सिलसिला सुरु गर्न मिल्छ' । आयलनले भने - अल-कायदा र इजइजजस्ता 'कट्टरपन्थी अतिवादी मुसलमान सङ्गठनहरूको सिद्धान्त पनि यही हो' ।

राजनीतिक उद्देश्य किटान नगरी युद्धमा जानु मूर्खता हो भन्दै उनले जोड दिए । उनले भने, "सैनिक उद्देश्य कहिल्यै अन्तिम होइन । सेना साधन मात्र हो । युद्ध उद्देश्य होइन ।...सैनिक उपलब्धिमा विजयलाई नाप्न सकिन्न । तसर्थ 'युद्धपछिको कुरा' चलाउँदै गर्दा विजयी नभएरै हामीले विजयको अर्को परिभाषा दिन खोज्दै छौं । यो ठूलो असफलता हो ।"

**महाराज नेतन्याहुको गद्दीच्युती**

डिसेम्बर २५ मा इजरायली पत्रिका 'हारेत्ज' ले सम्पादकीय लेख्यो - महाराज बिबीको गद्दीच्युती । (अनौपचारिक रूपमा प्रम बेन्यामिन नेतन्याहुलाई सङ्क्षेपमा बिबी भन्ने गरिन्छ । इजरायली 'प्रजातन्त्र' मा नेतन्याहु १७ वर्ष प्रधानमन्त्री भइसकेका छन् । यसैलाई लिएर उनलाई महाराज भनी कटाक्ष गरिएको हो । अनु.) अक्टोबर ७ अगाडि इजरायल नै हल्लाउने गरी जसरी नेतन्याहु र उनको सरकारविरुद्ध ठूलाठूला विरोध प्रदर्शन भएका थिए, ती आन्दोलन फेरि ब्युँतिने परिस्थिति बन्दै छ ।

त्यो बेलाको आन्दोलन नेतन्याहुको तानाशाही शैलीको 'न्यायपालिका सुधार' विरुद्ध केन्द्रित थियो । अबको आन्दोलन अक्टोबर ७ र वर्तमान युद्धको माहोल बनाउनमा 'बिबी महाराज' को दोषतिर औंला ठड्याउँदै अघि बढ्ने देखिन्छ ।

'हारेत्ज' ले लेख्यो, "रक्षा, कूटनीति र सामाजिक विफलताको सबैभन्दा ठूलो दोष प्रधानमन्त्री बेन्यामिन नेतन्याहुलाई नै जान्छ । यही असफलताका कारण अक्टोबर ७ को हत्याकाण्ड र त्यसपछिको युद्ध आइलागेको हो । तेलअभिव, हाइफा र सिजरियामा गत शनिबार राति हजारौं प्रदर्शनकारीको विरोध प्रदर्शन गरे । उनीहरूले प्रम नेतन्याहुको राजीनामा मागे । यसबाट आन्दोलनको लहर ब्युँतिने र अबको सडक आन्दोलनमा सहभागीहरूको सङ्ख्या ह्वात्तै बढ्ने परिस्थिति परिपक्व भएको पुष्टि हुन्छ ।"

नेतन्याहुले अक्टोबर ७ को विपत्तिको जिम्मेवारी लिन नमानेको बरु इजरायली सेना, गुप्तचर निकाय, ओस्लो शान्ति सम्झौतालाई दोष दिएको दैनिक पत्रिका 'हारेत्ज' ले लेखेको छ । नेतन्याहुले '(पूर्व प्रम) यित्जाक रबिन र उनको बाटोमा हिँड्नेहरू' दोषी रहेको बताए । 'हारेत्ज' लेख्छ, "माथिका सबैलाई दोष दिएर उनी पानीमाथिको ओबानो बन्न खोजे । चरम दक्षिणपन्थीहरूको सेवामा आफूले अगाडि बढाएको न्यायिक सत्ताविद्रोहको उच्चारणसम्म गरेनन् । न्यायपालिकालाई निल्ने र यहुदी अहङ्कारवाद लागु गर्ने सोचको कुरै निकालेनन् ।"

'हारेत्ज' को निष्कर्ष छ - "इजरायलमाथि विपत्ति ल्याउनेलाई गद्दीबाट खसाल्ने अठोटसहित आन्दोलनमा उत्रिनुपर्ने र उसले तहसनहस पारेको देशको मुहार फेर्न अरूलाई मौका दिनुपर्नेबेला आएको छ ।"

('कोभर्ट एक्सन म्यागेजिन' बाट । सम्यक)

# कामरेड माओ त्सेतुङको १३० औँ जन्मजयन्तीको उपलक्ष्यमा आयोजित गोष्ठी, सीको महत्त्वपूर्ण सम्बोधन

चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) को केन्द्रीय समितिले डिसेम्बर २६ का दिन बिहान बेइजिङको ग्रेट हल अफ द पिपुलमा कमरेड माओ त्सेतुङको १३० औँ जन्मजयन्तीको सम्झनामा गोष्ठी आयोजना गऱ्यो। चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव, चिनियाँ राष्ट्रपति एवम् केन्द्रीय सैन्य आयोगका अध्यक्ष सी चिन फिङले महत्त्वपूर्ण भाषण गर्नुभयो। सो अवसरमा उहाँले माओ एक महान् मार्क्सवादी र एक महान सर्वहारा क्रान्तिकारी, रणनीतिकार र सिद्धान्तकार हुनुहुन्थ्यो भन्नेमा जोड दिनुभयो। सीले अगाडि भन्नुभयो, मार्क्सवादलाई चिनियाँ परिप्रेक्ष्यमा ढाल्ने र चीनको समाजवादी आधुनिकीकरणको आधारशिला निर्माणमा माओ एक महान मार्गनिर्देशक हुनुहुन्थ्यो। उहाँ आधुनिक चिनियाँ इतिहासमा एक महान देशभक्त र राष्ट्रिय नायक र पार्टीको केन्द्रीय नेतृत्वको पहिलो पुस्ताको मूल हुनुहुन्थ्यो। उहाँ एक महान् व्यक्ति हुनुहुन्थ्यो जसले चिनियाँ जनतालाई आफ्नो भाग्य र समग्र राष्ट्रलाई परिवर्तन गर्न नेतृत्व गर्नुभयो र उत्पीडित राष्ट्रहरूको मुक्ति र विश्वव्यापी मानव प्रगतिको कारणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने एक महान् अन्तर्राष्ट्रियवादी हुनुहुन्थ्यो। माओ त्सेतुङ विचारधारा हाम्रो पार्टीको बहुमूल्य वैचारिक सम्पदा हो र यसले आगामी लामो समयसम्म हामीले गर्ने कार्यलाई निरन्तरता दिनेछ। माओको सम्झना गर्ने सबैभन्दा राम्रो उपाय भनेको उहाँले सुरु गर्नुभएको उद्देश्यलाई निरन्तर अगाडि बढाउनु हो।

कार्यक्रममा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्यूरोको स्थायी समितिका सबै सदस्य ली छ्याङ, झाओ लेजी, वाङ हुनिङ, डिङ सुएङ र ली सी र चिनियाँ उपराष्ट्रपति हान झेङले पनि भाग लिनुभएको थियो। चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्यूरोको स्थायी समितिका सदस्य चाइ छिले उक्त गोष्ठीको अध्यक्षता गर्नुभयो।


आफ्नो भाषणमा सीले माओले आफ्नो जीवन राष्ट्रिय समृद्धि हासिल गर्न, चिनियाँ राष्ट्रको पुनरुत्थान र जनताको हितको प्रवर्द्धनमा समर्पित गरेको कुरा औंल्याउँदै भन्नुभयो, उहाँले मार्क्सवादलाई चिनियाँ परिप्रेक्ष्यमा ग्रहण गर्ने, चिनियाँ महान्, गौरवशाली र सही कम्युनिस्ट पार्टीको स्थापना गर्ने, देशको मालिकको हैसियत उपभोग गर्दै नयाँ चीनको स्थापना गर्ने, उन्नत समाजवादी राष्ट्र निर्माण गर्ने ऐतिहासिक प्रक्रिया सुरु गर्न जनताको नेतृत्व गर्नुभयो। नयाँ जनवादी प्रणाली र जनताको सेनाको नयाँ मोडेल निर्माण गर्दै जुन अजेय छ। उहाँले चिनियाँ राष्ट्र र चिनियाँ जनताका लागि अमिट ऐतिहासिक योगदान दिनुभयो र इतिहासमा स्मरणीय योगदान दिनुभयो।

सीले जोड दिनुभयो कि कमरेड माओ त्सेतुङले आफ्नो सम्पूर्ण जीवन पार्टी र जनताको लागि समर्पित गर्नुभयो र भावी पुस्ताका लागि उच्च र प्रेरणादायी भावना छोडेर जानुभयो। महान् क्रान्तिकारी नेताका रूपमा कमरेड माओले दूरदर्शी राजनीतिक दृष्टि, दृढ क्रान्तिकारी विश्वास, नयाँ बाटो प्रज्वलन गर्ने असाधारण साहस, सङ्घर्ष गर्ने सिद्ध कला, उत्कृष्ट नेतृत्व, जनताप्रति गहिरो चासो, खुला एवं फराकिलो आचरण र कडा प्रयासको अनुकरणीय कार्य नैतिकताको प्रदर्शन गर्नुभएको थियो। फलस्वरूप, उहाँले सम्पूर्ण पार्टी र सबै जातीय समूहका मानिसहरूको माया र सम्मान कमाउनुभयो। कामरेड माओको महान भावनाले हामीलाई अगाडि बढ्न प्रेरणा दिने प्रेरणादायी शक्ति सदैव रहनेछ।

सीले चीनलाई बलियो राष्ट्रको रूपमा अगाडि बढाउने र चिनियाँ आधुनिकीकरणको मार्गबाट सबै पक्षमा चिनियाँ राष्ट्रको महान् कायाकल्पलाई साकार पार्ने सम्पूर्ण पार्टी र सबै जातजातिका जनताको नयाँ युगमा नयाँ यात्रामा केन्द्रित कार्य भएको बताउनुभयो। यो माओ त्सेतुङजस्ता क्रान्तिकारीहरूको पुरानो पुस्ताको कारणले हो र यो समकालीन चिनियाँ कम्युनिस्टहरूको गम्भीर ऐतिहासिक जिम्मेवारी हो। नयाँ यात्रामा हामीले हाम्रो मौलिक आकाङ्क्षा र संस्थापक मिशनलाई कहिल्यै बिर्सनुहुँदैन, हाम्रो इतिहासमा विश्वस्त हुनुपर्दछ र चिनियाँ आधुनिकीकरणको महान् उद्देश्यलाई निरन्तर अगाडि बढाउन ऐतिहासिक पहल गर्नुपर्दछ।

चिनियाँ आधुनिकीकरण चिनियाँ जनताको कारक हो र हामीले जनतामा निहित अटुट बुद्धिमता र शक्तिलाई जम्मा गर्न र जनताको ऐतिहासिक पहललाई पूर्णरूपमा उत्प्रेरित गर्नुपर्छ भन्ने कुरामा माओले जोड दिनुभयो। ऐतिहासिक भौतिकवादको आधारभूत दृष्टिकोणलाई पालना गर्नु, जनता इतिहास सिर्जना गर्ने आधारभूत चालक शक्ति हुन्, जनताको मुख्य स्थानलाई कायम राख्नु, यसलाई हाम्रो कामको आधारभूत उद्देश्यको रूपमा लिनु, जनताको मौलिक हितको रक्षा, अनुभूति र विकास गर्नु महत्त्वपूर्ण छ। साथै सबै चिनियाँ जनताले आधुनिकीकरणका उपलब्धिहरूलाई थप न्यायोचित रूपमा बाँडफाँड गर्ने सुनिश्चित गर्नका लागि जनताको विशाल बहुमतलाई देशको मालिकको रूपमा जनताको हैसियत सुनिश्चित गर्ने व्यवस्थाको स्थापना गर्ने, सामाजिक निष्पक्षता र न्यायलाई कायम राख्ने संयन्त्रमा सुधार गर्ने, जनताको हित सुनिश्चित गर्ने र सुधार गर्नेतर्फ केन्द्रित हुने, नयाँ युगमा जन रेखालाई सधैं कायम राख्ने प्रयास गर्नुपर्छ। जनतासँग घनिष्ट सम्बन्ध, जनताबाट आलोचना र पर्यवेक्षण स्वीकार, जनतासँगै समान हावामा सधैं सास फेर्ने, समान भविष्य साझा गर्ने र चिनियाँ आधुनिकीकरणलाई अगाडि बढाउनको लागि सबैभन्दा भरपर्दो, गहिरो र दिगो शक्तिको स्रोत प्रदान गर्न तिनीहरूसँग साँच्चै जोडिएर रहन जरुरी छ।

समयको आवश्यकताअनुसार मार्क्सवादलाई अडिग रूपमा पालना र अनुकूलन गर्ने, व्यावहारिक अनुभवको आधारमा सैद्धान्तिक व्यवहारलाई जोडदार रूपमा अगाडि बढाउने र चिनियाँ विशेषताहरूसहितको मार्क्सवादी सिद्धान्तलाई सचेत रूपमा प्रयोग गरेर नयाँ अभ्यासहरू निर्देशित गर्ने चिकपाको सफल दृष्टिकोण रहेको सीले



औंल्याउनुभयो। माओले बृहत् ऐतिहासिक पहल प्रदर्शन गर्नुभयो, समयसँग तालमेल राख्नुभयो, र यसको उपक्रमहरूको विकासको लागि निरन्तर नयाँ आधारहरू तयार गर्नुभयो। अभ्यास वा सैद्धान्तिक व्यवहार कहिल्यै छोड्नु भएन। यो सत्यलाई बुझ्नको लागि कहिल्यै अन्त्य नहुने प्रक्रिया हो, त्यसैले हामीले मार्क्सवादलाई चिनियाँ सन्दर्भ र हाम्रो समयका आवश्यकताहरू अनुरूप अनुकूलन गर्न निरन्तर नयाँ सीमा खोल्नुपर्छ। चिनियाँ आधुनिकीकरणले चिनियाँ कम्युनिस्ट पार्टीको सैद्धान्तिक आविष्कारका लागि व्यापक सम्भावनाहरू खोलेको छ र नयाँ, थप कठिन र माग गर्ने कार्यहरू अगाडि बढाएको छ। हामीले मार्क्सवादका आधारभूत सिद्धान्तहरूलाई चीनको विशिष्ट वास्तविकता र राम्रो परम्परागत संस्कृतिसँग जोड्न, चिनियाँ आधुनिकीकरणलाई अगाडि बढाउनका लागि कानुनहरू राम्ररी अन्वेषण गर्नुपर्छ, अभ्यासद्वारा प्रस्तुत गरिएका नयाँ प्रश्नहरूको निरन्तर जवाफ दिनुपर्छ र सैद्धान्तिक छलफल र नयाँ विचार अन्वेषण प्रयोग गरेर व्यावहारिक अन्वेषणलाई मार्गदर्शन गर्नुपर्छ।

सीले सुधार र खुलापन नै चीनले समयलाई समात्न सक्षम हुनुको प्रमुख कारण भएको र चिनियाँ आधुनिकीकरण सफल हुन्छ कि हुँदैन भनेर निर्धारण गर्ने प्रमुख कदम भएको कुरामा जोड दिनुभयो। चिनियाँ आधुनिकीकरणलाई प्रवर्द्धन गर्न हामीले सुधार र खुलापनलाई अझ व्यापक रूपमा गहिरो बनाउनुपर्छ, सामाजिक उत्पादक शक्तिहरूलाई निरन्तर मुक्ति र विकास गर्नुपर्दछ र सामाजिक जीवन शक्तिलाई मुक्त र वृद्धि गर्नुपर्दछ। समयको नयाँ प्रवृत्तिलाई आत्मसात गर्ने, विकासका नयाँ आवश्यकताहरू पूरा गर्ने र जनताका नयाँ अपेक्षाहरू पूरा गर्न आवश्यक छ। अन्तिम समयसम्म सुधार गर्ने दृढ सङ्कल्पका साथ हामीले ठोस कदम चाल्नुपर्छ, कठिनाइहरूको सामना गर्ने साहस गर्नुपर्छ, सटीक र समन्वित प्रयासहरू गर्नुपर्छ र हाम्रो प्रयासमा कहिल्यै पनि कमी आउनुहुँदैन। यस्तो भावनामा हामी चिनियाँ आधुनिकीकरणको सहज प्रगतिमा बाधा पुऱ्याउने सबै संस्थागत बाधाहरूलाई दृढतापूर्वक हटाउनेछौं, चिनियाँ आधुनिकीकरणका सबै पक्षहरूमा नयाँ प्रेरणा दिनेछौं र चिनियाँ आधुनिकीकरणको विकासको लागि ठाउँलाई निरन्तर विस्तार गर्नेछौं।

सीले चिनियाँ आधुनिकीकरण चिकपाको नेतृत्वमा भएको समाजवादी आधुनिकीकरण हो भनी औंल्याउनुभयो। हामीजस्तो ठूलो पार्टीले सामना गर्ने नौला चुनौतीहरूको सामना गर्न सधैं सजग र दृढ भएर र पार्टीलाई थप बलियो बनाएर मात्र हामी छालहरू र आँधीबेहरीहरू हुँदै चिनियाँ आधुनिकीकरण अघि बढ्छ र स्थिर रूपमा अगाडि बढ्छ भन्ने कुरा सुनिश्चित गर्न सक्छौं। हामीले नयाँ युगमा पार्टी निर्माणका लागि सामान्य आवश्यकताहरू कार्यान्वयन गर्नुपर्दछ, पार्टी निर्माणका कामका सबै पक्षहरूलाई मार्गदर्शन गर्न पार्टी राजनीतिक भवन प्रयोग गर्नुपर्दछ, पूर्ण र कठोर पार्टी स्वशासनको अभ्यास गर्न प्रणालीमा सुधार गर्नुपर्दछ, र आत्म-सुधार र आत्म-नविकरणमार्फत पार्टीको आत्मशुद्धिलाई व्यापक रूपमा प्रवर्द्धन गर्नुपर्दछ। पार्टी आफ्नो मौलिक आकाङ्क्षा र लक्ष्यप्रति सच्चा रहन र सधैं जीवन्त र बलियो रहन, समयको अग्रपङ्क्तिमा रहनका लागि अधिकारीहरूमा भ्रष्ट नबन्ने साहस, अवसर वा चाहना नहुने गरी समन्वयात्मक कदम चाल्न जारी राख्नु महत्त्वपूर्ण छ। त्यसो गरेर, हामी यो सुनिश्चित गर्न सक्छौं कि पार्टीले कहिल्यै आफ्नो ध्येय, आफ्नो विश्वास वा चरित्र परिवर्तन गर्दैन।

सीले चिनियाँ आधुनिकीकरणका लागि चिनियाँ राष्ट्रका सबै छोराछोरीहरूको ऐक्यबद्धताको आवश्यकतामा जोड दिनुभयो। 'एक देश, दुई प्रणाली' को नीतिका साथसाथै हङकङ प्रशासनमा प्रशासन चलाउने हङकङका जनता र उच्च स्तरको स्वायत्ततासहित मकाउ प्रशासन गर्ने मकाउका जनताको नीतिलाई अटल सङ्कल्पका साथ व्यापक र सही रूपमा कार्यान्वयन गर्न आवश्यक छ। हङकङ र मकाउमा कानुनमा आधारित शासनमा अडिग रहनु, 'एक देश, दुई प्रणाली' नीति लागू गर्नका लागि प्रणालीहरूलाई समर्थन र सुधार गर्नु र केन्द्रीय सरकारले हङकङ र मकाउ विशेष प्रशासनिक क्षेत्रहरूमा समग्र अधिकार क्षेत्र प्रयोग गर्ने सुनिश्चित गर्नु महत्त्वपूर्ण छ। सीले हङकङ र मकाउमा देशभक्तहरूद्वारा प्रशासित भएको देख्न र केन्द्र सरकारको समग्र अधिकार क्षेत्र र विशेष प्रशासनिकमा उच्चस्तरको स्वायत्तता सुनिश्चित गर्ने आवश्यकतामा जोड दिनुभयो। हङकङ र मकाउलाई आफ्नो अर्थतन्त्रको विकास गर्न, जनताको जीवनस्तरमा सुधार गर्न र उनीहरूको आर्थिक र सामाजिक विकासमा गहिरो समस्या र समस्याहरूको समाधान गर्न सहयोग गर्नु अनिवार्य छ, जसले गर्दा उनीहरू देशको समग्र विकासमा अझ राम्रोसँग समाहित हुन सकून्। चीनको पूर्ण पुनर्मिलन समयको प्रवृत्ति र चिनियाँ जनताको इच्छा र चिनियाँ राष्ट्रको समग्र हितसँग मेल खान्छ।

चीन एकीकरण हुनुपर्छ र पक्कै पनि हुनेछ। नयाँ युगमा ताइवान प्रश्नको समाधानका लागि पार्टीको समग्र नीति कार्यान्वयन गर्न, एक चीन सिद्धान्त र सन् १९९२ को सहमतिलाई पालना गर्ने, ताइवान टापुका सबै क्षेत्रमा एकीकृत विकासलाई अगाडि बढाउन, अन्तरदेशीय सम्बन्धको शान्तिपूर्ण विकासलाई प्रवर्द्धन गर्न आवश्यक छ र कसैलाई पनि चीनबाट ताइवानलाई कुनै पनि रूपमा अलग गर्नबाट रोक्नु आवश्यक छ।

चिनियाँ आधुनिकीकरण भनेको शान्तिपूर्ण विकासको आधुनिकीकरण हो जसले चिनियाँ जनताको हितलाई मात्र नभई अन्य देशको आधुनिकीकरणलाई पनि अगाडि बढाउने कुरामा सीले जोड दिनुभयो। हामी इतिहासको सही पक्षमा र मानव प्रगतिको पक्षमा दृढताका साथ उभिनेछौं, शान्ति, विकास, सहयोग र पारस्परिक हितमा समर्पित रहनेछौं, मानवताको प्यारो साझा मूल्यहरू कायम राख्नेछौं, वैश्विक विकास पहलकदमी (ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ), वैश्विक सुरक्षा पहलकदमी (ग्लोबल सेक्युरिटी इनिसियटिभ) को कार्यान्वयनलाई प्रवर्द्धन गर्नेछौं। साथै विश्वव्यापी सभ्यता पहलकदमी र दिगो शान्ति, विश्वव्यापी सुरक्षा र साझा समृद्धिको खुला, समावेशी, स्वच्छ र सुन्दर संसार निर्माण गर्ने सीले बताउनुभयो। हामीले अन्तर्राष्ट्रिय सम्बन्धलाई नियन्त्रित गर्ने आधारभूत मान्यताहरू पनि कायम राख्नेछौं, आर्थिक भूमण्डलीकरणको सही मार्गलाई पछ्याउनेछौं, खुलापनको पारस्परिक लाभकारी रणनीतिलाई पछ्याउनेछौं र विश्वव्यापी शासनलाई अझ न्यायपूर्ण र न्यायपूर्ण बनाउन सुधार गर्नेछौं, सीले भन्नुभयो। उहाँले चीनको विकासले शान्तिका लागि विश्वका शक्तिहरूलाई बलियो बनाउँदै विकासको जुनसुकै चरणमा पुगे पनि चीनले कहिल्यै प्रभुत्व नखोज्ने वा विस्तारवादमा संलग्न नहुने स्पष्ट पार्नुभयो।

बैठकको अध्यक्षता गर्दै चाइ छिले महासचिव सीले आफ्नो महत्त्वपूर्ण भाषणमा चीनको क्रान्ति र निर्माणको नेतृत्व गर्ने कामरेड माओत्से तुङको महान् अभ्यासहरूलाई धेरैले सम्मानपूर्ण ढङ्गले हेरेको उल्लेख गर्नुभयो। उहाँले चिनियाँ राष्ट्र र चिनियाँ जनताका लागि कामरेड माओ त्सेतुङले गरेका महत्त्वपूर्ण उपलब्धिहरूलाई कसरी मान्यता दिएका छन् भनी प्रस्ट पार्नुभयो। महासचिव सीले आफ्नो सम्बोधनमा कामरेड माओ त्सेतुङको उच्च भावनाले हाम्रो निरन्तर प्रगतिको लागि प्रेरक शक्तिको रूपमा काम गर्नुपर्ने बताउनुभयो। सीले आफ्नो भाषणमा कामरेड माओ त्सेतुङको सम्झनामा ठोस कार्यहरू र चिनियाँ आधुनिकीकरणको उत्कृष्ट कारणलाई अगाडि बढाउने प्रयासका लागि स्पष्ट आवश्यकताहरू प्रस्ताव गर्नुभएको छ, काइले भन्नुभयो। महासचिव सीको महत्त्वपूर्ण भाषण, यसको व्यापक र गहिरो परिप्रेक्ष्य, राजनीतिक, वैचारिक र मार्गनिर्देशक महत्त्वको छ, र हाम्रो पार्टीलाई कमरेड माओ त्सेतुङ र अन्य पुरानो पुस्ताका क्रान्तिकारीहरूले अघि बढाएको उद्देश्यलाई निरन्तर अगाडि बढाउनको लागि मार्गनिर्देशनहरूको ठूलो महत्त्व छ। चिनियाँ विशेषताहरूसहितको समाजवादको बाटो र चिनियाँ आधुनिकीकरणको लागि नयाँ आधार निर्माण गरेको छ। हामीले इमानदारीपूर्वक कामरेड सीको भाषणको अध्ययन गर्नुपर्दछ र पूर्णरूपमा कार्यान्वयन गर्नुपर्दछ, ताकि चीनलाई एक बलियो राष्ट्रको रूपमा निर्माण गर्न र चिनियाँ आधुनिकीकरणको मार्गबाट सबै मोर्चाहरूमा चिनियाँ राष्ट्रको महान् कायाकल्पलाई महसुस गर्न एकताबद्ध प्रयास गर्न सकियोस्।

गोष्ठीमा चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको पार्टी इतिहास र साहित्य संस्थानका निर्देशक क्यू छिङसान, केन्द्रीय सैन्य आयोगका सदस्य तथा आयोगको राजनीतिक कार्य विभागका निर्देशक मियाओ हुआ र चिनियाँ कम्युनिस्ट पार्टी हुनान प्रान्तीय समितिका सचिव शेन सियाओमिङले पनि सम्बोधन गर्नुभयो।

चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्यूरोका सदस्यहरू, चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिको सचिवालयका सदस्यहरू, राष्ट्रिय जन काङ्ग्रेसको स्थायी समिति, राज्य परिषद्, चिनियाँ जनराजनीतिक परामर्शदात्री सम्मेलनको राष्ट्रिय समितिका प्रमुख अधिकारीहरू र केन्द्रीय सैन्य आयोग गोष्ठीमा सहभागी हुनुभएको थियो।

साथै सम्बन्धित केन्द्रीय पार्टी र सरकारी विभागहरू, सेना र जन संगठनका अधिकारीहरू, साथै चिनियाँ कम्युनिस्ट पार्टी बेइजिङ म्युनिसिपल कमिटी र चिकपाहुनान प्रान्तीय समितिका प्रमुख अधिकारीहरू, अन्य राजनीतिक दलका प्रतिनिधिहरू, अखिल चीन उद्योग महासङ्घ र वाणिज्य र पार्टी आबद्धता बिनाका विज्ञ व्यक्तित्वहरू पनि सहभागी हुनुहुन्थ्यो। माओ त्सेतुङका आफन्तहरू, उहाँका पूर्व कर्मचारीहरू, उहाँको गृहनगरका प्रतिनिधिहरू र 'कमरेड माओ त्सेतुङको १३० औं जन्मजयन्तीको सम्झनामा आयोजित राष्ट्रिय गोष्ठी' मा सहभागी हुनेहरू पनि उपस्थित हुनुभएको थियो।

गोष्ठी हुनुअघि सी चिन फिङ, ली छ्याङ, झाओ लेजी, वाङ हुनिङ, चाइ छ्इ, डिङ सुएङ, ली सी, हान झेङ र अन्य नेताहरूले अध्यक्ष माओ स्मृति हलको भ्रमण गर्नुभएको थियो। स्मारक हलको उत्तरी हलमा कामरेड माओ त्सेतुङको विराजमान शालिकको अगाडि चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समिति, राष्ट्रिय जनकाङ्ग्रेसको स्थायी समिति, राज्य परिषद्, चिनियाँ जनराजनीतिको राष्ट्रिय समितिबाट फूलका बास्केट अर्पण गर्नुभएको थियो। परामर्शदात्री सम्मेलन, केन्द्रीय सैन्य आयोग, अन्य राजनीतिक दलहरू, अखिल चीन उद्योग तथा वाणिज्य महासङ्घ, र पार्टी आबद्धताविहीन व्यक्तिहरूले पनि पुष्पगुच्छा अर्पण गर्नुभएको थियो। सी चिनफिङ र अन्यले कमरेड माओ त्सेतुङको विराजमान शालिकमा श्रद्धापूर्वक कामरेड माओ त्सेतुङको सम्झिमा श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो।

*-छीर्शी अनलाइनबाट*

*अनुवाद : प्रकाश*



# ‘कानुनको अज्ञानता क्षम्य हुँदैन’ सरकारमा पुगेका राजनीतिक दलहरू नै दोषी



✍ रामप्रसाद प्रजापति

**सरकारी गोलीले दुई युवाको मृत्यु**
**ईपीएस के हो ? :** थाहा छैन ।
**कोरिया जाने हो ? :** हो ।
**किन जाने ? :** देशमा रोजगार छैन ।
**अनि परिवार ? :** परिवारसँग विछोड, हाम्रो बाध्यता ।
**अरू कुनै उपाय छैन र ? :** ऋण तिर्नु छ, सरकारले समयमा मल पनि दिँदैन ।

शुक्रबार ईपीएस भाषा परीक्षाको विषयलाई लिएर आन्दोलित भएकाहरूले बालकुमारीमा मन्त्रीको गाडीमा आगजनी गरे । प्रहरीले लाठी चार्ज अश्रुग्यास र गोली चलाए ।

सामान्यतया प्रहरीले गोली चलाउन सिडिओ र सिडिओले गृहमन्त्रीसँग अनुमति लिएर गोली चलाएको हुन्छ, सुरक्षा मापदण्डा यस्तै हुन्छ । प्रहरीले आफ्नै ज्यान जोखिममा राखेर पनि सर्वसाधारणको ज्यान, धनजन जोगाउने गरेको प्रशस्त उदाहरणहरू छन् ।

शनिवार बिहानै अघिल्लो दिन सरकार आफैले गोली चलाई मरेका मृतकका परिवारलाई जनही १० लाख रुपैयाँ दिने निर्णय गरेको गृहमन्त्रीले जानकारी दिए ।

अघिल्लो दिन आफ्नै आदेशले मारेका मृतकका परिवारलाई पछिल्लो दिन १० लाख रुपैयाँ दिने निर्णय नेपाल सरकारले गरे । मानौं, गृहमन्त्रीको आफ्नै खल्तीबाट १० लाख रुपैयाँ मृतक परिवारलाई दिएको जस्तो ।

हामीलाई लाग्छ, कि त नेपाल सरकारले अघिल्लो दिन चलाएको गोली बेठिक, कि त पछिल्लो दिन १० लाख रुपैयाँ दिने निर्णय गरेको बेठिक ।

नेपाल सरकारको दुवै निर्णय बेठिक भन्दा अतिशयोक्ति नहोला । त्यसैले गठित छानबिन समितिले गोली चलाउन आदेश दिनेलाई पनि कारबाही गर्नु जरुरी छ । कारबाही भएको हेर्न पाउनुपर्छ ।

के प्रहरीले घटना नियन्त्रणमा लिन चरणबद्ध प्रकृया अपनाउनुपर्दैन ? किन गोली हानियो ? दिउँसै घटनालाई नियन्त्रणमा लिन नसक्नुले के प्रहरीमा गतिलो तालिम छैन ? भन्ने प्रश्न उठेको छ । मर्न तयार तर देशमा बस्न कठिन यो अवस्थाको जवाफ नेपाल सरकार र गठबन्धन सरकारमा बसेका राजनीतिक दलहरूले दिनैपर्छ । लास बनेर मात्र पैसा कमाइने देश हुनुमा हालसम्म सरकारमा पुगेका राजनीतिक दलहरू नै दोषी हुन् ।

शुक्रबार कोरिया जान दिइने भाषा परीक्षामा उत्तीर्णहरूले कोरिया जान पाउनुपर्ने माग राख्दै बालकुमारी, ललितपुरमा प्रदर्शन गर्दा आन्दोलनकारीहरूमाथि प्रहरी दमन भएको र गोली चल्दा कोरिया जाने सपना बुनेर काठमाडौं आएका दुई युवाहरू दैलेख र अछामका २३ वर्षीय सुजन रावत र २२ वर्षीय वीरेन्द्र शाहको मृत्यु भएको थियो ।

यसै सम्बन्धमा परेको रिट निवेदनमा केही दिनअघि मात्रै उच्च अदालतले अन्तरिम आदेश दिएको थियो ।

नेपाल र कोरियाबिचको श्रम सम्बन्ध, सन्धि सम्झौता, कामदार लैजाने देशले निर्धारण गरेको श्रमिकको मापदण्ड, दक्षिण कोरियाले योभन्दा अगाडि विभिन्न देशमा गरेको कोटा खारेजी जस्ता विविध पक्षको अध्ययन र बुझाई नै नराखी अन्तरिम आदेश आएको कारणले पनि शुक्रबार बालकुमारी घटना हुन पुगेको बताइन्छ ।

**जनयुद्ध दिवसको बिदा खारेज**

पटक पटक सरकारमा पुगेका तर देश र जनताको पक्षमा भन्दा आफ्ना मालिक भारतीय विस्तारवादलाई देशका नदीनाला सम्पदै आएका माओवादी सरकारमा पुगेको पछिल्लो अवसरमा आफ्नो दलले युद्ध सुरु गरेको दिन फागुण १ गते जनयुद्ध दिवस मनाउँदै आएकोमा सरकारमा पुगेर सो दिनलाई सबैले जनयुद्ध दिवस मनाउनै पर्ने जस्तो गरेर सार्वजनिक बिदा दिने निर्णय गरे ।

सोहीबमोजिम अघिल्लो वर्ष फागुन १ गते जनयुद्ध दिवसको बिदा दिइयो । तर सरकारको सो निर्णय नेपालको संविधान विपरीतको भएको भन्दै सर्वोच्च अदालतमा मुद्दा दायर भए । सोही रिटमा शुक्रबार सुनुवाइ गर्दै सर्वोच्च अदालतले जनयुद्ध दिवसमा बिदा दिने निर्णय कार्यान्वयन नगर्न आदेश दिएको छ ।

तर, नेपाल सरकारले शुक्रबार नै शहीद दिवस र रामनवमीका दिन बिदा दिने निर्णय गरेको छ। यसलाई केहि मानिसहरूले एकको बदला दुई भनी सरकारको विरोध पनि गरेको देखिन्छ ।

**लामिछाने दोषी ठहर**

शुक्रबार नै जिल्ला अदालत काठमाडौँले बालिका बलात्कारको आरोपमा मुद्दा खेपिरहेका राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान सन्दीप लामिछानेलाई दोषी ठहर गरेको छ । उनलाई ७ देखि १० वर्षसम्म कैद सजाय हुन सक्ने कानुनी व्यवस्था छ ।

३ वर्षभन्दा बढी कैद सजाय हुन सक्ने मुद्दामा दोषी ठहर भएपछि ३० दिनभित्र कति सजाय दिने भन्ने प्रतिवेदन लिई सजाय निर्धारण गर्न अर्को तारेख तोक्ने कानुनी व्यवस्था रहेको छ । सजाय निर्धारणका लागि पुस २५ गतेको तारेख ताकेको छ ।

सन्दीपलाई काठमाडौं जिल्ला अदालतले सजाय गर्न लिइएको आदेशमा पीडितको बयान, साक्षीहरूको बयान, सीसीटीभी फुटेज, घटना विवरण कागजलगायतलाई आधार बनाई दोषी ठहर गरेको बताइएको छ । साथै पीडितको सन्दीपकै नेतृत्वमा अहिले पर्सा ११ ले वीरगञ्जमा चलिरहेको प्रो लिगमा च्याम्पियन टी-२० क्रिकेट प्रतियोगिता चलिरहेको र फाइनल स्थान सुरक्षित गरेकोमा अब सन्दीपले नेपाल पुलिस क्लबविरुद्धको खेल खेल्ने वा नखेल्ने भन्ने द्विविधामा रहेको बताइन्छ ।

**रविको शेयरमा सहकारीको लगानी**

यसै साता “सहकारी घोटालामा रवि लामिछानेको प्रत्यक्ष संलग्नता, बुटवलको सहकारीबाट करोड उठाएर ग्यालेक्सी टीभीमा सेयर” भन्ने शीर्षकमा समाचार प्रकाशित भयो ।

समाचारबाट लामिछानेले जीबी राई अध्यक्ष र आफू प्रबन्ध निर्देशक रहने गरी २०७७ फागुण ११ गते ग्यालेक्सी टेलिभिजनको घोषणा गरेको र ग्यालेक्सी टेलिभिजन सञ्चालन गर्न स्थापित कम्पनी ‘गोर्खा मिडिया नेटवक’ को शेयर खरिद गर्न रवि लामिछानेले बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाबाट एक करोड रुपैयाँ ल्याएको तथ्य फेला परेको, सहकारीबाट गोर्खा मिडिया नेटवर्कको खातामा रु. एक करोड रवि लामिछानेको नाममा जम्मा गरेको र सोही रकम बराबरको शेयर कम्पनीमा प्राप्त गरेको पुष्टि भएको हो ।

सहकारी ऐन नियमबमोजिम बचत तथा ऋण सहकारी संस्थाले कम्पनीलाई सदस्य बनाउन पनि नमिल्ने र सदस्य नै नरहेको सङ्घ संस्था, कम्पनी वा कुनै पनि व्यक्तिलाई ऋण लगानी गर्न नपाइने कानुनविपरीत सहकारी संस्थाले रवि लामिछानेको कम्पनीमा लगानी गरेको पाइएको हो ।

उक्त घटनामा सहकारी संस्था, सहकारी संस्थाका सञ्चालक तथा ऋण लिने कम्पनी वा रवि लामिछानेले आफूहरूलाई त्यस्तो कानुनबारे थाहा नपाएको भनि पन्छिन मिल्ने देखिँदैन । ‘कानुनको अज्ञानता क्षम्य हुँदैन’ भन्ने कानुनको सर्वमान्य सिद्धान्त रहेको हुँदा सम्बन्धित सबै दोषी रहेको हुँदा सजायका भागिदार हुन् ।

सहकारी ऐन, २०७४ को दफा ५० बमोजिम सहकारी संस्थाले आफ्ना सदस्यसँग मात्र कारोबार गर्न पाउने कानुनी व्यवस्था रहेको छ ।

ऐनको दफा १२२ ले कानुन विपरीत कारोबार गरेमा बिगो बराबरको रकम जरिवाना, तीन वर्षसम्म कैद हुने व्यवस्था छ । त्यस्तै सहकारीको ऋण असुल हुन नसक्ने गरी रकम हिनामिना गरेमा बिगो बराबर जरिवाना र रकमका आधारमा ८ देखि १० वर्षसम्म कैदको व्यवस्था रहेको पाइन्छ ।

अहिलेसम्म पोखराको सूर्यदर्शन सहकारीबाट १० करोड, चितवनको साहारा चितवन सहकारीबाट ११ करोड ७१ लाख र बुटवलको सुप्रिम सहकारीबाट १० करोड ७४ लाख गरी ३२ करोड ४५ लाख रुपैयाँ रवि लामिछाने सेयर सदस्य, सञ्चालक, प्रबन्ध निर्देशक भएको गोर्खा मिडिया नेटवर्क नामक कम्पनीको खातामा जम्मा भएको पुष्टि भएको हो ।



यति ठूलो रकम लिने कम्पनीले सम्बन्धित सहकारी संस्थालाई रकम फिर्ता नदिँदा सहकारी संस्थामा रकम जम्मा गराएका सर्वसाधारण बचतकर्ताहरूले करिब १ वर्ष अघिदेखि बचत रकम फिर्ता नपाएको र विभिन्न नियमनकारी निकाय गुहार्दै आउनुका साथै निकै बिचल्लीमा परेको बताइन्छ ।

ग्यालेक्सी टेलिभिजन घोषणा भएको दुई महिना अर्थात् २०७८ बैशाख ५ गते ग्लोबल आईएमई बैङ्कमा रहेको गोर्खा मिडिया नेटवर्कको खातामा लामिछानेका तर्फबाट एक करोड रुपैयाँ जम्मा भएको र रकम जम्मा भएको ५ महिनापछि २०७८ असोज १५ गते ग्यालेक्सी टेलिभिजन प्रसारणमा आएको थियो । २०७८ असोज २३ गते गोर्खा मिडिया नेटवर्कले कम्पनी रजिष्ट्रार कार्यालयबाट सेयर लगत पाएको थियो । जसमा अध्यक्ष जीबी राईको ८५ प्रतिशत र लामिछानेको १५ प्रतिशत शेयर कायम रहेको शेयर लगत (किताब) बाट प्रस्ट देखिन्छ ।

यसरी विभिन्न सहकारी संस्थाहरूबाट गैरकानुनीरूपमा आफ्नो कम्पनीको खातामा आएको कुरा आफूलाई जानकारी नभएको तत्कालीन प्रबन्ध निर्देशक लामिछानेले दाबी गर्दै आए तापनि सामाजिक सञ्जालमा उनकै दलका वकिलहरूले मिति २०८० भदौ ११ गते मात्रै ललितपुर बस्ने कुमार रम्तेल र जी.बी.ग्रुप अफ कम्पनीज् प्रा.लि.लाई शेयर हस्तान्तरण गरेको देखिन्छ । तर आफू सञ्चालक शेयरहोल्डर, प्रबन्ध निर्देशक भएका बखत गरेको गैरकानुनी क्रियाकलाप र त्यसको जिम्मेवारीबाट रवि लामिछाने पन्छिन सक्ने अवस्था छैन ।

लामिछानेले करिब एक वर्षदेखि विभिन्न सहकारी संस्थालाई रकम फिर्ता दिन नसकेपछि आउन सक्ने आरोप र दोषबाट उन्मुक्ति पाउने नियतले शेयर हस्तान्तरण गरेको अनुमान गर्न गाह्रो छैन ।

**राष्ट्रिय सभाका निर्वाचन**

२०७४ सालमा राष्ट्रिय सभा गठन हुँदा कुल सदस्य सङ्ख्या ५९ मध्ये १९ जनाको कार्यकाल आगामी फागुण २० सम्म हुने गरी ६ वर्ष कायम रहेको थियो । ती नै १९ जनाको पद रिक्त हुने भएकोले आगामी माघ ११ गते राष्ट्रिय सभाका १९ सदस्य पदको निर्वाचनका लागि पुस २२ गते मनोनयन दर्ता हुँदै छ ।

राष्ट्रिय सभाको निर्वाचनमा ७ प्रदेश सभाका कुल ५५० र देशभरका पालिकाहरूका प्रमुख/उपप्रमुखहरूबाट १५०६ जनाको निर्वाचन मण्डलले मतदान गर्ने कानुनी व्यवस्था रहेको छ ।

## साहित्य

# एसआरका दुई कविता

## मेरो माकुसे यःमरी !

*प्रकृतिले सेतोसेतो हिमाल बनायो*
*मेरा पुर्खाले सेतोसेतो यःमरी !*
*प्रकृतिले चिसोचिसो हिमाल ठड्यायो*
*मेरा पुर्खाले न्यानोन्यानो यःमरी !*

*आथेन्स, रोमले पत्ता लगाउन नसकेको यःमरी*
*अलेक्जान्डरले छुन नसकेको हिमाल*
*अङ्ग्रेजले समेत बुझ्न-लेख्न नसकेको ‘माकुसे’*
*मेरो माकुसे यःमरी, मेरो विशाल हिमाल !*

*संसारकै अग्लो हिमालको यो भूमिमा*
*संसारकै बेजोड खाद्यकृति यःमरी !*
*संसारकै खाद्यबगैंचाको खाद्यरानी यःमरी*
*मेरो माकुसे माकुसे यःमरी !*

*मेरो यःमरी, माकुसे यःमरी*
*हिमालजस्तै अग्लो, हिमालजस्तै चुच्चो*
*हिमालजस्तै सेतो, हिमालजस्तै स्वच्छ*
*हिमचुलीजस्तो यःमरी, यःमरीजस्तो हिमचुली !*

*मेरो यःमरी, माकुसे यःमरी*
*नवीनताको प्रतीक, मानवताको प्रस्फुटन*
*अनुपम आविष्कार, सौन्दर्यको प्रतिमूर्ति*
*सभ्यताको कोसेढुङ्गा, कलाचेतको प्रमाण !*

*हिमाल हाम्रा, सदियौंदेखि छेड्दै छन्*
*अतिउच्च तापरापविरुद्ध लडाइँ*
*शितलता तिनको ध्येय !*
*हिमाल हाम्रा, सदियौंदेखि छेड्दै छन्*
*भोक, प्यासविरुद्ध लडाइँ*
*उर्वरता तिनको उपहार !*

*सम्भवतः हिमालको त्यो लडाइँको*
*ऊर्जाको स्रोत हो यःमरी*
*सम्भवतः हिमालको त्यो लडाइँको*
*सारथी हो यःमरी !*

*सायद,*
*मन्त्रमुग्ध हुँदो हो हिमाल*



*मेरी यःमरी देखेर*
*लेख्दो हो लामोलामो प्रेमपत्र*
*मेरी यःमरीमा भुलेर !*
*हिमालजस्ती यःमरी, यःमरीजस्तो हिमाल*
*हिमालकी यःमरी, यःमरीको हिमाल*
*हिमालको भूमि, यःमरीको भूमि*
*मेरो मातृभूमि, मेरो कर्मभूमि !*

२०८०।०९।१०

## हत्यारा शासकको अन्त्य !

*जनताका छोराछोरीलाई*
*परदेश लखेट्ने,*
*स्वदेशमा गोली हानेर मार्ने,*
*सडकमा कुटीकुटी हत्या गर्ने,*
*विदेशमा मारेर बाकसमा स्वदेश भित्र्याउने,*
*विदेशीलाई ज्वाइँझैं भित्र्याउने, सर्वश्व सुम्पने,*
*शासकले,*
*प्रधानमन्त्रीले,*
*पूर्वप्रधानमन्त्रीहरूले,*
*मन्त्रीहरूले,*
*पूर्वमन्त्रीहरूले,*
*सचिवहरूले,*
*पूर्वसचिवहरूले,*
*एक दिन दुःस्वप्नबाट बिउँझेर*
*आफ्नै कन्चटमा आफैंले पिस्तोल ताक्नेछन्*
*अथवा,*
*कुनै महफिलमै अन्धाधुन्ध गोली हान्नेछन्*

*तब, आफ्नो अपराधले जल्दै अन्तिम सास फेर्नेछन् ।*

*र,*
*जनताले भन्नेछन् –*
*“जनताको गोली जोगियो”*
*“पाप धुरीबाट करायो, तर ढिलो भयो”*
*“पापको फल पायौ, तर ढिलो पायौ”*
*“जो आगोसँग खेल्छ, ऊ आगोमै मर्छ !”*
*“जनतामारा शासकको लास गिद्धले समेत घिनायो”*

२०८०।०९।१४

# ‘नि:स्वार्थरूपले जनताको सेवा गर्ने हाम्रा अग्रजहरूको भावनाले भक्तपुरलाई आजको अवस्थामा पुऱ्याएको हो’

✍ सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका

भक्तपुर नगरपालिका २००६ सालमा स्थापना भएको हो। यो नगर १२ औं देखि १५ औं शताब्दीसम्म नेपाल मण्डलको राजधानी नगर र १८ औं शताब्दीसम्म एक स्वतन्त्र राज्य रहेको इतिहास छ। यस नगरपालिकामा स्थापनाकालदेखि आजसम्म धेरै जनप्रतिनिधिहरूले काम गरे, जनताले विभिन्नरूपमा साथ दिए र आजको रूपमा आइपुगेको छ। हाम्रा अग्रजहरूको नि:स्वार्थरूपले जनताको सेवा गर्ने भावनाले नै भक्तपुर आजको अवस्थामा आइपुगेको हो। यो अवस्थासम्म भक्तपुरलाई पुऱ्याउन सहयोग गर्ने तमाम जनप्रतिनिधि, राजनीतिक कार्यकर्ता र प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने जनतालाई हामी आजको दिन उच्च सम्मान व्यक्त गर्दछौं।

२०३९ सालदेखि भक्तपुर नगरपालिकामा नेमकिपाले पूर्ण बहुमत प्राप्त गरी जनताको सेवा गर्दै आएको हो। प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर जनताको सेवा गर्ने नीतिअनुसार नेमकिपा (तत्कालीन सङ्गठन) ले पञ्चायती चुनावलाई उपयोग गऱ्यो। त्यतिबेला भक्तपुर नगर शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइको क्षेत्रमा अत्यन्त पछाडि थियो। सम्पदाहरू संरक्षणको अभावमा बिग्रे भत्केका थिए भने कति लोपोन्मुख अवस्थामा थिए। पञ्चायती व्यवस्थामा निर्वाचनमा भाग लिएर जनताको सेवा गर्नु त्यति सहज थिएन। पार्टी गतिविधि प्रतिबन्धित थियो। त्यस्तो अवस्थामा निर्वाचित जनप्रतिनिधिहरूले शिक्षामा जोड दिए।

सबै सरकारी विद्यालयमा १-१ जना शिक्षक नियुक्ति, कक्षा ७ सम्म नि:शुल्क शिक्षाको व्यवस्था भक्तपुर नगर पञ्चायतले लागु गऱ्यो। त्यतिबेला पञ्चायती सरकारले ५ कक्षासम्म मात्रै नि:शुल्क गरेको थियो। हाम्रा निर्वाचित अग्रजहरूले सरसफाइ अभियानको नेतृत्व गरे; ‘पञ्चायत’ नामक मासिक बुलेटिन प्रकाशित गरी नगर पञ्चायतका हरेक गतिविधि जनतासमक्ष सार्वजनिक गरे। पञ्चायती कालमा त्यो क्रान्तिकारी कदम थियो। भक्तपुर नगर पञ्चायत इमानदारी र पारदर्शिताको नमुना बन्यो। २०४३ सालमा सम्पन्न स्थानीय निर्वाचनमा पनि नेमकिसङ्गठनका उम्मेदवारहरू निर्वाचित भएपछि अघिल्ला जनप्रतिनिधिहरूले गरेका कार्यहरूलाई निरन्तरता दिँदै पञ्चायत पत्रिकामार्फत सर्वहारावर्गका महान् गुरुहरू मार्क्स, लेनिन, स्तालिन, माओका जीवनीहरू छाप्न थाले। त्यसले भक्तपुर नगर पञ्चायत पञ्चहरूको आँखाको कसिङ्गर बन्यो। २०४५ सालको भक्तपुर काण्ड त्यसैको परिणाम थियो।

भक्तपुर काण्डमा नेमकिसङ्गठनका अध्यक्ष रोहितलगायत ६७ जना नेता कार्यकर्ताहरूलाई ज्यान मुद्दा चलाइयो। इतिहासकै पहिलोपल्टक प्रधानमन्त्री मरिचमान सिंह र राष्ट्रिय पञ्चायतका अध्यक्ष नवराज सुवेदीलगायतका पञ्चहरूले रोहितलाई फाँसीको माग गरे। जनताको चेतनास्तर उठिरहेको थियो। २० महिनापछि नेपाली जनताले पञ्चायती व्यवस्था अन्त्यको माग गर्दै २०४६ सालमा आन्दोलन गरे र त्यसको परिणाम पञ्चायती व्यवस्था सदाको लागि इतिहासको पानामा सीमित हुन पुग्यो। बहुदलीय व्यवस्था पुन:स्थापनापछि नेमकिसङ्गठनका नेता कार्यकर्ताहरू जेलबाट छुटे, प्रवास र भूमिगत जीवनबाट सार्वजनिक भए। जनताको सेवामा राजनीतिलाई अझ सशक्तरूपमा अगाडि बढाइयो।

चुनावमा भाग लिएर जनताको सेवा गर्नु पनि एक राजनैतिक आन्दोलन हो। आन्दोलन समुद्रको छालजस्तै कहिले माथि उठ्छ त कहिले तल झर्छ। २०४९ सालको निर्वाचनमा पनि भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टीका साथीहरूले बहुमत प्राप्त गरे। नेपाल मजदुर किसान सङ्गठनको नाम नेमकिपा भइसकेको थियो। निर्वाचित साथीहरूले भक्तपुरको विकासको निम्ति नयाँ कदमहरू चाल्न थाले। त्यसमध्ये एक हो, पर्यटन शुल्क। २०५० साल साउन ६ गतेबाट पर्यटकहरूसँग १ डलर पर्यटन शुल्क उठाउन सुरु गरियो। भक्तपुर पर्यटन शुल्क सुरु गर्ने नेपालकै पहिलो नगरपालिका हो। त्यतिबेला वर्तमान राष्ट्रपति रामचन्द्र पौडेल स्थानीय विकास मन्त्री हुनुहुन्थ्यो। पर्यटन शुल्क लिएको विषयमा व्यापक विरोध भयो। केहीले अब पर्यटक ‘भक्तपुर आउँदैन’ सम्म भने। तत्कालीन स्थानीय विकासमन्त्री पौडेलले पर्यटन शुल्क उठाउन बन्द गर्न निकै दबाब दिनुभयो। तर, हामी पछि हट्ने कुरा थिएन। त्यसबेला नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ र तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबिच भएको एउटा भेटमा अध्यक्षज्यूले पर्यटन शुल्कको आवश्यकता र त्यसको औचित्यबारे स्पष्ट पार्नु भएपछि त्यो विवाद त्यतिकै सेलाएर गयो।



पर्यटन शुल्कको निरन्तरताले अहिले त्यो भक्तपुर नपाको एउटा महत्त्वपूर्ण स्रोत बनेको छ। काठमाडौं, ललितपुर, चाँगुनारायण, पोखरालगायत नगरपालिकाहरूले पर्यटन शुल्क लिन थालेका हुन्। यस अर्थमा शिक्षा, पर्यटन शुल्कमा पनि भक्तपुर नपाले अगुवाइ गरेको देखिन्छ।

२०५४ सालको स्थानीय निकाय निर्वाचन घोषणापत्रमा शिक्षालाई जोड दिने उल्लेख थियो। त्यसको कार्यान्वयनको सिलसिलामा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले २०५६ सालमा एउटा बुद्धिजीवीहरूको बृहत् भेलामा १५ वर्षभित्र ‘एक घर एक स्नातक’ को घोषणा गर्नुभयो। त्यो निकै चर्चाको विषय बन्यो। केही कथित बुद्धिजीवीहरूले असम्भव र महत्त्वाकाङ्क्षी भनी त्यस घोषणाको आलोचना गरे। हामी जनप्रतिनिधिहरू त्यो घोषणा कार्यान्वयनतर्फ अगाडि बढ्यौँ। त्यतिबेला नगर प्रमुख प्रेम सुवाल हुनुहुन्थ्यो। २०५६ सालमै ख्वप मावि स्थापना भयो। ख्वप मा.वि. स्थानीय निकायले सञ्चालन गरेको नेपालको पहिलो शिक्षालय हो।

२०५८ सालमा ख्वप कलेज र सोही वर्ष पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्ध लिई ख्वप इन्जिनियरिङ कलेजको पनि स्थापना भयो। ३ वर्षभित्र ३ वटा उच्च शिक्षा प्रदान गर्ने शिक्षालयहरू स्थापना गर्न भक्तपुर नपा सफल भयो। शैक्षिक संस्था स्थापनाको क्रम त्यतिकै रोकिएन। २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा ख्वप कलेज अफ इन्जिनियरिङ स्थापना भयो। पछि शारदा कलेज तथा शारदा मावि पनि नगरपालिकामा हस्तान्तरण भयो। त्यसपछि सातवटा शैक्षिक संस्थाहरू सञ्चालनमा आयो। २०७९ सालमा ख्वप कलेज अफ ल को स्थापना भई अहिले बीएएलएलबीको ५ वर्षे स्नातक कक्षा सञ्चालन भइरहेको छ। अहिले भक्तपुर नगरपालिका ख्वप विश्वविद्यालयको सञ्चालनको तयारीमा छ।

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने र १५ वर्षभित्र एक घर एक स्नातकको घोषणाले अहिले भक्तपुरमा घरघरमा इन्जिनियर, स्नातक र स्नातकोत्तरहरू भेटिन थालेका छन्। २०५९ सालदेखि २०७४ सालसम्म १५ वर्षसम्म स्थानीय निकाय जनप्रतिनिधिविहीन हुँदा भक्तपुर विकासमा धेरै पछि पर्‍यो। त्यो तीतो अनुभव पनि हामीसँग छ। त्यतिबेला सर्वदलीय संयन्त्र गठन गरेर स्थानीय निकाय चलाउने व्यवस्था थियो। कतिपय राजनैतिक दलका प्रतिनिधिहरूले ख्वप कलेजहरूलाई जस्तै अन्य निजी कलेजहरूलाई पनि नपाले अनुदान दिनुपर्नेमा जोड दिए। त्यसबारे विवादपछि सर्वदलीय बैठक नै बस्न सकेन।

सर्वदलीय बैठक विकासभन्दा भागबन्डामा केन्द्रित हुन्थ्यो, अहिले शासक दलहरूबिच शिक्षक, कर्मचारी, उपकुलपति, राजदूत भागबन्डा गरेजस्तै। दलहरूबिच हरेक क्षेत्रमा भागबन्डाकै कारण देश बिग्रिएको हो। हामीले भक्तपुर नगरपालिकामा भागबन्डाको प्रवृत्तिलाई भित्र्याउन दिएनौं। सबै काम पारदर्शी तरिकाले गर्दै आएका छौं। २०५६ सालमा भनपालाई ट्रान्सपरेन्सी इन्टरनेसनलले सदाचारको टापु घोषणा गरेको पनि हामी यहाँ स्मरण गर्न चाहन्छौं।

२०७२ सालमा भूकम्प गएपछि स्थानीय निकाय जनप्रतिनिधिबिहीन भएको कारण देशले धेरै समस्या भोग्नुपर्‍यो। सर्वदलीय संयन्त्रले काम गर्न सक्ने अवस्था थिएन। लाखौं घर र हजारौं सम्पदाहरू क्षतविक्षत भएको अवस्थाको पुन:निर्माण राजनैतिक दलहरूको निम्ति ठूलो चुनौती बन्यो। २०७४ सालमा निर्वाचन भयो।

हामी २०७४ सालमा निर्वाचित हुँदा भक्तपुर भूकम्प पूरै क्षतिग्रस्त अवस्थामा थियो। पूर्ण र आंशिक गरी ८ हजार घर र १२० भन्दा बढी सम्पदाहरू बिग्रे भत्केका थिए। त्यही मौकामा धेरै विदेशी गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू सहयोगको नाउँमा आउन थाले। नेपाल मजदुर किसान पार्टीले अरूको सहयोग लिनुभन्दा आफैँले बनाउनेतिर जोड दियो। जर्मनी सरकारले यहाँका सम्पदा पुन:निर्माणको लागि पठाएको १ करोड युरो (१ अर्ब २० करोड रुपैयाँ) समेत अस्वीकार गरी भनपाले पैसा फिर्ता गर्‍यो। आफ्नै बलबुत्ताले पुन:निमाणमा अघि बढ्ने भक्तपुर नगरपालिकाले अठोट गर्‍यो।

जर्मनी पैसासँगै उनीहरूको स्वार्थ पनि थियो। अहिलेको एमसीसीका बुँदाहरूजस्तै कर्मचारी आफैं नियुक्ति गर्ने, उनीहरूको सिफारिसमा सामान खरिद गर्नुपर्ने, मुद्दा परेमा जर्मनी कानुनअनुसार चलाउने, हिसाब उनीहरूकै अडिटरले हेर्ने, हाम्रा सम्पदाहरूमा हाम्रो कानुनविपरीत दण्डी सिमेन्ट प्रयोग गर्ने जस्ता शर्तहरूको कारण हामीले त्यसलाई अस्वीकार गरेका थियौं। त्यतिबेला हाम्रा विपक्षीहरूले भक्तपुर कैयौं वर्षसम्म भग्नावशेषमा रहने भयो भनेर आलोचना गरे। हामीले त्यसको कामले जवाफ दिने नीति लियौं; जनतालाई पुन:निर्माणमा सहयोग गर्न आग्रह गर्‍यौं। विदेशी सहयोग लिएमा स्वाभिमानमा आँच पुग्न सक्नेबारे जनतालाई सम्झायौं। सम्पदाहरू निर्माणमा सयौं र हजारौं नगरवासीले सहयोग गरे। लाखौं र करोडौं सहयोग प्राप्त भयो।

भक्तपुर विचार, सिद्धान्त र जनताको सेवा गर्ने भावनाले बनेको हो। जनतालाई निर्वाचनको बेला दिएको बचनअनुसार काम गर्‍यौं। ५ वर्षमा १२४ वटा सम्पदा पुन:निर्माण र जीर्णोद्धार सम्पन्न भए भने अहिलेसम्ममा कुल १४५ वटा सम्पदाहरूको पुन: निर्माण सम्पन्न भएको छ। जनताको आर्थिक, भौतिक र श्रमदानसमेत गर्दा थोरै रकममा धेरै सम्पदाहरू पुन:निर्माण गर्न सफल भयौं। जनप्रतिनिधि, राजनैतिक कार्यकर्ता र स्थानीय जनताका एक मनको एकताले नै भक्तपुर आजको अवस्थामा पुग्न सम्भव भएको हो।

स्वास्थ्य क्षेत्रमा हामीले घरदैलो सुरु गर्‍यौं। नेपाल सरकारले पनि ३।४ वर्षपछि घरदैलो नर्स सुरु गर्‍यो। सुरुमा भक्तपुर र बर्दिबासमा लागू गर्‍यो भने अहिले अन्य नपामा पनि विस्तार गर्दै छ। यस अर्थमा घरदैलो नर्सिङ पनि नेपालमा पहिलोपटक भक्तपुर नगरपालिकाले नै सुरु गरेको हो। वडा वडामा स्वास्थ्य केन्द्रहरू स्थापना गर्दै छौं। छिटो छरितो स्वास्थ्य सेवामा जनताका पहुँच पुऱ्याउने गरी काम गर्दै छौं। १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी जनताको सेवा गर्दै छौं। ख्वप तिलगङ्गा आँखा अस्पताल सञ्चालन, श्वासप्रश्वास केन्द्र र नागरिक आरोग्य केन्द्र स्थापना गरी जनतालाई सेवा प्रदान गरिरहेका छौं। एउटा एनजीओले निजी संस्थाको रूपमा सञ्चालन गरिरहेको क्यान्सर अस्पताललाई राज्यको स्वामित्वमा ल्याउन पहल गर्‍यौं र बनाएरै छाड्यौं। भक्तपुर अस्पताल पनि राम्रो अस्पताल बनेको छ। अङ्ग प्रत्यारोपण केन्द्रले पनि राम्रो सेवा दिइरहेको छ। स्वास्थ्य सेवामा भक्तपुर अहिले धेरै अगाडि बढेको छ।

विभिन्न सञ्चारमाध्यमहरूमार्फत हाम्रा गतिविधि जनतालाई जानकारी दिने उद्देश्यले सञ्चालन गरिरहेका छौं भने युवाहरूलाई विभिन्न सीपमूलक तालिमहरू दिइरहेका छौं। संविधान र कानुनको घेराभित्र बसेर जनताको सेवा गरिरहेका छौं।

यो वर्ष अरनिको सभाभवन निर्माण कार्य अगाडि बढाउने, ख्वप विश्वविद्यालय सञ्चालन गर्ने, थन्थु दरबार पुन:निर्माण गर्ने, उपचार पोखरीहरूको निर्माण कार्यलाई तीव्र गतिमा अगाडि बढाउने हाम्रो योजना छ। हामी भक्तपुरलाई सफा, सुन्दर नगर र एउटा उदाहरणीय नगर बनाउने प्रयासमा लागिरहेका छौं। भक्तपुर आजको अवस्थामा आइपुग्न हजारौं जनताले प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गरेका छन्। आजको यो सभामार्फत ती सबै सहयोगी हातहरूलाई हार्दिक धन्यवादज्ञापन गर्दछौं। धन्यवाद !

*(२०८० पुस २ गते भक्तपुर नपाको ७४ औं स्थापना दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको मन्तव्य)*





*दसौं नेपाल भाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक कार्यक्रम कीर्तिपुरका केही तस्विरहरू।*

# मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी-५

✍ हरिबहादुर श्रेष्ठ



**अन्ना लुइस स्ट्रङ्ग**

अन्ना लुइस स्ट्रङ्ग महिला पत्रकार हुन्। उनी पनि अमेरिकी नागरिक थिइन्। उनीले सोभियत सङ्घ र त्यसका विभिन्न गणराज्यहरूमा काम गरिन्। दोस्रो विश्वयुद्धताका अमेरिकाले जापानको नागासाकी र हिरोसिमामा अणु बम खसालेर लाखौँ निर्दोष नागरिकको हत्या गरी पुस्तौँ-पुस्ता मानवीय क्षति हुने अपराध गरेपछि संसारमा परमाणु युद्धको सन्त्रास फैलियो।

त्यस्तो सङ्कटको समयमा अन्ना लुइस स्ट्रङ्ग चीनको विकट क्षेत्र येनानको गुफामा पुगी चिनियाँ जनताका महान् नेता अध्यक्ष माओ त्से-तुङसँग आणविक अस्त्रले सुसज्जित अमेरिकाले चीनको क्रान्तिलाई पराजित गर्न सक्नेबारे जिज्ञासा राखिन्।

माओ त्से-तुङले त्यसबेला भन्नुभयो, "आणविक हतियार अवश्य पनि विनाशकारी हतियार हो तर त्यस्ता एक-दुई हतियारले युद्धको निर्णय गर्न सक्दैनन्। अणु बम साम्राज्यवादजस्तै कागजी बाघ हो, हेर्दा डरलाग्दो छ तर त्यसमाथि विजय पाउन नसकिने होइन।" अमेरिकी साम्राज्यवाद र अणु बमबारे माओ त्से-तुङको त्यस व्याख्याले संसारले आशाको नयाँ प्रकाश प्राप्त गऱ्यो। समयले त्यो कुरा साबित गऱ्यो र चिनियाँ क्रान्ति सफल पनि भयो। अन्ना लुइस स्ट्रङ्गले धेरै वर्ष चीनमा बसेर काम गरिन्। तिनले 'पेकिङको चिठी' भन्ने रचना लेखिन्। त्यस्तै 'तिब्बतमा भू-दास उठ्दा' र 'चिनियाँ जनकम्युनको उत्थान' जस्ता कृति पनि लेखिन्। त्यसमध्ये 'लावसमा पैसा र हिंसा' भन्ने उनको रचना महत्त्वपूर्ण कृति हो।

यसरी आतङ्कित संसारलाई आशाको नयाँ उज्यालो किरण तथा सन्देश दिएर आश्वस्त पार्ने क्षमता एकजना पत्रकारले राख्दछ। साँच्चै भनूँ भने एउटा ठूलो आधुनिक हात-हतियारको पल्टनलाई पत्रकारको एउटा समाचारले पराजित गर्छ। के त्यसले पत्रकारिताको महत्त्वलाई दर्साउँदैन र?

त्यति मात्र कहाँ हो र? हिन्द-चीन अर्थात् भियतनाम, लावस र कम्बोडिया तथा त्यहाँका जनता एवम् ती देशमा फ्रान्सेली उपनिवेशवादी थिचोमिचो, जापानी सैन्यवादको आक्रमण तथा पछिल्लो समयमा अमेरिकाको हस्तक्षेप र हमलाबारे संसारलाई साह्रै कम जानकारी थियो। तर, उल्फ्रिच भन्ने एक पत्रकारको 'मेकोङ्ग विद्रोह' नामक पुस्तकले संसारलाई ती देशहरूको आँधी-बेहरीको जानकारी दियो। पुस्तकको पछिल्लो भागमा उनले अमेरिकी आक्रमण, थिचोमिचो र हस्तक्षेपको बारेमा विस्तृत रिपोर्ट दिए। कम्बोडियाका राजा सिंहानुकसँगको कुराकानीबाट 'अमेरिकी केन्द्रीय गुप्तचर विभागसँग मेरो युद्ध' जस्ता पुस्तक तथा लावसका राजकुमारहरूले देशको स्वतन्त्रताबारे खेलेको भूमिका र भियतनामी क्रान्तिसम्बन्धी पुस्तकहरूले संसारभरिका पाठकहरूलाई नयाँ-नयाँ जानकारी दिए।

वर्षौँसम्मको महाविद्यालय र विश्वविद्यालयको अध्ययनमा नसमेटिएका अनेक विषयबारे एकजना पत्रकारको एउटा रिपोर्ट वा पुस्तकले ठूलो जानकारी दिन्छ। यसरी एकजना पत्रकार एउटा ठूलो पल्टन र अत्याधुनिक हतियारभन्दा शक्तिशाली देखिन्छन्। दुईवटा विशाल देशहरूको सम्बन्ध जोड्न एकजना पत्रकारले ठूलो योगदान र प्राज्ञिक सहयोग पनि पुऱ्याउन सक्छ।

**कानुन**

**प्यारा भाइबहिनीहरू,**

तिमीहरूले आफ्नो पत्रमा ऐन-कानुनको अध्ययन र त्यसको महत्त्वबारे पनि जानकारी चाहेका थियौ। तिमीहरूको यो जिज्ञासा स्वाभाविक हो। डाक्टरहरूले रोगीको रगत, दिसा, पिसाब र अन्य परीक्षणका रिपोर्ट हेरेर रोगको निदान गरेजस्तै देशको संविधान र ऐन-कानुन हेरेर त्यसका विज्ञहरूले देशको सामाजिक, आर्थिक, राजनीतिक र वर्गीय स्थिति बताउँछन्।

देशको ऐन-कानुन त्यस देशको धर्म र परम्परामा आधारित हुन्छ। देशको धर्म र परम्परा, रीति-रिवाज र संस्कृति उत्पादनका साधन एवम् उत्पादन सम्बन्धले निर्धारित गर्छ। संसारका हरेक धर्म सुरुमा समाजमा देखापरेका अन्याय-अत्याचार र विसङ्गतिको विरोधमा सुधारको निम्ति विकास भएको एक प्रगतिशील आन्दोलनको रूपमा प्रादुर्भाव भएका हुन्। हिन्दु धर्ममा सबैको कल्याण र परोपकार, दीन-दु:खीको सेवाको कुरा उल्लेख छ भने दास युगमा देखापरेका अनेक विकृतिको विरोधमा हिंसा नगर्नू, चोरी नगर्नू, अर्काकी स्वास्नीमाथि आँखा नगाड्नू र कसैको चित्त नदुखाउनू भनी महावीर वर्धमानको जैन र बुद्ध धर्मको विकास भएको थियो। त्यस्तै, इस्लाम धर्ममा ब्याज लिनुलाई समेत पाप भनिएको छ र इसाइ धर्ममा पनि दया, माया र परोपकारको कुरा उल्लेख छ। तर, पछि सत्तामा बस्ने वर्ग वा शासकहरूले धर्मको नाममा अन्याय, अत्याचार र शोषण गर्न लागे।

निजी सम्पत्तिको विकास हुँदै गएपछि दास, पशु र भूमिमा स्वामित्वजस्ता थरीथरीका सम्पत्ति र विविध प्रकारका ऐन-कानुन बन्दै गए। व्यापार र उद्योगधन्दाको विकास हुँदै गएपछि सोअनुसारको ऐन-कानुन पनि बन्दै गयो। पुँजीवादको विकास हुँदै गएपछि घर र जग्गाको मात्रै होइन व्यापार, उद्योग, ऋण, ब्याज, ठेक्कापट्टा, सेवा-उद्योग, मिसावट, तस्करी, कर छली, मूर्ति चोरी, जिउ मास्ने कसुर, ठगी, नाप-तौलको समेत ऐन-कानुन र मुद्दा-मामिला देखिन थाले।

त्यस्तै, संविधानमा राजाको अधिकार बढ्ता हुनुले समाजमा सामन्त वर्ग शक्तिशाली भएको देखाउँछ भने संवैधानिक राजतन्त्रको बन्दोवस्तले सामन्त वर्ग र पुँजीपति वर्गको मेल भयो भन्ने देखाउँछ। गणतन्त्रको बन्दोवस्तले समाजमा सामन्त, राजा-महाराजा र जमिनदारहरूको भन्दा उद्योगपति, व्यापारी, बैङ्कपति, साहु-महाजन तथा कालीगढहरूको शक्ति बढ्दै गएको देखाउँछ। यसरी ऐन-कानुन र संविधानले देशको सामाजिक, आर्थिक र राजनीतिक स्थिति प्रस्ट पार्छ। नयाँ प्रजातन्त्रको संविधानले देशमा मजदुर, किसान र राष्ट्रिय पुँजीपति वर्गको मेलमा राज्य व्यवस्था टिकेको बताउँछ। संविधान र ऐन-कानुनमा निजी उद्योग-धन्दाको अभाव, सामूहिक स्वामित्व र राजकीय स्वामित्वको प्राथमिकता एवम् प्रभुत्व, काम-मामको प्रत्याभूति, व्यक्तित्व विकासमा समान अवसर, योग्यताअनुसारको काम र कामअनुसारको ज्याला, शोषणको विरोधको अधिकारजस्ता कुरा उल्लेख छ भने त्यसले त्यो समाज समाजवादी व्यवस्थाको हो र त्यहाँको शासनमा कामदार वर्गको हुकुम रहेको हुन्छ भन्ने प्रस्ट बताउँछ।

यस व्याख्याले ऐन-कानुन र संविधान भनेको समाज र राज्य व्यवस्थाकै ढुकढुकी नाप्ने यन्त्र भनेमा फरक पर्दैन। साथै, देश कुन दिशातिर गइरहेको छ वा देशलाई पुँजीवाद वा समाजवाद कतातिर लैजाने हो भन्ने कुरा संविधान र ऐन-कानुनको बन्दोवस्तले नै थाहा दिन्छ। यस्तो महत्त्वपूर्ण विषयमा ज्ञान हुनु वा अध्ययन गर्नु आवश्यक छ भन्ने कुरामा कसैको दुईमत नहोला!


भाइबहिनीहरूले सोधौला, "व्यावहारिकरूपले ऐन-कानुनको जानकारीले वा वकिल वा कानुन व्यवसायी भएर साधारण जनताको कसरी सेवा गर्न सकिन्छ?"

देशमा बहुमत जनता निरक्षर भएको हुँदा तथा अत्यन्त बहुमत जनता कानुनी शिक्षाबाट वञ्चित भएको हुँदा सोझा-सिधा जनता जाली-फटाहाहरूबाट कानुनी ढङ्गले सताइएका र ठगिएका हुन्छन्। कारागारका साधारण बन्दीहरूको सूक्ष्म ढङ्गको अध्ययनबाट पनि बहुमत बन्दीहरू कानुनको पटक्कै ज्ञान नभएर फसेका र फसाइएका देखिन्छन् वा मुद्दाअनुसार हुनुपर्ने सजायभन्दा बढी सजाय भोगिरहेका हुन्छन् वा निर्दोष व्यक्तिहरूले सजाय भोगिरहेका हुन्छन्।

रिसइबी र जालीफटाहाहरूको जालझेलले लास बेपत्ता पारेको नाममा कारागारमा सजाय भोगिरहेका व्यक्तिलाई लास बेपत्ता भएका भनिएका व्यक्ति स्वयम् भेट्न गएको देखिनुले मुद्दा र फैसला दुवै व्यावहारिक नभएको देखाउँछ। अर्काको धन-सम्पत्ति वा जहान-परिवारमाथि आँखा लगाउनेले झूटो ज्यान मुद्दामा फसाउँदा निर्दोष व्यक्तिले सजाय भोगिरहेको हुन्छ तर त्यसरी झूटो मुद्दा हाल्ने लोभी र अपराधी भने समाजमा ठालु भइटोपलेको हुन्छ।

यस्तो अवस्थामा एक कानुन व्यवसायीले के-कसरी जनताको सेवा गर्न सक्छ भन्ने प्रश्न पनि तिमीहरूले गर्नेछौ। एक-दुईवटा थप उदाहरण दिएमा तिमीहरूलाई बढी प्रस्ट हुनेछ।

साहित्य समाजकै ऐना हुन्छ भन्ने तिमीहरूलाई थाहै छ। 'भेनिसको महाजन' भन्ने शेक्सपियरको एउटा नाटक छ। त्यसमा




साइलक भन्ने एकजना निर्दयी महाजन थियो। सामानको नयाँ खेप र नाफाको निम्ति व्यापारी एन्टोनियोले ऊसँग ऋण माग्छ। म्यादभित्र साँवा-ब्याज तिर्न नसकेमा शरीरबाट एक पाउ मासु काट्न सक्ने सर्त त्यस साइलकले राख्छ। ऋणी एन्टोनियोले सर्त मान्छ र संयोगले उसको जहाज दुर्घटना भई भाकाभित्र ऋण तिर्न नसक्दा उसको शरीरबाट एक पाउन्ड मासु काट्ने स्थिति तयार हुन्छ। त्यस्तो अप्ठेरो स्थितिमा ऋणीको कानुनको जानकार साथीले उसको पक्षमा अदालतमा बोल्छ - ठीक छ, साइलकले एक पाउन्ड मासु काट्न सक्छ। तर, कागजमा एक पाउन्डभन्दा बढी-घटी र रगतको उल्लेख नभएको हुँदा एक थोपा रगत आउन नहुने र मासु काट्दा एक पाउन्डभन्दा अलिकति पनि घटी-बढी हुन नहुने जिकिर गर्छ। सर्तअनुसार मासु काट्ने हो भने तौलमा तलमाथि हुने र रगत आउने हुँदा साइलक जिल्लिन्छ र ऋण लिनेको जित हुन्छ। यसरी ऋणीको ज्यान जोगिन्छ।

अर्को उदाहरण, भोलि दिउँसो १२ बजे आफ्नो छोरालाई फाँसी दिने अदालतको निर्णय सुनेर व्याकुल आमा-बाबु एक कानुन व्यवसायीकहाँ पुग्छन्। फैसला हेरेर वकिलले सहयोग गर्ने र छोराको ज्यान बचाउने कोसिस गर्ने आश्वासन दिन्छ। भोलिपल्ट बिहान १० बजिसक्दा पनि वकिलमा मुद्दाबारे कुनै चासो, चिन्ता र हतार नदेख्दा आमा-बाबुमा रूवाबासी चल्छ। तर, वकिलले फाँसी दिने ठाउँमा फाँसीमा लट्काउनुभन्दा ५ मिनेट अगाडि फैसला हेरेर आपत्ति जनाउँदै फैसलामा 'झुन्ड्याउनू' भन्ने मात्र छ तर ज्यान गयो भने को जिम्मेवार हुने भनी चेतावनी दिन्छ।

त्यहाँ खैलाबैला मच्चिन्छ अलमल हुन्छ, १०-१५ मिनेट दौडधूप चल्छ। त्यसैबेला वकिलले फेरि आपत्ति जनाउँदै भन्छ - फैसलामा 'ठीक १२ बजे झुन्ड्याउने' निर्णय छ तर अहिले १२ बजेर १५ मिनेट गयो, अब झुन्ड्याउन पाइँदैन।

यसरी युवकको ज्यान बच्छ। त्यसैबेलादेखि फैसलामा 'झुन्ड्याएर मार्नू' भन्ने निर्णय सुनाउन थालियो वा 'गोली हानेर मार्नू' भन्ने निर्णय हुन थाल्यो।

त्यस्तै, एउटा उजुरीमा अभियुक्तले उनको दायाँ हातले मारिने व्यक्तिको बायाँ हात समात्यो, उनको बायाँ हातले मर्नेको दायाँ हात समात्यो र अर्को हातले छुरा हानेर माऱ्यो भन्ने झूटा मुद्दाको आधारमा कारागारमा ज्यान मुद्दा खेप्दै थिए। राजनीतिक आन्दोलनको सिलसिलामा एकजना कानुन व्यवसायी जेल पऱ्यो, निर्दोष अभियुक्तको कागजात हेऱ्यो र राजनीतिक आन्दोलन टुङ्ग्याई जेलमुक्त भएपछि वकिलले अदालतमा जिकिर गऱ्यो, "श्रीमान्, मानिसको दुइटा हात हुन्छ र 'भगवान् विष्णु' को चार हात हुन्छ, सबैलाई थाहा छ। मेरो पक्षमाथि आरोप छ, उनको दायाँ हातले मृतकको बायाँ हात समात्यो, उनको बायाँ हातले मृतकको दायाँ हात समात्यो र अर्को हातले छुरा हानेर माऱ्यो। तर श्रीमान्, मेरो पक्ष विष्णु भगवान् होइनन्, उनी निर्दोष व्यक्ति हुन्। उनको २ वटा मात्रै हात छ।"

सम्पत्ति खाने उद्देश्यले लगाइएको उक्त झूटो मुद्दामा निर्दोष व्यक्तिले मुक्ति पाए। यसरी ऐन-कानुन थाहा नपाएका साधारण वा निर्दोष व्यक्तिहरूलाई कानुन व्यवसायीले सेवा पुऱ्याउन सक्छन्, जसरी चिकित्सकले रोगीको ज्यान जोगाउन सक्छ।

तिमीहरूले फेरि प्रश्न गरौला, "के संसारमा कानुन अध्ययन गरेका ठूल्ठूला र असल व्यक्तिहरू पनि छन्? २-४ जनाको नाम थाहा पाउन सके हुन्थ्यो।"

त्यसो त तिमीहरूलाई थाहै होला - संरा अमेरिकी राष्ट्रपतिहरूमध्ये झन्डै आधा कानुनका विद्यार्थी थिए भने आधा सेनाबाट आएका थिए। त्यस्तै, भारतका महात्मा गान्धी, सुभाषचन्द्र बोस, जवाहरलाल नेहरू र झन्डै २० वर्षसम्म पश्चिम बङ्गालको वामपन्थी सरकारका मुख्यमन्त्री भएका ज्योति बसु कानुनका विद्यार्थी थिए। कानुनका विद्यार्थीहरू राजनीतिमा गए वा व्यवस्थापिकामा पुगे दोहोरो अर्थ नलाग्ने, छिद्रहरू नभएका, प्रस्ट र समस्या समाधान हुने खालका विधेयक तथा ऐन-कानुन बन्नेछन्; देशको निम्ति उपयुक्त र राम्रो संविधान निर्माणमा महात्मा गान्धी, सुभाषचन्द्र बोस र जवाहरलाल नेहरू सहयोग पुग्नेछ। कानुनका राम्रा-राम्रा प्राध्यापकहरू भएमा कानुनका प्रतिभाशाली विद्यार्थीहरू उत्पादन हुनेछन्। प्रशासनमा कानुनका विद्यार्थी भए जनतामाथि कानुनविपरीतका काम कम हुने आशा गरिन्छ। भाइबहिनीहरूले सुनेकै हौला - संरा अमेरिकाको संविधान २०० वर्षपछि पनि साह्रै कम संशोधन भएको र संसारको एक नमुना संविधान मानिन्छ। त्यस संविधानका निर्माताहरूमा आधाभन्दा बढी कानुन-व्यवसायी र ज्ञाताहरू थिए। समाज छिटोछिटो परिवर्तन भइरहेकोले निर्माण कार्य, व्यापार, उद्योग, खाद्यान्न, खाद्यवस्तु, स्वास्थ्य वा चिकित्सा आदि क्षेत्रमा पनि अनेक मुद्दा-मामिलाको सम्भावना बढ्दै जाने हुँदा हरेक विषयमा ऐन-कानुनका ज्ञाताहरूको खाँचो बढ्दै जानेछ। त्यतिमात्रै होइन डाक्टर, इन्जिनियर र अन्य विषयका विशेषज्ञसमेत कानुनको कक्षामा सामेल हुनुपर्ने परिस्थिति बढ्दै जानेछ।

विदेशसँगको सम्बन्ध विकास गर्न तथा आफ्नो देश र जनताको हितलाई सुनिश्चित गर्न आफ्नो एवम् सम्बन्धित मित्र देशहरूका संविधान र ऐन-कानुन तथा अन्तर्राष्ट्रिय ऐन-नियम, सन्धि-सम्झौताहरूका समेत जानकार हुनु आवश्यक छ। त्यसो त पहिले राजदूतलाई समेत 'वकिल' भनिन्थ्यो। सीमा विवाद, नदी-नालाको पानीको उपयोग, सीमामा बन्ने बाँधहरू तथा साझा नदीहरूबाट उत्पादन हुने विद्युत्, सिँचाइको पानी वा पानीका अन्य उपयोगबारे सीमा जोडिएका र एक देशबाट अर्को देशमा बग्ने नदी-नालाबारे बरोबर विवादहरू भइरहन्छन्।

सोभियत सङ्घ र समाजवादी चीनकै बिचमा उत्तर-पूर्वको उसुरी नदी र चेन्पाओ टापुको निम्ति सशस्त्र सङ्घर्षसमेत भयो। त्यस्तै, भारत र बङ्गलादेशबिच गङ्गा नदीको पानीको उपयोगबारे मात्र होइनह भारतकै नर्मदा, कृष्णा र काभेरी नदीको पानीको उपयोगमा भारतकै प्रान्तहरूबिच विवाद हुने गर्छ। भारतसँग कोशी र गण्डक नदीको सम्झौतामा नेपाल ठगिएको छ वा अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूसँग दाँज्दा असमान सन्धिहरू भएका छन्।

टनकपुर सन्धिमा पनि नेपालको पानी र भूमिको हक मिचिएको छ। देशका 'राष्ट्रिय' पुँजीवादी पार्टीहरूले आँखा चिम्लेर भारतसँग महाकाली सन्धि गरेर नेपालको लिम्पियाधुरा र कालापानीको हजारौँ हेक्टर जग्गा अनिर्णयको स्थितिमा पुऱ्याए। भारतले नेपालसँग सहमति नलिई लक्ष्मणपुर, रसियावाल-खुर्दलोटन, कोइलाबास लगायतका बाँधहरू बनाउन हुने थिएन। भारतले अनेक अन्तर्राष्ट्रिय सन्धि-सम्झौता र ऐन-कानुन मिचेर काम गऱ्यो, गर्दै छ। तर, सरकारमा बस्ने मन्त्रीहरू खास गरेर सीमा, जलस्रोत र परराष्ट्र मन्त्रालयका जिम्मेवार व्यक्तिहरू कानुनका विद्यार्थी नहुनाले वा देशभक्त नहुँदा नेपालले आफ्नो भूमि र अधिकार गुमाउँदै छ।

जीवनको हरेक क्षेत्रमा ऐन-कानुनको महत्त्व बढ्दै गएको हुँदा कानुनका विद्यार्थी र ज्ञाताहरूको आवश्यकता पनि बढ्दै जानेबारे कुनै शङ्का छैन।

क्रमशः

# एउटै पार्टीका सांसदबिच फरक विचार हुँदा समिति बैठक ढिलो सुरु !

काठमाडौँ, १६ पुस । प्रतिनिधिसभाको कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा संशोधनबारे छलफल भयो । विधेयकमा ७९ ओटा ऐन संशोधनको प्रस्ताव उल्लेख छ । सो विधेयकमा ७८ जना सांसदले संशोधन दर्ता गराउनुभएको थियो ।

बैठकमा एमालेका सांसद दामोदर पौडेल वैरागीले राष्ट्रपतिदेखि सङ्घ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिहरूको पारिश्रमिक एवम् सुविधासम्बन्धी एकीकृत ऐन बनाउनुपर्ने संशोधन पेस गर्नुभयो ।

एमालेका अर्का सांसद रघुजी पन्तले सबै मन्त्रालयसँग सम्बन्धित विधेयक हुँदा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले मात्र जिम्मेवारी लिन नसक्ने हुँदा अन्य विधेयक सम्बन्धित मन्त्रीहरूको उपस्थितिमा छलफल गर्नुपर्ने प्रस्ताव राख्नुभयो ।

रास्वपाका सांसद गणेश पराजुलीले पनि सम्बन्धित विधेयकमा मन्त्रीलाई निम्ता गरी छलफल गर्नु उचित हुने विचार राख्नुभयो ।

नेकाका सांसद रमेश लेखकले एउटै विधेयकमा धेरै ऐन संशोधन प्रस्ताव अगाडि पनि आएको उल्लेख गर्दै छलफल अगाडि बढाउँदा आपत्ति नहुने उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले एउटै विधेयकमा धेरै ऐन संशोधन यस अगाडि गरिएको भए पनि अब सच्याउनुपर्ने र विधेयकसँग सम्बन्धित मन्त्रीलाई उपस्थित गराई छलफल गर्नु उपयुक्त हुने विचार राख्नुभयो ।

विधेयकमा वैदेशिक रोजगारी ऐन संशोधन पनि उल्लेख भएको चर्चा गर्दै सांसद सुवालले वैदेशिक रोजगारीकै विषयमा दुई युवाको ज्यान गुमेको, कैयौँ घाइते भएको र पक्राउ परेको विषय कानुन मन्त्रालयसँग मात्र नजोडिएको उल्लेख गर्नुभयो ।

प्रहरी ऐन संशोधनमा शान्ति र अमनचयनको लागि गोली प्रहार गर्न नहुने, भुइँमा लागि बजार्ने, पानीको फोहरा फाल्ने, अश्रुग्यास प्रयोग गर्ने आदि विषय कानुनमन्त्रीसँग होइन गृहमन्त्रीसँग जोडिएको उल्लेख गर्दै सांसद सुवालले गृहमन्त्रीको जिम्मेवारी कानुनमन्त्रीबाट पूरा नहुने उल्लेख गर्नुभयो ।

सांसद सुवालले युवामाथि प्रहरीको गोली प्रहार सेलाउन नपाउँदै सामान्य प्रशासनमन्त्री पक्राउ परेको समाचार प्रकाशित भयो, यसबारे गृहमन्त्रीलाई बोलाई सम्पर्क गराउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

रास्वपाका डोलप्रसाद अर्यालले विधेयकसँग सम्बन्धित सबै मन्त्रीलाई संशोधनकर्ता सांसदहरू संशोधनबारे छलफल गर्न बोलाउनुपर्नेमा जोड दिनुभयो ।

एमालेका सांसद सूर्य थापाले विधेयकसँग सम्बन्धित मन्त्री उपस्थित नहुँदै संशोधन राख्नु भैँसीको अगाडि बाँसुरी बजाउनुजस्तै हुने उल्लेख गर्नुभयो ।

रास्वपाका अर्का सांसद सोविता गौतमले विधेयकको सैद्धान्तिक छलफलमा विधेयक कानुनमन्त्रीमार्फत पेस हुँदा ठीक, समितिमा सो विधेयक छलफल गर्दा बेठीक किन हुने भनी प्रश्न गर्नुभयो ।

एमालेका सचेतक महेश बर्तौलाले विधेयकबारे छलफल गर्ने कार्ययोजना भएको हुँदा बैठक अगाडि बढाउनुपर्ने सुझाव दिनुभयो ।

सांसद अमरेशकुमार सिंहले हिजोको अभ्यास यथावत नहुने उल्लेख गर्दै विधेयकसँग सम्बन्धित मन्त्री आवश्यक हुने उल्लेख गर्नुभयो ।

नेकाका सांसद गगन थापाले सबै विधेयकमा कानुन मन्त्रीलाई जवाफ दिन गाह्रो हुने उल्लेख गर्दै बैठकको सूचना समयमा नपुगेको बताउनुभयो ।

नेकाका सांसद बद्रीप्रसाद पाण्डेले कानुनमन्त्री तयारीसाथ उपस्थित भएका भए विधेयकबारे छलफल गर्न अर्को मन्त्री आवश्यक नभएको उल्लेख गर्नुभयो ।

नेकाकै अर्का सांसद सुशिला थिङले कानुन बनाउन कानुनमन्त्री समितिमा पुगे पर्याप्त हुने विचार राख्नुभयो ।

कानुनमन्त्री धनराज गुरुङले अन्य मन्त्रीसँग पनि छलफल गर्न सकिने उल्लेख गर्नुभयो ।

एमालेका सांसद रघुजी पन्तले आफूले एमाले सचेतक बर्तौलालाई विधेयकसँग सम्बन्धित मन्त्रीलाई बोलाएर एउटा एउटामा छलफल गर्न सुझाएको दोहोऱ्याउनुभयो ।

# ललितपुरमा १३० औँ माओ जयन्ती

ललितपुर । विश्व सर्वहारावर्गका महान् गुरु अध्यक्ष माओको १३० औँ जन्म दिवसको अवसरमा नेमकिपा महालक्ष्मी नगर समितिको आयोजनामा शनिबार महालक्ष्मी-६, सिद्धिपुरमा अन्तरक्रियात्मक कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टी वाग्मती प्रदेश समितिका सदस्य एन. महर्जनले भन्नुभयो, "अध्यक्ष माओ त्सेतुङ बहुआयामिक व्यक्तित्वका धनी हुनुहुन्थ्यो ।"

उहाँले अध्यक्ष माओको बाल्यकालको सद्भावबारे चर्चा गर्दै भन्नुभयो, "माओ बाल्यकालमा आफ्नो बिस्कुन हेर्दै गर्दाको अवस्थामा अचानक पानी पर्दा आफ्नो बिस्कुन थन्क्याउनुभन्दा छिमेकी गरिब किसानको अन्न बटुल्न सहयोग गर्नुभएको घटना चर्चित छ ।"

उहाँले भन्नुभयो, "सन् १९६० को दशकमा चीनमा ठुलो आर्थिक सङ्कट आइपऱ्यो । माओले त्यसबेला सामान्यरूपमै जीवन यापन गर्नुभयो । सन् १९४९ अक्टोबर १ को दिन अध्यक्ष माओ त्सेतुङले जनवादी गणतन्त्र चीनको घोषणा गर्नुभयो ।"

नेमकिपा ललितपुर जिल्ला समितिका सदस्य महन्त महर्जनले अध्यक्ष माओले सन् १९६६ मा सञ्चालन गर्नुभएको सांस्कृतिक क्रान्तिबारे भन्नुभयो, "सांस्कृतिक क्रान्तिको सिलसिलामा अध्यक्ष माओले सहरमा पढ्ने विद्यार्थीलाई गाउँ जाऊ, देश चिन, किसान चिन, किसानबाट सिक भन्ने आह्वान गर्नुभएको थियो । विद्यार्थीहरू दिनभर किसानको खेतीपातीको काममा सघाउँथे, कामको सिलसिलामा किसानबाट विद्यार्थीहरूले व्यावहारिक कृषि ज्ञान सिक्थे । साँझ किसानहरू एक ठाउँमा भेला हुन्थे, विद्यार्थी किसानलाई लेखपढ गर्न सिकाउँथे ।"

कार्यक्रममा एलपी गौतमले भन्नुभयो, "अध्यक्ष माओले आफ्ना देशका युवाहरूलाई विदेशमा गएर सिक र आफ्नो देश तथा कामदार जनताको सेवा गर भनी सचेत गर्नुभयो । माओले चिनियाँहरूले काम गर्ने व्यक्तिको फाइदाको लागि नभई सरकार वा जनताको फाइदाको लागि हो ।"

उहाँले नेपालका माओवादी नामका कम्युनिस्ट पार्टीको बदनाम गर्न, नेपालमा समाजवादी क्रान्ति पछाडि ढकेल्न र भारतीय एकाधिकार पुँजी लाद्न सजिलो गर्न भारतले ट्रोजन हर्सको रूपमा तयार गरेको खुलस्त पार्नुभयो ।

नेमकिपा महालक्ष्मीका अनिश महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा रूपना महर्जन, चन्द्रमान महर्जन, बिकी महर्जन, वीरेन्द्र महर्जन, कृष्णराज महर्जनले माओको योगदानकै कारण आज संसारमा चीनको महत्त्व बढेको, समाजवादी व्यवस्था पुँजीवादी व्यवस्थाभन्दा उत्तम रहेको, संसारका जनताले साम्राज्यवादबाट मुक्तिको बाटो पाएकोमा प्रकाश पार्नुभयो ।

त्यसैगरी विश्व सर्वहारा वर्गका महान् नेता माओ त्सेतुङको १३० औँ जन्म दिवसको अवसरमा नेमकिपा गोदावरीको आयोजनामा बिहीबार गोदावरी-१२ मा कार्यकर्तामाझ अन्तरक्रिया कार्यक्रम भयो ।

आम श्रमिक जनतामा पुराना थोत्रा प्रतिक्रियावादी संस्कार हटाएर क्रान्तिकारी भावना भर्ने र उनीहरूलाई पुँजीवादी कार्यदिशाको विरोधमा सर्वहारा क्रान्तिको कार्यदिशाको निम्ति लड्ने क्रान्तिकारीको रूपमा हुर्काउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

क्रान्तिकारीहरू सबै समान हुन्छन्, तह र पदले तात्त्विक फरक पर्दैन, सहर र गाउँका नेता भनी भेद गर्नु हुन्न भन्ने मान्यता स्थापित गरियो । सांस्कृतिक क्रान्तिको कार्यभार भनेको पुरानो शैक्षिक प्रणाली, शैक्षिक दर्शन र विधिमा सुधार गर्नु हो ।

नेमकिपाका केन्द्रीय वैकल्पिक सदस्य एनबी श्रेष्ठले माओको उच्च मनोबलबारे बताउँदै भन्नुभयो, "माओकी जीवन सङ्गिनी याङ काई हुइलाई च्याङ काई सेकको कोमिनताङ सरकारले चरम यातना दिएर मारेको थियो भने ८ वर्षका छोरो माओ यनिङलाई पनि चरम यातना दियो । त्यस्तै जेठा छोरा यनिङको २८ वर्षको उमेरमा अमेरिकन हवाई आक्रमणमा परी कोरिया युद्धमा निधन भयो तर पनि माओ विचलित हुनुभएन ।"

उहाँले अध्यक्ष माओ त्सेतुङले आधुनिक चीनको निर्माणको आधारशिला तयार गर्नुभएको थियो भन्नुभयो ।

कार्यक्रममा एलपी गौतमले भन्नुभयो, "छिमेकी देश चीनमा माओ त्सेतुङको नेतृत्वमा सन् १९४९ मा समाजवादी क्रान्ति भयो । समाजवादी क्रान्तिपछि त्यहाँ किसान र मजदुरवर्गले शासन सत्ता सम्हाले । पुँजीपतिवर्ग र जमिनदारवर्गले पनि अनिवार्य काम गर्नुपर्ने भयो । यसले गरिब किसान जनतामाथिको शोषणको अन्त्य गऱ्यो; शिक्षा र स्वास्थ्य उपचार नि:शुल्क एवम् अनिवार्य गऱ्यो । सबै चिनियाँ युवाले स्वदेशमै रोजगारी पाए । नयाँ पुस्ता शिक्षित बने । गाउँ र सहरबिचको भेद क्रमश: हट्दै गयो । शिशुहरूलाई शिशुशाला, बालबालिकालाई बालउद्यान, विद्यालय र उच्च शिक्षाको बन्दोबस्त प्रान्तहरू र आवश्यकता हेरेर उचित स्थानमा शैक्षिक संस्था स्थापना गरी व्यक्तित्व विकासमा समान अवसर प्रदान गरियो । वृद्धवृद्धाको लागि आदर निकेतनको बन्दोबस्त गरियो ।"

नेक्रामजदुरसङ्घ ललितपुर जिल्ला समितिका अध्यक्ष अशोक महर्जनले नेपालमा माओ, लेनिन, मार्क्सको नाम लिने कतिपय कम्युनिस्ट पार्टी भाइकाङ्ग्रेस भएर भागबन्डा खाने, भ्रष्टाचार गर्ने, शोषण गर्दै आइरहेको हुँदा ती कम्युनिस्ट नामधारीहरू भनेका संशोधनवादी हुन् भन्नुभयो ।

स्थानीय विष्णुभक्त महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा उर्मिला श्रेष्ठ, रीमा महर्जन, सूर्यलक्ष्मी देसार, रामेश्वरी महर्जन, अनिष महर्जन र तुल्सी महर्जनलगायतले वर्तमान सरकारले देशलाई भ्रष्टाचारमा डुबाउने, विदेशी दलाल पुँजीपतिको पक्षमा काम गर्ने गरेको उल्लेख गर्दै जनतालाई सचेत गरी समाजवादी व्यवस्था स्थापना गर्न नसकेसम्म दासमालिकहरूले जनतामाथि शासन गरिरहेका हुनेछन् भन्नुभयो ।

# जुलुस र सभा गर्नु नै राजनीति होइन

हो, कार्यकर्ताहरूलाई टीको लगाएर पार्टी सदस्यता दिनु, धार्नीका धार्नी फूलको माला लगाएर प्रधानमन्त्री र नेताहरूलाई स्वागत गर्नु तथा हुल जम्मा गरेर पैसा बाँड्नु नै राजनीति होइन न त नेताहरूले कार्यकर्तालाई मूर्ख बनाउनु र स्वार्थीहरूले प्रधानमन्त्री र नेताहरूलाई मूर्ख बनाउनु नै राजनीति हो । टीको लगाएपछि कार्यकर्ता राम्रो हुने भए तिनीहरूलाई फित्ता वा पगरी लगाएर फुर्काऔँ, प्रधानमन्त्री र नेताहरूलाई व्यापारी, उद्योगपति, ठेकेदार र तस्करहरूले धार्नीका धार्नी सुनकै सिक्री लगाऔँ ।

के यसरी समाज र देशको हित होला ? देशको भूगोल र अर्थतन्त्र, वर्तमान राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिबारे राम्रो जानकारी वा शिक्षा नदिई सिद्धान्तविपरीत अन्य पार्टीका कार्यकर्तालाई पार्टीमा टीको लगाएर भित्र्याउँदा के नयाँ आगन्तुक कार्यकर्ताबाट नयाँ पार्टीको घोषणापत्रअनुसार काम होला ?

सत्य त्यही हो भने दल बदल गर्ने कार्यकर्तालाई छानी छानी पार्टी नेता र प्रधानमन्त्री नै बनाए झन् राम्रो होला । हिजो एउटा सामाजिक अपराध गरेका र भ्रष्टाचारी व्यक्तिलाई अर्को पार्टीले टीको लगाएर नेता र मन्त्री बनाएर के राजनैतिक नैतिकता र समाजमा चलिआएको सदाचार बाँकी रहला ? गाउँ गाउँ र जिल्ला जिल्लामा अपराधी र बदनाम व्यक्तिहरूलाई नेता र प्रधानमन्त्रीले काठमाडौँमा टीको लगाउँदैमा के तिनीहरूको आपराधिक आचरणमा शुद्धता आउला ? ठूलो दल बनाएर सरकारको नेतृत्व गरेर देश बिग्रेको मात्र नभई पतन भई पाताल पुगेको अनुभव सबैले गरेका छन् । ऐन कानुन र अदालतको न्याय कहिले कार्यपालिका र कहिले विधानपालिकाले उल्लङ्घन गरेर देशमा न्याय व्यवस्था कायम रहला ?

XXX

प्रधानमन्त्री, नेता र मुख्यमुख्य कार्यकर्ताले एक दिन आफ्ना नाति-नातिनाहरूसँग खेल्दा देशका लाखौँ बालबालिकाहरूबारे सोच्ने समय खेर जानेछ । सामान्य नागरिकले आफ्नो परिवारबारे सोच्छन् भने नेता र कार्यकर्ताले आफ्नो परिवारलाई प्राथमिकता दिने होइन पार्टी समाज र देशको बारेमा समय दिने हो । जसरी प्रधानाध्यापकले विद्यालयमा आफ्नो छोराछोरीबारे नभई सबै विद्यार्थीबारे चिन्तन गर्ने हो त्यस्तै सांसदहरूले मन्त्री पद ताक्ने होइन, काठमाडौँमा महल बनाउने चिन्ता गर्ने होइन, बरु विदेशीले पठाएको सरकारले ल्याउने विधेयकहरूबारे अध्ययन गर्ने र त्यसको समुचित खण्डन गर्ने र विरोध गर्नमा समय दिनुपर्छ ।

सांसद पद सामानको किनमेल होइन, व्यापारीहरूको नाफा खाने पसल होइन, कुनै सांसदले नाफा खान एउटा पार्टीको वा स्वतन्त्र उम्मेदवार भएर विजय प्राप्त गरी आफ्नो स्वार्थ हेर्छ भने ऊ जनप्रतिनिधि होइन, ऊ व्यापारी हो; कालाबजारिया हो; ठग र अपराधी हो ।

XXX

राजनीतिक दलका नेता र कार्यकर्ताहरूले आफ्नै दलको पक्षमा, सरकारको नीतिको विरोध र पक्षमा वा अन्तर्राष्ट्रिय घटनाको बारेमा आफ्नो समर्थनमा जनसभा, विरोध प्रदर्शन र टिप्पणी गरेर मात्रै आफ्नो कर्तव्य पूरा हुने गर्दैन बरु आफ्ना गतिविधिले आफ्नै देशभित्र एवं बाहिर त्यसको के प्रतिक्रिया आयो भन्नेबारे गम्भीर हुनैपर्ने हुन्छ र समीक्षासमेत गर्नु आवश्यक छ ।

आफ्नो देश र राजनीतिक दलहरूबारे नेपाली जनताले जति गहिरिएर बुझेको हुन्छ विदेशीहरूले एकै किसिमले बुझेका हुँदैनन् । नेपालका हरेक पार्टीको नामबाट तिनीहरूले मूल्याङ्कन गर्ने गर्छन् । कति देशका नेता वा कार्यकर्ताले नेपाली काङ्ग्रेस पार्टीले सरकारमा रहेका पार्टी 'मूल पार्टी' र साँच्चिकै 'समाजवादी', 'वामपन्थी', 'मध्यमार्गी' पार्टीको रूपमा लिन्छन् । त्यस्तै एमालेलाई 'ठूलो विद्रोह'बाट आएको तल्लो वर्गको पार्टी 'मार्क्सवादी-लेनिनवादी' पार्टी हो भने बुझ्छन्; अहिलेसम्म पनि एमाले साँचो अर्थमा 'क्रान्तिकारी' होइन, 'भाइ काङ्ग्रेस' हो भनी बुझ्दैनन् । कतिले 'जनता पार्टी' र 'समाजवादी' पार्टीहरूलाई 'वामपन्थी' र साँच्चै तल्लो वर्गको पार्टीको रूपमा लिन्छन् । तर, व्यवहारमा नेपाली जनतामा सबै पुँजीवादी हुन् नभनी आ-आफ्नै जातिवादी दल अर्थात् 'खस आर्य' दल, 'मधेसी' र फरकफरक जात र भाषाको आधार लिन्छन् । यसकारण, नेपालका राजनीतिक दलहरूको ऐतिहासिक पृष्ठभूमि वर्गीय र सैद्धान्तिकरूपले प्रचार गर्नु खाँचो छ । नेपाली जनतालाई पनि व्यवहारबारे जानकारी दिने वा शिक्षित गर्नु आवश्यक छ ।

**अफ्रिकी...**

अर्थतन्त्रमा मुद्रास्फितिको चर्को विरोध गरे । बेलायती सरकारले आक्रा र कुमासी सहरमा गोली चलायो । २० जनाको हत्या र २३० जना घाइते बनाइयो । त्यसको दोष संयुक्त गोल्ड कोष्ट सम्मेलनमाथि थोपेर एनक्रुमालाई पक्राउ गऱ्यो । उनले कारागारबाट छुटेर जनतालाई सङ्घर्षको मैदानमा उत्रन आग्रह गर्दै भनेको थिए -"अब स्वराज चाहिन्छ । सङ्घर्षको विकल्प छैन ।" त्यो कुरा सङ्गठनका मानिसहरूलाई मनपरेन । अफ्रिकामा एक युवा नेताका रूपमा उदाएका एनक्रुमाको प्रभावबाट तर्सेर गोल्डकोष्ट सङ्गठनले बेलायत फर्कन पुन: १०० पाउन्डको लोभ देखायो तर यो पटक उनले त्यो प्रस्ताव अस्वीकार गरे ।

उनले घानामा नयाँ राजनीतिक दल स्थापनाको तयारी गरे । 'आक्रा साँझ समाचार' (The Accra Evening Post) उनको हतियार थियो । पत्रिकाले अफ्रिकी जनताको मानिस भएर जिउन पाउने अधिकारको वकालत गऱ्यो । देशलाई उपनिवेशवादी सिक्रीबाट मुक्त गरी जनतालाई दासताको जन्जिरबाट स्वतन्त्र गर्ने उद्देश्य बोक्यो । एनक्रुमा जोड दिन्थे -"स्वराज नै आजको आवश्यकता हो ।" सन् १९४९ जुन १२ का दिन आक्रामा ६० हजार जनताबिच पार्टी स्थापनाको घोषणा गरे । दलको नाम 'जनताको पार्टी अधिवेशन' रह्यो । पार्टीको झन्डा रातो, सेतो, हरियो रंगको थियो । सन् १९५० सम्ममा त्यो दलको सदस्य १० लाखभन्दा बढी पुग्यो । त्यतिबेला उनी ४९ वर्षका प्रौढ थिए ।

उनलाई बेलायतको संविधान अवज्ञा र शान्ति भङ्ग गरेको आरोपमा जेल हालियो । ३ वर्ष कारागारमा थुनिए । शत्रुहरूबाट पार्टी टुक्राउने र सिध्याउने कोसिस भयो । सन् १९५१ फ्रेब्रुअरीमा संविधानसभा निर्वाचन घोषणा भयो । उनले जेलभित्रबाटै चुनाव लडे । घोषणापत्रमा उनले घानाको औद्योगिकीकरण, बेरोजगारी समस्या उन्मूलन गर्ने, शिक्षा र स्वास्थ्य प्रजातान्त्रिक गर्ने, लैंगिक विभेद हटाउने, समान अवसरसहितको समाजवादी समाज निर्माण गर्ने विचार व्यक्त गरे । जनतालाई 'आफ्नो देश जोगाउन आफै जाग्नुपर्छ' भन्ने सन्देश दिइयो । निर्वाचनमा उनले आफ्नो क्षेत्रको ९८ प्रतिशत जनताको मत पाए । ३८ वटा विधानसभाको स्थानमा एनक्रुमाको पार्टीले ३४ स्थान जित्यो । १४ फेब्रुअरीको दिन जेलबाट छुटेका एनक्रुमालाई मार्च १९५२ मा घानाका प्रधानमन्त्रीको रूपमा प्रस्ताव गरियो । १० जुलाई १९५३ का दिन राष्ट्रमण्डलको स्वीकृति र बहुमतको आधारमा एनक्रुमा घानाको पहिलो प्रधानमन्त्री बने ।

उनी निकै विनम्र र मृदुभाषी थिए । उनको भाषणकला मन्त्रमुग्ध पार्ने खालको थियो । बेलायती गभर्नरले एनक्रुमाको प्रगतिशील विचारबाट सतर्क भई एनक्रुमालाई बेलायती राष्ट्रमण्डलको असहयोग होस भन्ने चाहे । सारा कर्मचारी, प्रशासन, सेना बेलायतको कब्जामै थियो । त्यस्तो अवस्थामा एनक्रुमालाई आफ्नो विचारअनुरूप काम गर्न कठिन भयो । बेलायतीहरूले एनक्रुमाका मन्त्रीहरूलाई सुखसुविधामा फसाउन खोजे । भव्य आवास, महँगा गाडीहरूको सुविधा एनक्रुमाले अस्वीकार गरे र दुईतले साधारण भवनमा प्रधानमन्त्री र मन्त्रीहरूको लागि बन्दोबस्त मिलाए । एनक्रुमा कर्मचारीहरूको चाकडीबाट टाढा बस्थे ।

देशको प्रगतिको योजना बनाउने, अध्ययन गर्ने र सङ्गठनमा सक्रिय रहने उनी दिनको ४ घण्टा मात्र सुत्थे । घानामा जलविद्युत्, उद्योगधन्दाको विकास, रेल्वेको स्थापना, काकाओ रुखको निर्यात बढाउन निकै मिहिनेत गरे । घानामा विविध जातजाति थिए । जातीय आधारमा एनक्रुमाको दलविरुद्ध षड्यन्त्रहरू हुन थाले । एनक्रुमामाथि हमला, दलका नेताहरूमाथि हताहत बढ्यो । घानामा एनक्रुमाको उदय अफ्रिकामा कम्युनिस्ट आन्दोलनको बीउ हो भन्ने बुझाइ साम्राज्यवादीहरू राख्थे । तर उनी आफूलाई एक क्राइश्चेली र मार्क्सवादी समाजवादी बताउँथे । उनलाई दबाउन साम्राज्यवादीहरूको धर्म नै थियो ।

घानामा नयाँ निर्वाचन घोषणा अप्रिल १९५४ मा भयो । निर्वाचनमा एनक्रुमा र उनको दललाई हराउन बेलायती प्रेस र प्रचारमाध्यम लागिपेरका थिए । एनक्रुमाविरुद्ध झुटा आरोपहरू लगाउन कुनै कसर बाँकी राखिएन । यद्यपि, निर्वाचनमा १०४ स्थानमध्ये ७२ स्थानमा विजयी बनी बहुमत प्राप्त गरे । एनक्रुमाकै नेतृत्वमा नयाँ सरकार गठन भयो । उनले सन् १९५१ देखि १९५७ सम्मको औपनिवेशिक शासनमा पनि प्राथमिक शिक्षा नि:शुल्क गरे । विद्यालय जाने विद्यार्थी सङ्ख्या बढाए । निराक्षरता उन्मूलन अभियान चलाए । स्थानीय भाषाको प्रवर्द्धनमा योगदान गरे । उनले ९ वटा अस्पताल स्थापनामात्र गरेनन् १५ वटा अस्पताललाई आधुनिक बनाए । जनताको शिक्षा र स्वास्थ्यमा यतिको सुधार घानामा त्योभन्दा अघि भएको थिएन । जनताको हित उनको प्राथमिकता थियो ।

सन् १९५७ मार्च ६ मा एनक्रुमाले ११३ वर्ष लामो बेलायती उपनिवेशको अन्त्य गरी घानामा स्वतन्त्रताको घोषणा गरे । उनले बोले - 'स्वतन्त्रता सङ्घर्ष विजयमा टुङ्गियो, हामी स्वतन्त्र भयौँ, देश स्वाधीन भयो । हामी अब उपनिवेश होइनौँ ।' एनक्रुमा घानाका मुक्तिदाता बने । उनलाई अफ्रिकी जनता उपनिवेशवादविरोधी मुक्ति योद्धाका रूपमा आज पनि स्मरण गर्छन् । जीवनको आधा शताब्दीमा उनी देशको राष्ट्रपति बने । तर साम्राज्यवाद विरुद्धको सङ्घर्ष भने त्यहाँ टुङ्गिँदैन । आफ्नो सरकार बनिरहँदा बेलायत फेरी पनि बेलायती राष्ट्रमण्डलको सदस्य नै थियो जसको अधिकार बेलायती महारानीलाई थियो ।

१० अध्यायमा विभक्त यस पुस्तकका पाँच अध्यायहरू क्रमश: परिचय, एनक्रुमाको बाल्यकाल, अमेरिकी विश्वविद्यालयमा अध्ययन, बेलायतमा एनक्रुमाको जीवन र स्वराजको घोषणा शीर्षकबारे यहाँ चर्चा गरियो । बाँकी ५ अध्याय - घानाको अबको बाटो, एनक्रुमाको विचार, घरेलु नीतिमा एनक्रुमाको विचारको प्रयोग, पुनर्विश्लेषणबारे अर्को अङ्कमा चर्चा गरिनेछ ।

# पशुपति क्षेत्र विकास कोषको जग्गा, भवन र नगद अभिलेख दुरुस्त किन भएन ?

काठमाडौं । प्रतिनिधिसभाअन्तर्गतको परराष्ट्र सम्बन्ध तथा पर्यटन समितिको बिहीबार भएको बैठकमा पशुपति क्षेत्र विकास कोषको कामकारबाहीबारे छलफल भयो ।

कोषका सदस्य सचिव राजुकुमार खत्रीले बनकालीमा एउटा पुरानो धर्मशाला भएको, अर्को नयाँ धर्मशाला बनाउने तयारी भएको, बतास कम्पनीले धर्मशाला बहालमा लिएर होटेल चलाएको फिर्तासम्बन्धी मुद्दा अदालतमा चलिरहेको, गौशालास्थित मारवाडी सेवा समितिले वार्षिक रु. ५१ हजारमा बहालमा लिएको धर्मशाला फिर्तासम्बन्धी मुद्दा पनि अदालतमा चलिरहेको, जलहरीको सुन काण्डमा भएको भ्रष्टाचारबारे पनि अदालतमा मुद्दा चलिरहेको, तिलगङ्गातर्फको गाडी पार्किङ, पशुपतितर्फको ठुलो पार्किङ, उमाकुञ्जको सानो पार्किङ, भण्डार घर बगैंचानेरको सानो पार्किङ, त्रिभूवन विमानस्थलको पार्किङ, कोषको जग्गा खोजी र ९.५ रोपनी जग्गा फेला परेको, जय वागेश्वरीमा एउटा पोखरी पत्ता लागेको, कोषको जग्गा सबैको लालपुर्जा नभएको र एकीकृत पुर्जा नबनेको, जग्गा छानबिन समितिको रिपोर्ट तयार भएको, कर्मचारी अभाव भएको, लेखापाल निमित्त भएको, ९० जना सरसफाइ कर्मचारीको व्यवस्था भएको, तिलगङ्गातर्फबाट पर्यटकहरूको प्रवेश गर्ने व्यवस्था भएको, भारतीय पर्यटक दैनिक ५-६ हजार भएको, नेपाली पर्यटक पनि ५-६ हजार नै आएको, १५० र ३०० रुपैयाँ तिरेर पूजा गर्ने दैनिक १०० जना भएको, शवदाहको काठ वाग्मती नदीमा फालिने नियन्त्रण भएको, फूल र पर्यटक सामान बेच्ने पसल व्यवस्थित गर्ने तयारी भएको, भारतीय दूतावासको सहयोगमा १५० जना क्षमताको शौचालय निर्माण भइरहेको, विद्युतीय शवदाह गृह पुरानो दुई र नयाँ नयाँ दुई भएकोमा तीन ओटा बिग्रिएको, नयाँ चार ओटा खरिद प्रक्रिया भइरहेको, घाटको पैसा र मन्दिरको पैसा कोषमा जम्मा नभइरहेको, पर्यटक शुल्क र अन्य बहाल रकम मात्र कोषमा जम्मा भइरहेको, कोषको ढुकुटीमा भएको सुन चाँदीको लगत तयारीमा लगिरहेको, २०८० असोज मसान्तसम्म ४१ करोड नगद र बैङ्कमा २ अर्ब २७ करोड मौज्दात रहेकोलगायत विषय उल्लेख गर्नुभयो ।

छलफलमा नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले सुनको जलहरी राखिँदा जर्तीको नाममा भ्रष्टाचार भएको र दिनहुँ दूध तथा जलले नुहाइँदा जलहरी खिइएकोबारे कोष सचेत हुनुपर्ने चर्चा गर्दै ४९१.७१८ ग्राम सुन हिनामिना भएको मुद्दालाई मेलमिलापमा टुङ्ग्याइने त होइन ? भनी प्रश्न उठाउनुभयो ।

"सामाजिक अपराधी र भ्रष्टाचारीहरूलाई शासक पार्टीका नेताहरूले टीको लगाएर मन्त्री र सांसद बनाएको हुँदा कोषको कार्यकारी निर्देशक पनि टीको लगाएर नै नियुक्ति गरिएको त होइन ? सिंहदरबारको यो गलत नीति पालिका तहमा प्रशासकीय अधिकृत पठाइँदा समेत 'आफ्नो मान्छे' छान्ने प्रवृत्ति बढाएको त होइन ? प्रधानमन्त्री र मन्त्रीहरूले आफ्ना मान्छेलाई नियुक्ति गर्ने भए कानुन परिवर्तन गरी 'स्वाइल सिस्टम' लागु गर्नु जरुरी छ", सांसद सुवालले उल्लेख गर्नुभयो ।

पशुपति मन्दिर छेउबाट बग्ने नदी प्रदूषण रोक्न पशुपति क्षेत्र माथिका बस्तीहरू व्यवस्थित गर्नुपर्ने र देशको सन्तुलित विकास गर्नुपर्ने उल्लेख गर्दै सांसद सुवालले पशुपति विकास कोष ऐन, २०४४ देखि लागू भए पनि त्यहाँको ढुकुटी र जग्गाको अत्तोपत्तो नभएकोमा प्रम र मन्त्रीहरू जिम्मेवार हुनुपर्ने बताउनुभयो ।

सांसद सुवालले प्रधानमन्त्री र मन्त्रीहरू झन्डावाल गाडीमा सिंहदरबार भित्रबाहिर मात्र गर्न र सचिवहरूको पनि चासो यसतर्फ नहुँदा भ्रष्टाचार र अव्यवस्था बढेको उल्लेख गर्नुभयो ।

छलफलमा एमालेका सांसद देवीप्रकाश भट्टचनले मूल भट्ट भारतीय हुनुपर्नेबारे जिज्ञासा राख्नुभयो ।

एमालेका अर्का सांसद एकनाथ ढकालले कोषको कार्यकारी निर्देशक माओवादीका पार्टी केन्द्रीय सदस्य र समानुपातिक निर्वाचनका उम्मेदवारलाई योग्यतासमेत नपुगेको पनि नियुक्ति गरिएकोबारे प्रश्न उठाउनुभयो ।

माओवादीका सांसद छिरिङ ल्हामु लामाले गोठाटारतर्फको कोषको ५३५ रोपनी भन्दा बढी जग्गा भएकोमा ५०४ रोपनी मात्र हालसाविक गर्न खोजिएको, कार्यकारी निर्देशकमा लक्ष्मी पुनको नियुक्तिलाई क्रिश्चियन भनी विरोध गर्नु महिलाप्रति नै आक्रमण भएको बताउनुभयो ।

उहाँले लुम्बिनी विकास कोषमा हिन्दू धर्मावलम्बी नियुक्ति भए जस्तै पशुपति विकास कोषमा बौद्ध धर्मावलम्बी नियुक्ति हुनु स्वाभाविक भएको बताउनुभयो ।

रास्वपाका सांसद शिशिर खनालले पनि बोल्नुभएको बैठकमा राप्रपाका सांसद धवलशमशेर राणाले कोषको कार्यकारी निर्देशकमा नियुक्ति भएका पुन क्रिश्चियन नै भएको व्यापक चर्चा भएको उल्लेख गर्नुभयो ।

सदस्य सचिव खत्रीले कोषअन्तर्गत ३ ओटा गुठी भएको, घाटमा रहेका शव दाह व्यवस्थित गर्न फलाम प्रयोग गर्नेबारे पुरातत्त्वसँग छलफल भइरहेको, कोषको ६७ ओटा खाता भएको व्यवस्थित गर्ने, जग्गा र भवन बहालमा दिनेसम्बन्धी एउटा समिति बनेको, दाउराको टेन्डर वन कार्यालयले गर्दै आएको, दाउरा ढुवानीमा वातावरण शुल्क मात्र कोषले उठाएको स्पष्ट गर्नुभयो ।

कोषका कोषाध्यक्ष श्रीनारायणप्रसाद सुवेदीले आनन्द बतासले धर्मशालामा होटल ३५० बेडको चलाउने सम्झौता भए पनि १५० बेडकोमात्र चलाएको, सकारले नै ३ करोड दान दिएकाले मात्र टेन्डर राख्न पाउने सूचना प्रकाशित गराउँदा दूतावासले धर्मशाला कब्जा गरेको, गङ्गा आरतीको नाममा पशुपतिमा धेरै मानिस जम्मा हुँदा "पशुपतिको आरती" छायामा परेको, ४५ वर्षदेखि कोषको लेखा दुरुस्त नभएको, कोषको आम्दानी इन्भेष्टमेन्ट बैङ्कमा जम्मा गर्ने गरेको, पर्यटन शुल्क प्रतिमहिना ५ लाख उठिरहेको, कोषलाई कर छुट व्यवस्था भए पनि कार्यान्वयन नभएको, समितिले विषय तोकेर बैठकमा नबोलाउँदा तयारीसहित आउन नपाएको उल्लेख गर्नुभयो ।

समितिले पशुपति क्षेत्रको स्थलगत अध्ययन गर्ने, कार्यकारी निर्देशक नियुक्तिको कागजात ३ दिनभित्र पेश गराउने, कोषको जग्गा यकिन गरी पठाउने, आनन्द बताससँगको सम्झौता पनि पठाउने, विद्युतीय शवदाह गृह व्यवस्थित गर्नेलगायतमा मन्त्रालय र कोषलाई निर्देशन गर्ने निर्णय गऱ्यो ।

**बौद्ध...**

जातजाति र भाषाभाषीका जनता एकआपसमा मिली भाइचारा सम्बन्ध कायम गरी बसिरहेको र नेपाल पनि त्यसमध्ये एउटा हो भन्नुभयो ।

छिमेकी देश भारतले बुद्ध भारतमा जन्मेको भनी दुष्प्रचार गर्दा पनि नेपाल सरकार मौन बस्नुमा सरकारको औचित्यमाथि प्रश्न उठेको बताउँदै उहाँले नेपाली जनशक्ति विदेश पठाएर रेमिट्यान्सको भरमा देश सञ्चालन गर्ने सरकारको नीतिको विरोध गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुरका मूर्त र अमूर्त सम्पदा संरक्षण र लोपोन्मुख अवस्थामा रहेका सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले भक्तपुर नपाले विविध गतिविधिहरूलाई जोड दिँदै आइरहेको बताउनुभयो ।

भक्तपुरमा रहेका बहाबहीहरू आफैँमा एउटा अमूल्य सम्पत्तिको रूपमा रहेको चर्चा गर्दै उहाँले बौद्ध दर्शनमा भौतिकवादी दृष्टिकोण भएको उल्लेख गर्नुभयो ।

प्रमुख प्रजापतिले १२ औँदेखि १५ औँ शताब्दीसम्म भक्तपुरमा रहेका थुप्रै मल्लकालीन सम्पदाहरूको संरक्षण गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो ।

बहाबही चिनाउने उद्देश्यले आयोजना गरिएको सम्पदा पदयात्राले नेपालमा बौद्ध धर्म र दर्शनबारे खोजमूलक अध्ययन अनुसन्धानमा समेत टेवा पुग्ने उहाँले बताउनुभयो ।

बौद्ध दर्शनका अध्येता डा. पुष्परत्न शाक्यले भक्तपुर नपाको आयोजनामा भएको भक्तपुरका प्राचीन बहाबही अवलोकन कार्यक्रम बौद्ध दर्शन र संस्कृतिप्रति जागरण ल्याउने ऐतिहासिक कदम भएको बताउनुभयो ।

भक्तपुर नपाले जनतामाझ गरेका प्रतिबद्धताअनुसारको काम गरिरहेको उल्लेख गर्दै उहाँले संरक्षणको अभावमा रहेका बहाबहीको अस्तित्व हराउने अवस्था सिर्जना हुन नदिन गरेको यस किसिमको प्रयास सराहनीय भएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा भनपा ७ का वडाध्यक्ष उकेश कवां र भनपा ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले सम्पदा पदयात्रामा सहभागी बहाबहीका प्रतिनिधि र गुँला बाजा समूहका प्रतिनिधिहरू तथा सहयोगीलाई मायाको चिनो प्रदान गर्नुभयो । पदयात्राको प्रारम्भ टौमढीमा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले बोल्नुभएको थियो ।

सांस्कृतिक गतिविधि र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न नगरका ठाउँ ठाउँमा सांस्कृतिक प्रदर्शनी, खाद्य स्टल तथा मौलिक उत्पादनहरूको प्रदर्शनी तथा बिक्री केन्द्रहरू राखिएका थिए । ऱ्यालीमा हजारौँ सङ्ख्यामा नगरवासीहरूको उत्साहजनक सहभागिता थियो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको टौमढीमा पदयात्राको उद्घाटन गर्नुभएको थियो । यात्रामा जनप्रतिनिधि, कर्मचारी, शिक्षक, बहाबहीका प्रतिनिधिहरू, स्वयम्सेवक, सङ्घ संस्थाका प्रतिनिधि, खेलकुद समिति, गुँला बाजा समूह, डाफाभजन, स्काउट, विद्यार्थी, महिला, शिक्षक, व्यापारी, व्यवसायी, पत्रकार, लेखक नगरवासीहरूलगायतको सहभागिता थियो । टौमढीबाट सुरु भएको सम्पदा पदयात्रा गोल्मढीको यातामा पुगी सम्पन्न भएको थियो । सम्पदा पदयात्रा अखण्डशील महाविहार (बुलुचा), जेतवर्ण (तेखाचो), बौद्ध समंकृत (कुथुबही), जयकीर्ति (थथुबही), ज्येष्ठवर्ण (इताछेँ), लोकेश्वर (कुश्क), चतर्ब्रह्म (साकोथा), यालाछेँ बही (यालाछेँ), सुवर्ण (सुकुलढोका), मञ्जुवर्ण (बेखाल), प्रशन्नशील महाविहार (क्वाठण्डौ), दीपङ्कर (क्वाठण्डौ), कुलरत्न (क्वाठण्डौ), धर्मकीर्ति (क्वाठण्डौ), आदिपद्म (सूर्यमढी), खुसीबाहा (खोह्रे), मुनिबिहार (खँचा), इन्द्रवर्ण (इनाचो), झौरबही (गोल्मढी) हुँदै भनपा वडा नं. ७ यातामा पुगी कार्यक्रमको समापन भएको थियो ।

यात्रालाई सुरक्षित बनाऔं।

- सवारी चढ्दा र ओर्लदा अरुलाई नधकेलौं, लाइनमा बसेर चढ्ने र ओर्लने गरौं,
- सवारीसाधनबाट शरिरका अंग बाहिर ननिकालौं,
- चालकलाई तीव्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,
- मादक पदार्थ सेवन गरेका चालकलाई सवारीसाधन चलाउन नदिऔं।

सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं सकुशल गन्तव्यमा पुगौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**कम्युनिस्ट...**

निर्देशक डा. मजेशप्रताप मल्ल, मानव अधिकारवादी बाबुराम महर्जनलगायतले बोल्नुभएको थियो ।

आयोजक समितिका अध्यक्ष श्रीकृष्ण महर्जनको सभापतित्वमा भएको सो कार्यक्रममा सचिव नारायण महर्जनले सम्मेलनको महत्त्वबारे चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा अतिथि सुवालले सांस्कृतिक गुरुहरूलाई सम्मान गर्नुभएको थियो ।

साहित्य सम्मेलनमा कवितामा रमेशमान महर्जन प्रथम, सुवर्ण महर्जन द्वितीय, सूर्यलक्ष्मी महर्जन तृतीय र रामचन्द्र महर्जन सान्त्वनामा पर्नुभएको थियो ।

त्यस्तै कथामा रामेश्वर जलन सान्त्वनामा पर्नुभएको थियो ।

कार्यक्रम नेपालभाषा साहित्य त:मुज्या कीर्तिपुरको आयोजनामा नगाउँमा भएको थियो ।

साहित्य सम्मेलनपछि सांस्कृतिक कार्यक्रम भएको थियो ।

एकक्षण | क्रिश्चिना

## 'यथा राजा तथा प्रजा'

त्यो राजतन्त्रको बेलाको लोकतान्त्रिक 'प्रजातन्त्र' र 'गणतन्त्र' लागु भएको देशमा कसरी व्याख्या होला ?!

वर्तमान अवस्थामा संसद्मा सबभन्दा ठुलो दल नेपाली काङ्ग्रेस भएकै हुनाले देशमा भएका राम्रा र नराम्रा गुण र दोषको यश र अपजस नेपाली काङ्ग्रेसलाई नै जान्छ । एमालेले अर्को चुनाव होइन यथास्थितिमै नेपाली काङ्ग्रेसलाई खबरदारी गरेर लाटाको पाइला बाटामा ल्याउन दिनुपर्ने जिम्मा जनताले एमालेलाई दिएको हो । यसकारण, अर्को निर्वाचनलाई नपर्खी आन्दोलनकै भरमा सरकारलाई राजीनामा दिन बाध्य पार्नुपर्ने हो, नत्र केको प्रतिपक्ष ? त्यसो गर्न नसके 'भाइकाङ्ग्रेस' नै ठहर्छ ।

**देशको स्थिति**

देशको स्थिति जसरी सरकारलाई थाहा हुन्छ त्यस्तै प्रमुख प्रतिपक्षलाई पनि थाहा हुन्छ । त्यसैले उसलाई सम्भावित सरकार भनिन्छ - 'माल पाएर के गर्नु चाल पाए पो' भन्ने उखानअनुसार काम गर्न नजान्ने हो भने प्रमुख प्रतिपक्ष दल एमालेजस्तै अर्के कुनै २-४ जना सांसद भएको दललाई प्रमुख प्रतिपक्षको जिम्मा दिने चाँजो गरे पनि भयो । होइन भने जनताको समस्या सरकारले नगरे प्रमुख प्रतिपक्ष दलले नै गर्ने हो ।

'न्याय नपाएको भन्दै अदालतभित्र विष सेवन' शीर्षकले देशको न्यायपालिकाको स्थितिलाई उजागर गर्छ । *('नागरिक' - १३ पुस, २०८०)* यसको गम्भीरतालाई सरकारले बुझी लिएन भने प्रमुख प्रतिपक्षले लिनु आफ्नो कर्तव्य हो, झापा भाग्ने छुट एमाले अध्यक्ष र प्रमुख प्रतिपक्ष दललाई हुँदैन । आज एमालेले आफ्नो दलको बारे बोल्ने होइन जनताको भावना र समस्या बोल्नुपर्दछ, पार्टीको काम पार्टी सचिवले बोल्ने हो ।

'भूकम्प पीडितहरूले पाएनन् अस्थायी राहत' । *('नेपाल समाचारपत्र' - १३ पुस, २०८०)*

यो गुनासो अब एमालेको पोल्टामा छ । यसकारण, वर्तमान सरकार निकम्मा हुनाले प्रमुख प्रतिपक्षले दाबी गर्ने हो । चुप लाग्ने होइन ।

६ महिनामा एकचोटि खुल्ने पसल जस्तै संसद् चल्दा मात्रै चल्बलाउने राजनैतिक दल पञ्चायतको प्रतिपक्ष दलजस्तै हुनेछ । भन्ने गरिन्छ- 'आगोसँग, पानीसँग र राजासँग ठट्टा नगर्नू ।' राजासँग ठट्टा नगर्नुको अर्थ गणतन्त्रमा राजनीतिसित खेलाँची नगर्नु भन्ने अर्थ लाग्छ । जिम्मेवार पार्टीको नेता भएर जिम्मेवार भएर सोच्नु आवश्यक छ, हाँस-खेल गर्ने व्यक्ति राजनीतिमा होइन नाटक र प्रहसनमा काम लाग्छ । 'पार्टी कस्तो हुन्छ नेता जस्तो हुन्छ' र 'नेता कस्तो हुन्छ पार्टी जस्तै हुन्छ' ।

यही सन्दर्भमा कसैले एमाले कस्तो पार्टी हो भनी कुनै विदेशीले सोधे- एक नेपालीले भन्नेछन्- उसका नेता एमाले जस्तै छ । विदेशीले भन्नेछन्, हो त । पार्टी नेता कस्तो छ त भन्दा एक नेपालीले भन्नेछन् - बडो ख्याल ठट्टा गर्ने, हँसी मजाकी छन् । विदेशीले भन्नेछन् - युक्रेनको राष्ट्रपति पनि 'जोकर' हुन्, 'आफ्नो देशलाई कहाँ पुऱ्यायो' भनी विदेशी हिँड्नेछन् ।

**विवेकशून्य राज्य**

एकजना आप्रवासविद् भन्छन्; अहिले नेपाली समाज निराशाले ग्रसित छ । त्यसका तमाम कारणहरू छन् । प्रभाव पनि अनेक प्रकारका देखिन थालेका छन् । दैनिक १८ जनाले त आत्महत्या नै गर्छन् । निकै गम्भीर प्रकारको 'डिप्रेसन' को अवस्थाले मात्र त्यो परिस्थिति बन्छ; त्यो निराशाको उपज हो । निराशा बढ्नुको मुख्य कारण बेरोजगारी, आर्थिक मन्दी र कुशासन आदि हुन्, *('नागरिक दैनिक' - १५ पुस २०८०)* ।

राज्य भन्नाले सरकार, मन्त्रिमण्डल, संसद् र न्यायपालिका र प्रमुख प्रतिपक्ष दल पनि हुन् ।

लाहान (तराई) को समाचार छ; 'दाइजोका लागि पूजाको हत्या गरेको माइती पक्षको आरोप', *('नयाँ पत्रिका' - १० पुस, २०८०)* ।

दाइजोको समस्या, बोक्सीको समस्या, बालकको बलिबारे बरोबर तराईका जिल्ला र नगरको समाचार आउँछ । तर, तराईमा अनेक राजनीतिक दल भए पनि न सरकारी दल न प्रतिपक्ष दलले यसबारे जनताको चेतना उठाउने काम गरे, न त तराईवादी दलहरूले उठाए । यसको दोष सामाजिक सुधारमन्त्री र गृहमन्त्री व्यक्तिगतरूपले जिम्मेवार छन् ।

**माक्र्सवाद...**

विश्लेषण गर्नुभएको स्पष्ट पार्दै सचिव सुवालले मध्यम पुँजीपतिवर्ग क्रान्तिप्रति दऱ्हो अडान नराख्ने, धुलमुल हुने हुँदा उनीहरूलाई क्रान्तितर्फ तान्नुपर्ने माओ त्सेतुङको वर्ग विश्लेषण रहेको बताउनुभयो ।

"एक मजदुरको छोरा स्तालिन अक्टोबर समाजवादी क्रान्तिमा लेनिनको भरपर्दो साथी बन्नुभयो भने लेनिनको मृत्युपछि रुसको समाजवादलाई अगाडि बढाउनुभयो । स्तालिनको मृत्युपछि नेतृत्वमा आएका ख्रुश्चेभ, ब्रेझनेभ, गोर्वाचोभ, एल्सिन संशोधनवादी भएको हुँदा रुसमा पुँजीवादको पुन: स्थापना भयो र जनतालाई दु:ख भयो", उहाँले भन्नुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष गोविन्द दुवालले बहुमत जनताको सेवा गर्नु नै राजनीतिक दलको कर्तव्य हो भन्नुभयो ।

चिनियाँ नेता माओ त्सेतुङ्गले हुनान किसान आन्दोलनमार्फत चीनका जमिनदारहरूले गरिरहेको जालसाजी र आर्थिक शोषणको विरोधमा किसानलाई सचेत पार्ने काम गरेको बताउनुभयो ।

अध्यक्ष माओले साम्राज्यवादी देश जापानविरुद्ध देशका साना शत्रुहरूसँग मिलेर आन्दोलन गरेको चर्चा गर्दै उहाँले चिनियाँ जनताले गरेको आन्दोलनबाट सिकेरै नेपालको भूमिसुधार जनताको पक्षमा उपयोग गरेको, बाली काट्ने आन्दोलन, गुठी जग्गा रैतानीको निम्ति आन्दोलन गरेको बताउनुभयो ।

नेमकिपा नगर समिति भक्तपुरका अध्यक्ष नारायणबहादुर दुवालले पार्टीका हरेक कार्यकर्ता देश र जनताप्रति समर्पित भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

प्रधानमन्त्री दाहाल देशको विकास र जनताको सेवाभन्दा पद जोगाउनेतर्फ लागेको चर्चा गर्दै उहाँले देशको ऋणको भार २३ खर्ब पुगिसकेको छ भन्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका विष्णुराम दुमरुले माओवादी भन्ने पार्टीले माओ त्सेतुङ विचारधाराअनुसार काम नगरी उल्टो माओवादी विचारधाराको बदनाम हुने कार्य गरेको धारणा राख्नुभयो ।

आयोजक सङ्घका राम प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा कृष्णसागर बासीले माओको जीवनीबारे जानकारी दिनुभयो ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर, फोन नं. ६६१००२६, ६६१०९२१, फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३